वर्ष : १८, अंक : १०, काठमाडौं, २०७९ असार ३ गते शुक्रबार, 17 June 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेश प्रदेश : ४६ अर्ब ८८ करोड ०९ लाख ४८ हजारको ढुकुटी

# पूर्वाधारमा बढी बजेट, कृषिलाई उपेक्षा, पुराना कार्यक्रम निरन्तर




### कुन मन्त्रालयमा कति बजेट ?

भौतिक पूर्वाधार विकास १८ अर्ब ८ करोड ४५ लाख ६४ हजार
सामाजिक विकास ७ अर्ब ८० करोड ९६ लाख
उद्योग, पर्यटन तथा वन ४ अर्ब ८४ करोड ६४ लाख
भूमि व्यवस्था कृषि तथा सहकारी २ अर्ब ७४ करोड २५ लाख
खानेपानी तथा उर्जा विकास १ अर्ब ६८ करोड ८६ लाख
गृह तथा सञ्चार ६४ करोड ३३ लाख २० हजार
महिला, बालबालिका, युवा तथा खेलकुद ६१ करोड ९८ लाख
मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय १ अर्ब ७३ कोड ९३ लाख ९१ हजार
अर्थ २४ करोड ९० लाख ४५ हजार
कानून न्याय तथा प्रदेश सभा मामिला ५ करोड ३३ लाख २८ हजार
बाणिज्य आपूर्ती तथा विज्ञान प्रविधि २ करोड ६० लाख १४ हजार

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेश प्रदेश सरकारले ४६ अर्ब ८८ करोड ०९ लाख ४८ हजार रूपयाँको बजेट सार्वजनिक गरेको छ । प्रदेश सरकारका प्रवक्ता समेत रहेका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले आर्थिक वर्ष २०७९-८० को आर्थिक विनियोजन विधेयक (बजेट) प्रदेश सभाको बैठकमा प्रस्तुत गरेका हुन ।

बजेटका प्राथमिकतामा कृषि क्षेत्रको विकास, उद्योग प्रवर्द्धन, भौतिक पूर्वाधार निर्माण, सामाजिक क्षेत्र (मानवीय विकास), पर्यटन क्षेत्र, सामाजिक सुरक्षा, सेवा प्रवाह र सुशासन राखिएको छ ।

बजेटमा चालुतर्फ २१ अर्ब ७६ करोड ६७ लाख ९५ हजार अर्थात् कूल बजेटको ४६.४४ प्रतिशत र विकासतर्फ २५ अर्ब ८२ करोड २० लाख ८० हजार अर्थात् ५३.२१ प्रतिशत रहेको छ । वित्तीय व्यवस्थापनतर्फ १६ करोड २४ लाख ५६ हजार २ सय अर्थात् ०.३५ प्रतिशत रहेको छ ।

बजेटमध्ये आन्तरिक राजश्वबाट ४ अर्ब १८ करोड ९३ लाख ७५ हजार, नेपाल सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने ११ अर्ब ६१ करोड ९८ लाख, नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदानबाट ७ अर्ब ८१ करोड ५८ लाख ६६ हजार, गत आर्थिक वर्षको बचतबाट ९ अर्ब ६६ करोड, विशेष अनुदानबाट ४९ करोड, समपूरक अनुदानबाट ७८ करोड, नेपाल सरकारको सशर्त विशेष अनुदानबाट १० अर्ब ६ करोड ९१ लाख र युनिसेफबाट प्राप्त हुने अनुदानबाट ४ करोड ३२ लाख ४७ हजार गरेर ४५ अर्ब ९९ करोड २८ लाख बेहोर्ने गरी श्रोत सुनिश्चित भएको अर्थमन्त्री साहले बताए ।

कूल बजेटमध्ये श्रोत सुनिश्चित नभएको अर्थात् बजेट न्यून भएको १ अर्ब ८२ करोड १० लाख १८ हजार २ सय आन्तरिक ऋणबाट बेहोर्ने पनि प्रदेश सरकारको अर्थमन्त्री शैलेन्द्र साहले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

प्रदेश सरकारले पेश गरेको बजेटमध्ये सबैभन्दा बढी बजेट प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि विनियोजन गरिएको छ । सो मन्त्रालय अन्तर्गतको सडक, पुल, आवास निर्माण, शौचालय, आधुनिक शहर निर्माण सहितको कार्यक्रमहरूका लागि १८ अर्ब ८ करोड ४५ लाख ५४ हजार बजेट विनियोजन गरिएको छ । दोस्रो सबैभन्दा बढी बजेट विनियोजन भएको मन्त्रालयमा सामाजिक विकास मन्त्रालय रहेको छ । सो मन्त्रालयको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा सहितको कामकाजका लागि ७ अर्ब ८० करोड ९६ लाख बजेट विनियोजन भएको छ । तेस्रो ठूलो बजेट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण, वन व्यवस्थापन, उद्योगको विकास तथा अन्य पूर्वाधारको निर्माणका लागि ४ अर्ब ८४ करोड ६४ लाख विनियोजन गरिएको बजेटमा उल्लेख छ ।

**कृषिलाई उपेक्षा**

मधेश प्रदेशमा कृषिको पर्याप्त सम्भावना भए पनि प्रदेश सरकारको बजेटमा उच्च प्राथमिकतामा परेको छैन । कृषि क्षेत्रको आधुनिकीकरण तथा समग्र विकासका लागि २ अर्ब ७४ करोड २५ लाख बजेट मात्र विनियोजन भएको छ । कृषि क्षेत्रको उत्पादन बढ्न नसकेको र खाद्यान्नको आयात गर्नु परिरहेको अवस्थामा प्रदेश सरकारको प्राथमिकतामा कृषि क्षेत्र नपर्नु चिन्ताको विषय भएको कृषि क्षेत्रका विज्ञहरूले प्रतिक्रिया दिएका छन् ।

बजेटमा आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको विकासका लागि प्रादेशिक कृषि गुरू योजना तयार पार्न ५० लाख र यस क्षेत्रलाई व्यावसायीकरण, यान्त्रिकीकरण गर्न १७ करोड ८२ लाख रूपैयाँ छुट्ट्याइएको मन्त्री साहले जानकारी दिए । यस्तै, पशु बीमा र कृषि सडकको निर्माण गर्न २८ करोड २० लाख बजेट विनियोजन गरिएको छ । कृषि ज्ञान केन्द्रलाई ७ करोड २८ लाख बजेट छुट्ट्याइएको छ ।

यस्तै, प्रदेशमा मुख्यमन्त्री किसान उत्थान कार्यक्रमका लागि १५ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । किसान उत्थान कार्यक्रमअन्तर्गत साना किसानहरूका लागि १५ करोड विनियोजन गरिएको छ ।

**पुराना कार्यक्रम यथावत्**

प्रस्तुत गरिएको बजेटमा अधिकांश पुराना कार्यक्रमलाई नै निरन्तरता दिइएको छ ।

प्रदेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानलाई निरन्तरता दिएको छ । अभियान अन्तर्गत साइकल वितरणलाई निरन्तरता दिएको छ । यसमा सम्बन्धित विद्यालयको सिफारिसमा विद्यार्थीको खातामा रकम पठाउने व्यवस्था गरिएको छ । यसअघि मुख्यमन्त्री कार्यालयले आफैं साइकल वितरण गर्दै आएको थियो । साइकल वितरणमा अनियमितता भएको र अख्तियारले समेत छानबिन गरिरहेको अवस्थामा अब सम्बन्धित विद्यार्थीको खातामा रकम पठाउने व्यवस्था गरिएको छ ।

कक्षा १२ मा अध्ययनरत छात्राका लागि ल्यापटप वितरण योजना ल्याइएको छ । अभियानका लागि ७७ करोड ४० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

बजेटमा जनकपुरधाम र वीरगञ्जको विकासका लागि छुट्टै जनकपुरधाम र वीरगञ्ज विकास प्राधिकरण बनाइने भएका छन् । यसका लागि ३० करोड विनियोजन गरिएको छ ।

विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहनका लागि अलगै करको दररेटको व्यवस्था गरिने भएको छ । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमका लागि एक अर्ब २६ करोड विनियोजन गरिएको छ । प्रदेश सभा निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि दुई अर्ब छुट्याइएको छ। त्यस्तै, जनता आवास कार्यक्रमलाई निरन्तरता दिन २८ करोड विनियोजन गरिएको छ । नदीजन्य प्रकोप रोकथाम कार्यक्रमलाई निरन्तरता दिइएको छ भने विपद् जोखिम न्यूनीकरणका लागि सात करोड बजेट विनियोजन गरिएको छ।

बजेटमा पर्सादेखि सप्तरीसम्म मधेश राजमार्गको सम्भाव्यता, सवारी साधन चालक अनुमतिपत्र मधेशमै छपाउनेदेखि चालू आर्थिक वर्षमा चारपाङ्गे गाडी खरीद नगरिने प्रतिबद्धता गरिएको छ ।

प्रशासनिक भवन निर्माणको प्रक्रिया अगाडि बढाउन पाँच करोड, सुरक्षित बेटी अभियानका लागि एक करोड ५५ लाख र गृह तथा सञ्चार

बाँकी अन्तिम पृष्ठमा

## 'चुनाव केन्द्रित बजेट'

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि ल्याएको बजेट चुनाव केन्द्रित र कार्यकर्तामुखी बजेट रहेको प्रतिपक्षी दलहरूले आरोप लगाएका छन् । बजेट बारे प्रतिक्रिया दिँदै प्रमुख प्रतिपक्षी दलका नेता जितेन्द्र सोनलले प्रदेश सरकारले ल्याएको बजेट मतदातालाई रिझाउन चुनाव केन्द्रित र कार्यकर्तामुखी रहेको बताए । उनले भने, 'चुनावलाई केन्द्रित गरेर बजेटमा कार्यक्रमहरू राखिएको छ, अत्यावश्यक कार्यक्रमभन्दा पनि कार्यकर्ताबाट कमिसन आउने खुद्रे योजनामा बढी केन्द्रित छ, आर्थिक बोझ कम गर्नुको सट्टा खर्च बढाइएको बजेट कार्यान्वयन हुने अवस्था छैन ।' त्यस्तै लोसपाका प्रमुख सचेतक परमेश्वर साहले सो बजेटलाई परम्परावादी र यथास्थितीवादीको संज्ञा दिएका छन् । बजेट बारे टिप्पणी गर्दै उनले पनि आगामी निर्वाचनलाई प्रभावित गर्नेगरी खुद्रे कार्यक्रमहरूलाई प्राथमिकता दिइएको बताए । बजेट पूर्णतया अनुत्तरदायी र हावादारी रहेको टिप्पणी गर्दै उनले खुद्रे योजनाहरू कार्यकर्तामुखी हुन भने दीर्घकालीन योजनाहरू पुरा हुने अवस्थाको नरहेको कारण त्यो हावादारी भएको बताए । त्यस्तै अर्का प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका नेता सत्यनारायण मण्डलले पनि यो बजेटलाई चुनाव केन्द्रित र कार्यकर्तामुखी रहेको टिप्पणी गरे । मण्डलले बजेट चुनाव केन्द्रित भएको कारण कार्यान्वयनमा आशंका व्यक्त गरे । उनले भने, ञअनुमानित श्रोतभन्दा बढी बजेट ल्याएको छ, तर त्यो कतिको श्रोत जुटाएर कार्यान्वयनमा ल्याउन सकिन्छ भन्ने आधार देखिदैंन ।

## तमलोपाद्वारा प्रदर्शन

जनकपुरधाम । तराई मधेश लोकतान्त्रिक पार्टी तमलोपाले संघीय संसदबाट तत्काल नागरिकता विधेयक पास गर्न दबाब दिएको छ । तमलोपाले सोमबार जनकपुरधामका विरोध प्रदर्शन गर्दै नागरिकता विधेयक पास गर्न दबाब दिएको हो । दिउँसो जनकचोकबाट निस्किएको विरोध र्‍याली नगरका विभिन्न स्थानको परिक्रममा गर्दै पुनः जनकचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभामा तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले नागरिकता विधेयक पारित नगर्ने संघीय संसदको विरोधमा आफूहरूले प्रदर्शन गरेको बताए । उनले संघीय सांसदहरूकै कारण नागरिकता विधेयक लामो समयसम्म पनि पारित हुन नसकेको आरोप लगाए । विधेयक पारित नगरी संघीय संसदले सार्वभौम जनताको अधिकार कुण्ठित गर्ने कार्य गरेकोसमेत उनको आरोप छ ।

## जनमतले तोक्यो इन्चार्ज र पर्यवेक्षक



जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले जिल्ला इन्चार्ज र निर्वाचन क्षेत्रका लागि केन्द्रीय पर्यवेक्षक तोकेको छ । गत साता सम्पन्न केन्द्रीय कार्यकारिणी समितिको बैठकले जिल्ला इन्चार्ज र निर्वाचन क्षेत्रका लागि केन्द्रीय पर्यवेक्षक तोकेको हो । यसअघिको जिल्ला पदाधिकारीको कार्यकाल जेठ ३१ गते पूरा भएकोले आगामी जिल्ला पदाधिकारीहरूको चयन नभएसम्मका लागि जिल्ला इन्चार्ज तोकिएको अध्यक्ष डा.राउतले जनाएका छन् ।

डा.राउतका अनुसार आगामी ६-१२ महिनाको सक्रियता, वफादारिता तथा गतिविधिको मूल्याङ्कन गरेर मात्रै जिल्ला पदाधिकारीहरूको मनोनयन वा अधिवेशन मार्फत् चयन गरिनेछ । सो गर्दा ईन्चार्ज/पर्यवेक्षकलाई असहयोग गरेका, पार्टीप्रति अन्तर्घात गरेका र अझै सुधार नदेखाएका तथा कालो सूचीमा रहेका नेता कार्यकर्ताहरूलाई अवसर दिइने छैन । यसैगरी, बैठकले जनमत पार्टीका मोर्चा तथा भातृ संगठनका केन्द्रीय समितिहरूको पुनर्गठन केन्द्रीय कार्यकारिणी समितिले यथाशीघ्र गर्ने निर्णय गरेको हो । प्रतिनिधिसभा निर्वाचन क्षेत्रका लागि केन्द्रीय पर्यवेक्षक तोकिएको छ । केन्द्रीय पर्यवेक्षक नतोकेका निर्वाचन क्षेत्रहरूमा जिल्ला इन्चार्जहरू स्वयंले सो कार्यभार सम्पादन गर्नेछन् वा उपयुक्त पर्यवेक्षकको लागि सिफारिश गर्ने डा.राउतले जनाएका छन् ।

जिल्ला इन्चार्ज र निर्वाचन क्षेत्रमा खटाइएका केन्द्रीय पर्यवेक्षकहरूले पूर्णकालीन् रूपमा ( 'फुलटाइमर' भएर) समय दिनु पर्नेछ र केन्द्रीय सचिवालयबाट प्राप्त निर्णयहरूलाई स्थानीय समितिहरूसँग समन्वय गरेर कार्यान्वयन गर्नु पर्नेछ । जिल्ला इन्चार्ज र पर्यवेक्षकहरू निष्क्रिय देखिएमा केन्द्रीय कार्यकारिणी समितिले जुनसुकै बेला पनि उनीहरूलाई परिवर्तन गर्न सक्ने सो बैठकले निर्णय गरेको छ । जिल्ला इन्चार्ज र पर्यवेक्षकहरूले दैनिक रूपमा केन्द्रीय सचिवालयसँग सम्पर्कमा बस्नु पर्ने र आवश्यक कागजात आदानप्रदान गर्नु पर्नेछ । पार्टी प्रवेश कार्यक्रमहरू तथा श्रव्यदृश्य सहितका जनचेतना (डकूमेन्टरी/विडियो देखाउने) कार्यक्रमहरू अविलम्ब गाउँ-गाउँमा संचालन गर्नका लागि सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई अध्यक्ष डा.राउतले अनुरोध गरेका छन् ।

## यादव र भट्टराई अलग-अलग बाटोमा : जसपालाई फुटबाट जोगाउन कसको के सूत्र ?

काठमाडौं । पछिल्ला दिनमा सरकारमा रहेका मन्त्रीहरूको हेरफेर गर्ने विषयमा एकमत नभएको सत्तारूढ गठबन्धनभित्रका पार्टीहरूमा पनि विभाजनको संकेत देखिन थालेको छ ।

पछिल्ला केही महिना यता सत्तारूढ जनता समाजवादी पार्टी (जसपा)मा यो विवाद अब उत्कर्षमा पुगेको छ । यो पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरू नफेरिने हो भने पार्टी नै विभाजन हुने सम्भावना बढेको छ ।

तर, नेकपा एकीकृत समाजवादीले समेत फिर्ता बोलाइसकेका मन्त्रीहरू फिर्ता आएका छैनन्, नयाँ मन्त्रीहरूको सपथ हुन सकेको छैन । यस्तो अवस्थामा नयाँ तत्काल जसपाका मन्त्रीहरू पनि हेरफेर हुने सम्भावना छैन । यही कारण जसपामा पनि मन्त्रीहरू फेरिने सम्भावना कम छ ।

जसपा अध्यक्ष उपेन्द्र यादवले पनि पछिल्ला दिन मन्त्रीहरू नफेर्ने र चुनावसम्म गठबन्धनमा रहेर यही मन्त्रीहरूलाई निरन्तरता दिने संकेत गरेका छन् । उनले गत हप्ता जनकपुरमा मधेशमा एक शक्ति बन्नका लागि लोकतान्त्रिक समाजवादी पार्टीसँग फेरि एकता हुनसक्ने समेत अभिव्यक्ति दिएका थिए ।





पहिले ६ महिनामा मन्त्रीहरू फेर्ने बताएर अहिले बेवास्ता गरेको आरोप उनीमाथि पार्टीभित्रका असन्तुष्ट पक्षले लगाउन थालेका छन् । यतिमात्र होइन, उनलाई लोसपासँग नजिकिन थालेको आरोप पनि लाग्न थालेको छ । उनीसँग असन्तुष्ट पक्षले उनले पार्टीमा पेलेर जान थालेको आरोप लगाउन थालेका छन् ।

उनले पेलेर अगाडि बढेकाले पनि पार्टीमा फुट हुने निश्चितजस्तै भएको जसपाका एक नेताको भनाइ छ । अहिले जसपामा १९ जना सांसद छन् । नयाँ दल बनाउन चाहने समूहसँग कम्तिमा पनि ६ सांसद चाहिन्छ ।

**यादव- भट्टराई दूरी**

पछिल्लो समय उपेन्द्र यादव र बाबुराम भट्टराईबीच दूरी बढेकाले पनि जसपा फुट्न सक्ने अनुमान धेरैले गरेका हुन् । लोसपासँग लचक देखिन थालेका यादवलाई छाडेर भट्टराईले नयाँ दल दर्ता गर्न सक्ने अनुमान त्यसैले जसपामा पनि गरिएको छ । भट्टराईले नयाँ दल दर्ता गरेर नयाँ अभियानका साथ अगाडि बढ्न सक्ने सम्भावना पनि बढेको ।

**यादव विकल्पको खोजीमा**

जानकारहरूका अनुसार यादव गठबन्धनको भरपर्दो विकल्पको खोजीमा छन् । उनी जसपासँगै एक भएर पुनः विभाजित भएको लोसपा र नेकपा एमालेसँग मिलेर संघीय र प्रादेशिक निर्वाचनमा गठबन्धन गर्ने प्रयासमा छन् । अनि गठबन्धनको विकल्प खोज्नुपर्छ भन्दै विचार निर्माण गरिरहेका भट्टराई चाँहि पार्टीमा समानान्तर नेतृत्व र बराबर हैसियतको खोजीमा छन् । यदि त्यसो हुन नसके यादवसँगै रहने सम्भावना कमजोर देखिएको कतिपय जसपा नेताहरूको बुझाई छ । भट्टराईले पार्टीमा यादवसमान हैसियत र निर्णय प्रक्रियामा समान सहभागिता खोजेको पाँच महिना बितिसकेको छ ।

तर, उपेन्द्रले पार्टीमा दबाब परेपछि निर्णय गर्ने कार्यान्वयन नगर्ने रणनीति अख्तियार गर्दा पार्टीभित्रको विवाद भुसको आगोझैं सल्किएको छ । जसपाको विवाद र यसबाट आएको चर्चालाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले थप आधार निर्माण गरिदिएका छन् । दाहालले पार्टीको आन्तरिक प्रशिक्षणका क्रममा सत्ता

बाँकी अन्तिम पृष्ठमा

## मुख्यमन्त्रीको आग्रहमा २२ दिनदेखि प्रदर्शन स्थगित

बारा । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल कुनै पनि हालतमा बन्नुपर्ने र पूर्णपाठ नआएसम्म जारी चक्काजाम र प्रदर्शन स्थगित गर्ने आग्रह गरेपछि बिहीबारबाट बाराको निजगढमा हुँदै आएको चक्काजाम र प्रदर्शन स्थगित भएको छ । निजगढ सार्वजनिक सरोकार समिति र युवा तथा विद्यार्थी सरोकार समितिले विमानस्थल निर्माणको निम्ती निजगढमा बिहीबार आयोजित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल मुख्यमन्त्रीसँग साक्षत्कार कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले अहिले बाहिर आएको समाचार जस्तो नभएर पूर्णपाठ आउने क्रममा विमानस्थल निर्माण गर्नेगरी सर्वोच्च अदालतको फैसला आउने विश्वास पनि व्यक्त गरे । 'निजगढको विकल्प छैन, मुख्यमन्त्री राउतले भने, 'पूर्णपाठमा अदालतबाट प्रतिकुल फैसला आएमा मेरो नेतृत्वमा पुनः मधेश प्रदेशमा नै आन्दोलन, चक्काजाम र प्रदर्शन गरौंला ।' मुख्यमन्त्री राउतले मुलुकको राष्ट्रिय गौरवको योजना भएकोले निजगढ विमानस्थल कुनै पनि हालतमा बन्नु पर्नेमा जोड दिए । मुख्यमन्त्री राउतले मुलक र मधेश प्रदेशको सर्वाङ्गिण विकासको लागि विमानस्थल निर्माण आवश्यक भएकोले यसको निर्माणको लागि आफ्नो तर्फबाट सबै किसिमको सहयोग रहने बताए । हाम्रो देशमा पर्यटन, यातायात, र कार्गोसेवा समेतको कारोवार गर्ने गरी पूर्णक्षमताको अन्तर्राष्ट्रिय विमानस्थलको अत्यन्तै आवश्यकता रहेको उल्लेख गर्दै ज्ञापनपत्रमा देशको आवश्यकतालाई दृष्टिगत गरी सरकारले काठमाण्डौं-तराईमधेस (फास्टट्र्याक), विशेष आर्थिक क्षेत्र (सिमरा) र ड्राईपोर्ट (वीरगन्ज)सँग अन्तर्सम्वन्धित हुने गरी बारा जिल्लामा अन्तर्राष्ट्रिय विमानस्थल निमार्ण गर्ने परियोजना अघि बढाएको बताइएको छ । मुख्यमन्त्री राउतको अश्वासनपछि सरोकार समितिका संयोजक एकबहादुर श्रेष्ठले हाललाई सडकमा हुँदै आएको चक्काजाम र प्रदर्शन स्थगित गरेको बताए । उनले २२ दिनदेखि हुँदै आएको राजमार्गको धर्ना र चक्काजाम स्थगित भएको छ भने रिले अनशन भने जारी रहेको संयोजक श्रेष्ठले बताए । विमानस्थल निर्माण नगर्ने भनेर सर्वोच्च अदालतले गरेको निर्णयपछि सरोकार समितिले १२ जेठदेखि निजगढ नगरपालिकास्थित राजमार्गको शहीद चोकमा धर्ना र चक्काजाम गर्दै आएको थियो ।

## महोत्तरीमा बोक्सीको आरोपमा दुई महिलामाथि कुटपिट

महोत्तरी । महोत्तरीमा बोक्सीको आरोपमा दुई वृद्धा महिलामाथि निर्घात कुटपिट भएको छ ।

जलेश्वर नगरपालिका-६ धवौलीका कालीदेवी महतो र दुलरिया महतोलाई बोक्सीको आरोप लगाउँदै छिमेकीले निर्घात कुटपिट गरेको पीडित पक्षले बताएको छ ।

छिमेकी भुलन रामचमारले आफ्नी बुहारीलाई टुनामुना लगाएर बिरामी बनाएको भन्दै उनीहरूलाई कुटपिट गरिएको बताइएको छ ।

कुटपिटका क्रममा दुवै जनाको मुख, घाँटी र ढाडमा चोट लागेको छ । अहिले कालीदेवीको जानकी हेल्थ केयर जनकपुरमा उपचार भइइरहेको छ ।

के भएको थियो ?

२६ जेठमा भुलन रामचमारको घरमा विवाहको रौनक थियो । भुलनको घरमा जमघट र रमाइलो चलिरहेका बेला उनकी बुहारी सोमारीदेवी एक्कासी बिरामी भइन ।

सोही समयमा सोमारीदेवी देवता चढेको





भन्दै बक्न थालिन् । सोमारीदेवीले कालीदेवी बोक्सी लागेको र उनलाई घरमा ल्याउन निर्देशन दिइन् ।

त्यसपछि तुरून्तै सोमारीदेवीका कान्छा ससुरा भुलन रामचमार कालीदेवीका घरमा पुगे र उनलाई लिएर आफ्नो घरमा आए ।

झुक्याएर घरमा ल्याएका कालीदेवीलाई आगनमा पुर्‍याएपछि बुहारीमाथि बोक्सी लगाएको भन्दै कपडा समेत खोलेर नाङ्गेझार बनाई निर्घात कुटपिट गरिएको दाबी छ ।

कालीदेवीको नाम लिइरहेकी सोमारीले दुलरिया देवीलाई पनि तुरून्त ल्याउन निर्देशन दिइन् ।

भुलनसहित उनका परिवार दुलहरियालाई खोज्दै जाँदा खेतमा फेला पारे । पीडित पक्षका दुलरियाको चुल्ठोमा समातेर लडाइयो र कपडा खोलेर नजिकै रहेको पोखरीमा डुबाइयो ।

अहिले दुलरिया देवीको गाउँमा नै घरेलु उपचार भइरहेको छ ।

५२ र ५३ वर्षीया दुवै महिलालाई मलमुत्र खुवाउने प्रयाससमेत भएको पीडित पक्षको भनाइ छ ।

प्रहरी के गर्दै छ ?

पीडित कालीदेववीका छोरा अमित महतो र दुलहरीदेवीका नाती रामजीवनले प्रहरीमा किटानी जाहेरी दिएका छन् ।

२७ जेठमा नै प्रहरीले कुटपिट गरी ज्यान मार्ने उद्योगमा उजुरी दर्ता गरिसकेको छ । घटनामा संलग्न भएको आरोप लागेका रामभुलन र सोमारीदेवीलाई प्रहरीले पक्राउ गरिसकेको छ । घटनामा संलग्न अन्य फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

पक्राउ परेकालाई म्याद थप्ने प्रक्रिया अगाडि बढाएर अनुसन्धान भइरहेको छ ।

## सम्पादकीय

# वितरणमुखी मधेशको बजेट

मधेश प्रदेश सरकारले बुधबार प्रदेशसभामा आर्थिक वर्ष २०७९/८० का लागि ४६ अर्ब ८८ करोड ९ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ। प्रदेशसभामा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले प्रस्तुत गरेको बजेटमा चालुतर्फ २१ अर्ब ७६ करोड ६७ लाख अर्थात ४६.४४ प्रतिशत र पुँजीगततर्फ २५ अर्ब ८२ करोड २० लाख ८० हजार अर्थात् ५३.२१ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ १६ करोड २४ लाख ५६ हजार रूपैयाँ अर्थात् ०.३५ प्रतिशत बजेट विनियोजन गरेको छ।

बजेटमा प्रदेश सरकारको बेटी पढाउ, बेटी बचाउ अभियानलाई निरन्तरता दिइएको छ भने कक्षा १२ मा अध्ययनरत छात्रालाई कम्प्युटर एवं ल्यापटप वितरण गरिनेछ। यस्तै प्रदेश सरकारले बिरामीलाई १ लाख अनुदान दिने बजेटमा व्यवस्था गरेको छ।

सामाजिक रूपान्तरण तथा लैंगिक सशक्तीकरणका लागि सञ्चालित मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियानअन्तर्गत छोरी बिमा, छात्रवृत्ति, लोकसेवा तयारी कक्षा, साइकल वितरणलगायत छोरीमाथि समाजमा रहेको विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमलाई निरन्तरता बजेटमा दिइएको छ।

प्रदेश सरकारले नयाँभन्दा पुराना कार्यक्रमलाई नै निरन्तरता दिएको छ। प्रदेश सरकारले पनि संघीय सरकारले जस्तै चुनावलक्षित वितरणमुखी र लोकरिझ्याइँका कार्यक्रमलाई प्राथमिकता दिएको छ। आफ्नो खर्च र स्रोत क्षमता भुलेर चालु आर्थिक वर्षको

> प्रदेशको बजेट वितरणमुखी भएको हुनाले यसको कार्यान्वयन जटिल छ। पहिलो कुरा बजेटले संघीय बजेटलाई पछ्याउन खोजेको छ। कर्णालीबाहेक सबै प्रदेशका बजेट समग्रमा आकार ठूलो आकारका छन्।

तुलनामा आगामी वर्षका लागि ल्याएको ठूलो बजेट हो। बजेटका लागि संघीय सरकारबाट जाने अनुदान, राजस्व र रोयल्टी बाँडफाँटको रकममा निर्भर रहनुपर्ने देखिएको छ।

सांसदहरूले तजबिजीमा खर्च गर्न हुने 'प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम' लाई मधेश प्रदेश सरकारले निरन्तरता दिएको छ। ६४ वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको मधेश प्रदेशले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि २ अर्ब ३५ करोड छुट्याएको छ।

आगामी आर्थिक वर्षका लागि बुधबार प्रस्तुत सातै प्रदेशहरूको बजेट मध्ये मधेश प्रदेशले सबैभन्दा उच्चदरमा बजेटको आकार बढाएर ल्याएको छ। मधेशले चालू आवको भन्दा २८.१३ प्रतिशत ठूलो बजेट ल्याएको हो। कर्णाली प्रदेशले भने बजेटको आकार घटाएको छ।

प्रदेशले ऋण उठाउने घोषणा सिन गरेको छ। मधेश सरकारले ऋण उठाउने लक्ष्य राखेका हुन्। मधेश प्रदेशले एक अर्ब ८२ करोड १० लाख १८ हजार रूपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य लिएको छ।

प्रदेशको बजेट वितरणमुखी भएको हुनाले यसको कार्यान्वयन जटिल छ। पहिलो कुरा बजेटले संघीय बजेटलाई पछ्याउन खोजेको छ। कर्णालीबाहेक सबै प्रदेशका बजेट समग्रमा आकार ठूलो आकारका छन्। कृषि, गरिबी न्यूनीकरण, स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिनु राम्रो हो तर विगतको बजेटमा पनि यी शीर्षकहरूमा बजेट वितरण गरिँदा यसको समग्र सदुपयोग नभएको देखिन्छ। तर प्रदेश सरकारको आन्तरिक स्रोत पहिचान र खर्च गर्ने संस्थागत क्षमता कति छ भन्ने प्रश्न सोचनीय छ। कनिका जसरी बजेट छर्दाखेरि कार्यान्वयन नहुने अवस्था आएको छ। ७० प्रतिशतभन्दा न्यून खर्च भइरहेको अवस्थामा आएको वितरणमुखी बजेटले मुद्रास्फिति बढाउने, अनुत्पादक क्षेत्रको खर्च बढाउने सम्भावना हुन्छ। तर प्रदेशको सबै बजेट संघीय सरकारमै निर्भर छ। आन्तरिक स्रोत खोज्ने कानुन बनेको छैन। कानुन नबन्दा कृषि ज्ञान केन्द्रलाई कृषि कर उठाउने जिम्मा दिनु परेको छ। नीतिगत रूपमा अमिल्दा कुरा मात्र होइन, स्थायी खालको संरचना पनि तयार भएका छैनन्।

# स्थानीय चुनावपछिको विचार र व्यवहार

**विचार - विश्लेषण** भाग-१३८



उपेन्द्र झा

> पार्टी विभाजनका श्राप पाएका विचरा उपेन्द्र यादव पुनश्च यो पीडा भोग्ने हो कि ? चुनाव जित्ने, पद पाउने र भ्रष्टाचार गर्ने पार्टी राजनीति यसैमा केन्द्रित रहेकोले यसभन्दा माथि उठेर मधेशलाई हेर्न आवश्यक छ। मधेश राज्यसत्ताको चँगुलमा कुन अवस्थामा पुगेको छ र यसलाई कसरी निकालेर ट्र्याकमा ल्याउने भन्ने प्रश्न नेताज्यूहरूका लदागि महत्वहीन लागेपनि यथार्थ भने यही हो।

भोकाएको पेटले गर्दन झुक्न दिन्छ, अघाएकोले गर्दन झुकाउँदैन। मधेशमा नाम चलेका दुई पार्टी जसपा र लोसपाको सन्दर्भमा उपरोक्त उक्ति आएको हो। कुनै बेला राज्यलाई चुनौती दिन उदाएका, केंचुवा फेर्दै डेढ दशकदेखि मधेशको राजनीति गर्दै आएका जसपा र लोसपाको चर्चा आवश्यक मात्र होईन अनिवार्य पनि हो। मधेश मुद्दाको चर्चासंगै यी दुई पार्टीको नाम नलिनु अन्याय नै हुन्छ। आन्दोलन पश्चात् राज्य सुविधा भोग गर्न पुगेका वीर क्रान्तिकारी नेताहरू हक, अधिकार माँग गर्ने आन्दोलनका रणनीति नै फेरे। क्रान्तिकारी विचार त बदले नै, आफ्नो चरित्रलाई समेत बदले।

राजनीति दावपेंचको केन्द्रविन्दु रहेको राज्यसत्तामा पुगेपछि जालझेलको राजनीतिमा महारथ हासिल गरेका मधेशका नेताहरू मधेश आन्दोलनको भिन्न भिन्न परिभाषा दिएर उसको मूल स्वरूपलाई नै परिवर्तन गरि दिएका छन्। संघर्षको कंटकाकीर्ण बाटोबाट नहिंड्ने सबैले शपथ खाएको दिनदेखि राज्यले जस्तो सुकै अन्याय गर्दापनि विरोधपत्र (प्रेस विज्ञप्ति)बाहेक विरोधका अरू कुनै गतिविधी देखिदैन। राज्यसत्तामा शासकहरूको समकक्षी मित्रको भूमिकामा पुगेका मधेशका नेताज्यूहरू भोली काम लाग्ने भनेर नरम विरोधको बाटो अख्तियार गर्नु एक किसिमको आत्म समर्पण नै हो। राजनीतिमा मित्र र दुश्मन कोही हुँदैन भन्ने कुरा राज्यसत्ताले सिकाएपछि सिंहदरवार र मधेशबीचको अब कुनै अन्तर्विरोध रहेन भन्ने कुरा सार्वजनिक रूपमा नभनेपनि विचारमा भने गहिरो रूपमा बसी सकेको छ। राजनीतिक व्यवहारमा परिवर्तन आउनु यसको ठूलो प्रमाण हो।

चुनाव जित्ने, साँसद बन्ने र भ्रष्टाचार गर्ने, शासकवर्गको जालझेलको त्रिकोणात्मक परिधीमा मधेशका नेताहरू पनि आएर सोही अनुसारको चरित्र बनाएकोले परिधीबाहिरको संसारलाई यिनले देख्न सक्दैनन्। राज्यसत्ताको रणनीति, मधेश आन्दोलनको दिशा, मधेशको राजनीतिक दलहरूप्रति मतदाताको आकर्षण, अर्थात् मधेशको अवस्थाबारे अनभिज्ञ रहेका नेताज्यूहरूका लागि चासोको विषय रहेन। वैचारिक अडान, सैद्धान्तिक धरातलबाट विचलित भएका नेताज्यूप्रति मधेशका मतदाताहरू के सोच्छन् यसप्रति कहिल्यै कुनै चासो नराखेकाले अहिले स्थानीय चुनावमा खुम्चिनु परेको हो। मतदाताले विश्वास गर्न छोडेपछि आफ्नै धरातल हल्लिएको कुरा पूर्व जानकारीमा थिएन। सीट कम आएको बेला मात्र मधेशतिर हेर्ने नेताज्यू अहिले विनित भावमा दुबै पार्टी मिलेर जाने प्रस्ताव अगाडि सारेका छन्।

मधेश आन्दोलन पश्चात् मधेशलाई चुनौतीको रूपमा लिएर रणनीति बनाएको राज्यसत्ताले संघीय बनावटमा मधेशलाई ६ टुक्रामा विभाजन गर्दा यसको प्रतिरक्षात्मक रणनीति केही आएन। संविधान घोषणा भएको साल असोज ३ गते मधेशका राजनीतिक दलहरूले कालो दिवसको रूपमा मनाएर त्यसपछि सोही संविधानलाई स्वीकार गरि राज्यभोग गर्न थाले। वैचारिक विचलनको यो जस्तो अर्को नमूना के हुन सक्दछ। यही वैचारिक विचलनले मधेशको मतदातामा वितृष्णा ल्यायो, जसको समय अगावै नेताज्यूहरूलाई जानकारी भएन। जालझेल राजनीतिको त्रिकोणात्मक परिधीमा स्थापित नेताज्यूहरूको पदीय मदान्धता र अहंकारले मधेशको राजनीतिक संकटबारे केही सोच्ने, विचार्ने अवसर नै दिएन अथवा यो भनूँ कि यसको महत्व नै सम्झेन।

स्थानीय चुनावमा जसपा ३० सीटमा र लोसपा १६ सीटमा सीमित भएपछि जसपाले लोसपासंग एकीकरण गर्ने आवाज उठाएको छ। विभाजनको बेला के थियो र अहिले एकीकरणको बेला के कारण हो ? विभाजनको बेला व्यक्तिगत स्वार्थको टकराहट थियो भने अहिले पार्टीगत स्वार्थ मिल्न गएकोले एकीकरणको आवाज आएको हो। लोसपामा चार चार दिग्गज नेताहरू हुँदा पनि १६ सीटमा खुम्चिनु पर्ने ठूलो कारण एक अर्कासंग स्वार्थ र मत नमिल्नु हो। सह अस्तित्व स्वीकार गर्न नसक्नु, आफूबाहेक अरूको सम्मान गर्न नसक्नु, आफ्नो कुरा जसरी भएपनि मान्य हुनु पर्ने, यसरी व्यक्तिगत लडाईमा पार्टी नै आहत भयो। समग्रमा औषतन एकजनाको भागमा ४ जना विजेता परेपनि गुटगत हिसाबले कोही कोही नील पनि भएका छन्।

चारैजना अध्यक्ष भई पार्टी चलाएका मानिस हुन्। सबैको महत्वाकाँक्षा उच्च छ। राजनीतिक प्रतिष्ठा कोहीभन्दा कसैको कम छैन। एकल वर्चस्वमा राज्यभोग गर्दै आउँदा तुष्टि हुने स्वार्थ बाँधिन कसैलाई स्वीकार हुँदैन। वीजेपी पार्टी अध्यक्ष चलाएर बसेका अमित शाह, राजनारायण सिंहले मोदी नेतृत्वको सरकारमा गृहमन्त्री र रक्षामन्त्री बसेजस्तै हीनताबोध हुने त्यस्तो काम मधेशका नेताहरू गर्न चाहँदैन। समान रूपको राजनीति गर्नु पनि हुँदैन। देश फरक छ, राजनीति फरक छ, व्यक्ति फरक छ, परिवेश फरक छ। भारतको देखासिकी गरेर काम छैन। आफ्नो मौलिकतामा बाँधिनु पर्छ। प्रो. कृष्ण खनालले चाण्डाल चौकडीका कारण लोसपाको यो हालत भएको हो भनेर कडा बाक्याँश प्रयोग गरे जस्तै म नमिठो लाग्ने बोली बोल्दिन। प्रिय लाग्ने कुरा मात्रै बोल्छु। दशकौं पार्टी चलाएर धेरै राजनीति उतार चढाव खेपेको मानिससंग राजनीतिक अनुभव नहुनु कसैले विश्वास गर्ने कुरा हो ?

उपेन्द्र यादब पनि साह्रै पीडामा छन्। हिन्दीमा एउटा कहावत् छ चौबे गये छब्बे बनने दुबे बनकर आये। कुनैबेला जातीय राजनीतिलाई बढावा दिने उपेन्द्र यादब अहिले यादब नेता साँसदबाट परेशान बनेका छन्। क्षेत्रीय राजनीतिबाट शुरू भई राष्ट्रिय हैसियत बनाउने प्रयासमा उनी क्षेत्रीय पार्टीभन्दापनि जातीय पार्टीको ट्यागबाट बाहिर निस्किन सकि रहेके छैन। लोसपा नेताहरूको महत्वाकाँक्षाभन्दा कयौं गुण बढि महत्वाकाँक्षा पाल्ने उपेन्द्र यादबले लोसपाका नेताहरूलाई कसरी बर्दास्त गर्ने। पार्टी विभाजनका श्राप पाएका विचरा उपेन्द्र यादब पुनश्च यो पीडा भोग्ने हो कि ?

चुनाव जित्ने, पद पाउने र भ्रष्टाचार गर्ने पार्टी राजनीति यसैमा केन्द्रित रहेकोले यसभन्दा माथि उठेर मधेशलाई हेर्न आवश्यक छ। मधेश राज्यसत्ताको चँगुलमा कुन अवस्थामा पुगेको छ र यसलाई कसरी निकालेर ट्र्याकमा ल्याउने भन्ने प्रश्न नेताज्यूहरूका लदागि महत्वहीन लागेपनि यथार्थ भने यही हो। टुक्रा भएको मधेशलाई एकीकृत कसरी गर्ने, मधेश प्रदेशबाहिरको मधेशलाई मधेशको पहिचान कसरी गराउने, गैर मधेशी पार्टीहरूको मधेशमा बढ्दो बर्चस्वलाई कसरी रोक्ने र मधेशका राजनीतिक दलहरूको लोकप्रियता कसरी बढ्ने आदि विषय टड्कारो रूपमा उठ्नु पर्दछ।

janukjha24@gmail.com

# 'मूल्यवृद्धिका कारण सहज रूपमा मल उपलब्ध हुन सकेको छैन'

काठमाडौँ। बोलपत्रको लामो प्रक्रियाका कारण किसानले खोजेको समयमा मल उपलब्ध गराउन समस्या भएको सरकारले बताएको छ। बोलपत्रमा सहभागी हुने व्यवसायीलाई विश्वास गर्दा समेत कतिपय अवस्थामा दुःख पाइएको र किसानले समयमा रासायनिक मल प्राप्त गर्न नसकेको भन्दै त्यसमा सुधारको आवश्यकता औँल्याइएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा कृषि तथा पशुपन्छी विकासमन्त्री महिन्द्रराय यादवले रासायनिक मलको विषय देशको साझा समस्या भएकाले समाधानका लागि सबैको सार्थक पहल जरूरी रहेको बताए।

उनले सहज रूपमा रासायनिक मल आयातका लागि सरकारीस्तरमा (जीटूजी) नै विशेष पहल गर्नुपर्ने र त्यसका लागि सरकार लागिपरेको जानकारी दिए।

मन्त्री यादवले रासायनिक मल कारखाना स्थापना गर्नु नै सबैभन्दा उत्तम विकल्प रहेको बताए।

मन्त्री यादवले भारत सरकारसँग जीटूजीमार्फत पाँच लाख मेट्रिक टन मल उपलब्ध गराउन आग्रह गरिएको जानकारी



दिँदै चालु आवमा एक लाख ५० हजार मेट्रिक टन उपलब्ध गराउने सहमतिअनुसार मल आयात भइरहेको बताए। भारत सरकारसँगको छलफलका आधारमा ५० हजार मेट्रिक टनभन्दा बढी रासायनिक मल असारको दोस्रोदेखि तेस्रो सातासम्म आइपुग्ने उनको भनाइ छ।

विश्व बजारमा नै इन्धनलगायतका मूल्यमा भएको वृद्धिका कारण सहज रूपमा रासायनिक मल उपलब्ध हुन नसकेको मन्त्री यादवले बताए।

भारतमा वैकल्पिक रूपमा 'तरल नाइट्रोजन' प्रयोग भइरहेको र नेपालमा पाँच लाख लिटर उपलब्ध भइसकेको छ भने बाँकी ४५ लाख लिटर आउने क्रममा रहेको यादवले सदनलाई जानकारी दिए।

सरकारले भारत, चीन, कुवेत, साउदी अरब, तुर्कमेनिस्तानलाई रासायनिक मल उपलब्ध गराइदिन पत्राचार गरेको भए पनि कुनै जानकारी नआएको मन्त्री यादवले जनाए। चालु आवका लागि रासायनिक मलका लागि १५ अर्ब बजेट विनियोजन भएकामा थप १२ अर्ब ७१ करोड बराबरको स्रोत सुनिश्चित भएको जानकारी दिए।

पछिल्ला दिनमा रूस र युक्रेन सङ्घर्षका कारण विश्व बजारमा नै मलको मूल्य वृद्धि भएकाले त्यसको मारमा नेपाल परेको मनत्री यादवको भनाइ थियो।

मन्त्री यादवले भने, 'सबै मिलेर यसको समाधान गरौँ। यो महिनाभरिमा रासायनिक मल उपलब्ध गराउने कार्यमा सबैको सहयोग जरूरी छ।' सम्झौताको समयभित्र रासायनिक मल नल्याउने व्यवसायीको ठेक्का रद्द गरी कारबाहीको प्रक्रिया अगाडि बढाइएको मन्त्री यादवले जानकारी दिए। चीनबाट आयात गरिएको कुल २३ हजार मेट्रिक टन रासायनिक मल आयात गर्न लागिएकामा सात हजार मेट्रिक टन आयात भइसकेको भए पनि व्यवसायीको समयावधि सकिएकाले अब कुन प्रक्रियाबाट त्यसलाई मिलाउने भन्नेबारेमा छलफल जारी रहेकोसमेत जानकारी दिएका थिए।

# मधेशको राजनीति अझै अपरिपक्व

हामी अहिलेसम्म राजनीतिमा त्यति परिपक्व भएकै छैनौं। मधेशको राजनीतिमा अहिलेसम्म परिपक्वता आएको छैन। मधेशका शक्तिहरू मुद्दामा इमान्दार छैन भनेर भन्दिँन, पक्कै पनि इमान्दार छौं। किनभने हाम्रा नेताहरू ठूला-ठूला पार्टी र अवसरहरू छोडेर आएका हुन्। हैसियत भएका नेताहरू हुन्।



**मो.खालिद सिद्दिकी**
**राष्ट्रियसभा सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० जनता समाजवादी पार्टी नेपाल फेरि विभाजन हुन लागेको हो ?**

– जसपा विभाजन हुन लागेका कुरा सञ्चार माध्यममा आउनु दुःखद हो। स्थानीय निर्वाचन अघि पनि यस्ता हल्ला-खल्ला चलेको थियो। हस्ताक्षर अभियान, गुट-उपगुटका कुराहरू बाहिर आएकै थियो। तर जब हामी पार्टीभित्र कुरा गर्दा त्यस्तो खालको विवादै थिएन। जसपा एउटा प्रजातान्त्रिक पार्टी हो। यसभित्र वैचारिक भिन्नता, वादविवाद र विचारको आदान-प्रदान, छलफल र बहस हुनु सामान्य हो। यो प्रजातन्त्रको सौन्दर्य पनि हो। विचारको विविधताका कारण पार्टी नै फुट्छ भन्ने दृष्टिकोणले हेर्नु हुँदैन। तसर्थ, जसपाको बारेमा जे जे कुरा बाहिर आएको छ, ती सबै गलत र अफवाह मात्र हुन्।

**० अध्यक्ष उपेन्द्र यादव र डा.बाबुराम भट्टराईबीच दूरी बढिरहेको भन्ने कुराहरु बाहिरी हल्ला मात्रै हो ?**

– पार्टी विभाजनको कुरा पक्कै पनि निराधार हो। कार्यशैली, व्यवस्थापन लगायतका विषयमा मतभिन्नता सबै पार्टीमा छन्। मधेशको पार्टीहरूमा अलिकति विवाद वा विचारको बहस हुँदा सञ्चारमाध्यमहरूले अलि बढी नै बढाई-चढाई प्रस्तुत गर्छन्। तर वास्तविकता त्यस्तो हुँदैन। वैचारिक विविधतालाई हामीले स्वीकार्नुपर्छ। वैचारिक विविधतालाई पार्टी विभाजनसँग जोडेर हेर्नु हुँदैन।

**० तर खासगरी मधेशी दलहरुमा यस्तै-यस्तै विवाद वा वैचारिक विविधताकै कारण विभाजनको ताजा उदाहरण छ। त्यसकारण अहिलेको विवादका कारण फेरि विभाजन नहोला कसरी भन्न सकिन्छ ?**

– यो कुरा त ठूला पार्टीहरू कांग्रेस, एमालेको बारेमा पनि भन्न सकिँदैन। नेपालमा अहिलेसम्म कुनै पनि पार्टी छैन जुन विभाजन भएको छैन। अवश्य पनि मधेशी पार्टीहरू अलि बढी विभाजन भएका छन्। यो धेरै नै दुःखद कुरो हो। जुन पार्टी जनताको अधिकार, परिवर्तन र देशलाई अग्रगामी दिशा दिने उद्देश्यका साथ स्थापना भएको छ, त्यसमा साना-तिना कुरालाई लिएर विभाजनतिर उन्मुख हुन्छ त्यो अत्यन्तै दुखद् कुरा हो। यसबाट मधेशी जनता, कार्यकर्ता पनि धेरै निराश भएका छन्। यस्तो नहुनु पर्ने, नेताहरूले बुझ्नुपर्ने, एक-अर्कालाई स्वीकार गर्ने र आपसमा क्षमताको वृद्धि गर्नुपर्ने आवश्यकता छ।

**० भनेपछि, जसपाभित्र विवाद छ नि ?**

– एउटा दलभित्र भिन्न-भिन्न विचार र मतभिन्नता हुनु राजनीतिक जीवनको एउटा अंग हो। विवाद त सधैं रहन्छ।

**० जसपाको बैठक हुन सकिरहेको छैन, विधान सम्मेलन स्थगित भयो, बहुमत पुऱ्याउने खेल भइरहेको छ भन्ने कुराहरु आइरहेको छ नि ?**

– हालै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ, अहिले संसद चलिरहेको छ। जसपा गठबन्धनको घटक रहेकोले पनि हाम्रा केही दायित्वहरू छन्। अब चाँडै नै विधान अधिवेशनको घोषणा हुन्छ र बैठक पनि बस्छ।

**० अहिले अध्यक्ष उपेन्द्र यादवले लोकतान्त्रिक समाजवादी पार्टीसँग एकताको कुरा गर्नुभएको छ, यसबारे पार्टीभित्र पनि छलफल भइरहेको छ त ?**

– मधेशी शक्तिहरू एक हुनुपर्छ भन्ने आवाज उपेन्द्र यादवको मात्रै होइन, सम्पूर्ण मधेशी जनताको हो। मधेशका जुनसुकै शक्ति भएपनि सबैबीच एकीकरण हुनुपर्छ भन्ने मधेशी जनताको चाहना हो। यो चाहना पूरा हुनैपर्छ। मधेशी शक्तिहरू जसपा, लोसपा लगायत सबै एक ठाउँमा यदि आइदियो भने मधेशी जनता, कार्यकर्तामा एउटा उत्साह सिर्जना हुन्छ। होइन भने हाम्रो मुद्दा अहिले ओरालोतिर लागेको छ। २-३ प्रतिशत मत ल्याउने दलको आवाज यहाँ कसले सुन्छ ? हामीले आफ्नो अभिमत गुमाइरहेका छौं, यो यथार्थलाई हामीले स्वीकार गर्नैपर्छ। त्यसकारण एकताको कुरा उपेन्द्र यादवको मात्र नभएर सबै मधेशी जनताको आवाज हो। लोसपाका नेताहरूको पनि आन्तरिक चाहना पनि यही होला। सबै एक भएर अगाडि बढौं र मधेशको मुक्तिका लागि संयुक्त रूपमा संघर्ष गरौं।

**० तर, जब-जब उपेन्द्र यादवजी संकटमा पर्नुहुन्छ वा पार्टी विभाजनको संघारमा पुग्छ अनि उहाँ एकताको कुरा गर्नुहुन्छ भन्ने आरोप लोसपाका शीर्ष नेताहरुको आरोप छ नि ?**

– सबै जना एक ठाउँमा बस्नुहुन्छ भने यो आरोप हराउँछ। अहिले एक-आपसमा सम्वाद भएको छैन। सम्वादहीनताको कारणले पनि यस्ता कुराहरू आइरहेका हुन्छन्। सम्वादहीनताको अवस्थामा वैमनस्यता, मनमुटाव हुन्छ र हामी मधेशीको चरित्र पनि यस्तै छ। यदि हामी सबै एक ठाउँमा बस्यौं भने धेरै कुरा स्पष्ट हुन्छ।

**० उपेन्द्र यादवले औपचारिक वा अनौपचारिक सम्वाद थाल्नुभएको छैन तर लोकप्रियताका लागि मात्रै यस्तो अभिव्यक्ति दिनुभएको देखिन्छ नि ?**

–नेताहरू उपेन्द्र यादव वा महन्थ ठाकुर र राजेन्द्र महतोबीच सम्वाद भएको भए राम्रो हुन्थ्यो। यदि उपेन्द्र यादव वास्तवमै एकता चाहिरहनुभएको छ भने सम्वादको थाल्नु गर्नुपर्छ। सम्वाद भएपछि मात्रै कुनै निष्कर्षमा पुगिन्छ। मधेशी शक्तिबीच दूरी बढ्नु मधेशी जनताको चाहनाविपरीत हो। जनताको चाहना हो कि उपेन्द्र यादव र महन्थ ठाकुर मात्रै होइन, हृदयेश त्रिपाठी, डा.सीके राउत लगायत सबै एक ठाउँमा आओस्।

**० मधेशी जनताको चाहनाअनुसार नेताहरुले आजसम्म कहिल्यै हिंड्नुभएको देखिएन नि ?**

– हामी अहिलेसम्म राजनीतिमा त्यति परिपक्व भएकै छैनौं। मधेशको राजनीतिमा अहिलेसम्म परिपक्वता आएको छैन। मधेशका शक्तिहरू मुद्दामा इमान्दार छैन भनेर भन्दिँन, पक्कै पनि इमान्दार छौं। किनभने हाम्रा नेताहरू ठूला-ठूला पार्टी र अवसरहरू छोडेर आएका हुन्। हैसियत भएका नेताहरू हुन्। तर व्यावहारिकरूपमा, व्यवस्थापन पक्षमा हामी कहीं न कहीं कमजोर देखिएका छौं। एक-अर्काको अस्तित्वलाई हामीले स्वीकार गर्न सकिरहेका छैनौं। कम्तीमा मधेशका मुद्दाहरू सम्बोधन नभएसम्म हामी एक ठाउँमा बसौं न।

**० जसपा गठबन्धन सरकारमा गएको ६ महिनाभन्दा बढी भइसक्यो, तर मधेशका माग र मुद्दा सम्बोधनका के-के गऱ्यो त ?**

– हामी अहिले पाँच दलीय गठबन्धनको सरकारमा सहभागी भएका छौं। हामीले आफ्नो यो सरकार सामु नराखेको होइन। नागरिकता समस्या समाधानका लागि हामीले सरकारभित्र आवाज उठाइरहेकै छौं। ओलीको सरकारले जसरी देशमा निरंकुशता लाद्न खोजेको थियो त्यसलाई यो गठबन्धनले रोकेको छ। यो गठबन्धन नभइदिएको भए हामी यति आन्दोलन गरेर जुन व्यवस्था ल्याएका छौं, त्यसलाई समाप्त पार्ने षड्यन्त्र भएको थियो। त्यसकारण, यो सरकारको एउटा प्रमुख दायित्व पनि थियो कि आन्दोलनका उपलब्धिहरूको रक्षा गर्ने।

**० तर यो सरकारले कुनै पनि मुद्दा सम्बोधन गर्नेतर्फ अग्रसर देखिएको छैन नि ?**

– सरकार र संसद दुवैमा पार्टीले आवाज उठाइरहेको छ र गठबन्धनमा पनि कुरा उठिरहेकै छ। आगामी आर्थिक वर्षको बजेटकै कुरा गर्ने हो भने संघीयतालाई बलियो बनाउने नीति कार्यक्रमहरू छन्। यो बजेटमा मधेशका लागि धेरै कुराहरू छुट्याइएको छ। हामीले आफ्नो अधिकार प्राप्तिका लागि सडक, सदन र सरकारमा संघर्ष गर्नुपर्छ। लामो समयसम्म एमालेले संसद नै चल्न दिएको थिएन। लामो समयपछि संसद सुचारू भएको छ।

**० यो सरकारले गर्ने नियुक्तिहरु पनि समानुपातिक समावेशी हुँदैन। तपाईंहरु केही बोल्नुभएको छैन ?**

– समानुपातिक समावेशी हाम्रो मूल मुद्दा हो। यो लागू गराउन हामीले प्रयास गरेकै हौं। यसको प्रत्यक्ष उदाहरण म आफै छु। पछिल्लो राष्ट्रियसभामा एक जना पनि मुस्लिमको प्रतिनिधित्व थिएन। जसपाले समानुपातिक समावेशिताको सिद्धान्तअनुसार मलाई पठाएको छ। अहिले पनि मधेशीसँग विभेद भइरहेकै छ, यसमा दुईमत छैन। यो लडाइँमा हामी अवश्य नै कमजोर भएका छौं। त्यो कमजोरीलाई शक्तिमा परिवर्तन गर्न हामी सम्पूर्ण मधेशी शक्तिहरू एक ठाउँमा आउनै पर्छ।

**० आगामी चुनावमा जसपा र लोसपाबीच एकता वा सहकार्य हुनसक्छ ?**

– आशा गरौं र सकारात्मक सोच राखौं। नकारात्मक कुरा गर्दा नकारात्मक सन्देश जान्छ। यदि हामी सकारात्मक सोचका मान्छे छौं भने सबै अस्तित्वलाई स्वीकार गर्ने मनस्थिति बनाउनुपर्छ। हामीले छाती चौडा गरेर एक-अर्कालाई स्वीकार गर्नैपर्छ। एक-अर्काको अस्तित्व स्वीकार गर्ने बानी हामीमा आइदियौं भने अवश्य नै हामी यो देशको वैकल्पिक शक्ति बन्न सक्छौं। राज्यसत्ता चलाउने क्षमता हामीसँग छ तर व्यक्तिगत अहंकारले गर्दा हामी असफल हुँदै आएका छौं।

**० तपाईंहरु पाँच दलीय गठबन्धनमा पनि हुनुहुन्छ, लोसपासँग कसरी गठबन्धन हुनसक्छ ?**

– हाम्रो लागि मधेश, मधेशी, मधेशका मुद्दा, आदिवासी जनजाति, दलितहरूका मुद्दा प्राथमिकता राख्छ। बाँकी तपशीलका कुराहरू हुन्।

**० तपाईं जमियत उलमाय नेपालका राष्ट्रिय अध्यक्ष पनि हुनुहुन्छ, के हो यो ?**

– जमियत उलमाय नेपालको स्थापना १४-१५ वर्ष पहिले भएको थियो। यसको मूल उद्देश्य भनेको नेपाली मुस्लिमका समस्या समाधान गर्ने, जीवनस्तर उकास्ने र शिक्षाको स्तरमा वृद्धि गर्ने रहेको छ। नेपाली मुस्लिमको जीवनस्तर उकास्न र सँगसँगै मधेशको अधिकार प्राप्ति आन्दोलनमा यसले आफ्नो भूमिका खेलेको हो। अहिले पनि हामी मुस्लिम लगायत मधेशी, आदिवासी जनजातिका लागि आवाज पनि उठाइरहेको छौं। साथसाथै, हामीले जातजाति, समुदाय, वर्ग नहेरि मानव सेवाको भावले हामी काम गरिरहेका छौं।

---

# अरूले किसनलाई भातृ संगठन बनाए, हामीले मातृ संस्था मानेका छौं

अहिलेसम्म विभिन्न राजनीतिक दलले किसानको सेन्टिमेन्ट लिनका लागि राजनीति गरे। सेन्टिमेन्ट बटुल्नका लागि मात्र उनीहरूले राजनीति गरे। हामीले पार्टी गठनसँगै घोषणा पत्र निकाल्यौँ। त्यो घोषणापत्र धेरैले लिएर गए। त्यही घोषणापत्रका आधारमा कसैले त्यो काम पहिले सुरू गरिदिए। तर, गरेर केही उन्नति त भएन। किनभने उसले त्यसलाई भऱ्याङको रूपमा मात्र प्रयोग गरे।



**ईश्वरदयाल मिश्र**
**महासचिव, जनता प्रगतिशील पार्टी, नेपाल**

**० हालै सम्पन्न स्थानीय तहको चुनावमा जनता प्रगतिशील पार्टीको पक्षमा देखिएको परिणामलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– हामी यसलाई सन्तोषजनक रूपमा नै लिएका छौँ। केन्द्रीय कार्य समितिको समीक्षामा निर्वाचन परिणामलाई हामीले सकारात्मक रूपमा लिएका छौँ। पार्टी अलि अगाडि नै गठन भएको भए हामीले राम्रो नजिता ल्याउन सक्थ्यौँ। यो कुरा सबै तिरबाट आयो। यही कुरा वास्तविक पनि हो। अहिले जुन परिणाम आएको छ, त्यो सन्तोषजनक नै छ।

**० तपाईंहरुको छुट्टै समूह थियो। तर, पनि समयमै पार्टी बनाउनु भएन। ढिलो गरी अर्थात् करिब ४ वर्ष किन लाग्यो पार्टी बनाउन ?**

– पार्टी गठनका लागि बीच बीचमा दुई/चार पटक बैठक पनि भयो। स्वतन्त्र राजनीतिक समूहको बैठकहरू भयो। हामीले एमालेमा विलय हुने कि अलगै पार्टी बनाएर जाने विषयमा छलफल भएको थियो। यही विषयको समीक्षा गर्दा गर्दै ढिलो भयो। साथीहरूको सल्लाह के रह्यो भने हाम्रो अलगै पहिचान हुनुपर्छ। हाम्रो पहिचान समाप्त हुनु हुँदैन। हामी पार्टी बनाएर नै अगाडि जानुपर्छ। सबै साथीको त्यही सल्लाह भयो। हो, अलि ढिलो भयो। पाँच-सात महिना अगाडि पार्टी गठन भइदिएको भए आज अर्कै परिणाम आउँथ्यो। स्थानीय चुनावमा कुनै नेता प्रतीक्षा गर्ने कुरा हुँदैन। कहीँ न कहीँ उनीहरूले आफ्नो ठाउँ बनाइसकेको हुन्छ। किन भने ट्रेन छुट्यो भने छुट्यो। एक पटक हामीले बहिष्कार गरेको पनि अवस्था थियो। त्यही भएर साथीहरू आत्तिएर यताउता पनि लागे। तर, उहाँहरूले भन्दै आएका थिए भने हामी जहाँ गए पनि हाम्रो विचारधारा तपाईंहरूसित नै मिलिरहेको छ। चुनाव हार जित जे भए पनि जनता प्रगतिशीलमा आउने भनेर उहाँहरूले भन्दै आएका थिए। सबैको भावना त्यही हो। त्यसकारण धेरै जना यताउता गएर चुनाव लडे। हामीले धेरै राम्रो प्रदर्शन त गर्न सकेनौँ। तर, सन्तोषजनक स्थिति बन्यो। चुनावमा पार्टीको खाता पनि खोलियो। कोदालो बोकेका किसानको प्रचारप्रसार पूरै देशमा गरियो। करिब १७ जिल्लामा हाम्रो पार्टी दर्ता थियो। धेरै ठाउँमा हाम्रा उम्मेदवारहरू लडे। पक्कै पनि सबै ठाउँमा जितेनन्। किन भने हडबडमा गडबड त हुन्छ। कोदालो छाप स्थापित भइसकेको छ। आउने दिनमा कोदालो छापले कमाल गर्ने छ।

**० तर, धेरै नेताले तपाईंहरुको साथ छोडेर गएका छन्। उनीहरुलाई पार्टीमा फर्काउन सक्नुहुन्छ ?**

– राजनीति रेल र बस जस्तो हुन्छ। गन्तव्यमा पुग्ने बेलामा चार जना बसबाट झर्छन् भने दुई जना चढ्छन्। यो त राजनीतिको नियमै हो। यो आज देखिएको होइन। वर्षौंदेखि चलिआएको रीति हो। को आयो को गयो त्यो आफ्नो ठाउँको कुरो हो। त्रिपाठीजी नेतृत्वको पार्टीलाई हेर्ने नजरिया राम्रो छ। त्रिपाठीजीको व्यक्तित्वबाट तराई, हिमाल र पहाडका सबैतिरका जनता प्रभावित छन्। उहाँसँग काम गर्ने इच्छुकहरू धेरै छन्। हो, केही बाध्यात्मक स्थितिका कारण पार्टीमा आउन नसकेका होलान् त कोही आउन खोजेर पनि अहिलेसम्म आउन नसकेका होलान्। यो विस्तारै विस्तारै सबै ठिक हुँदै जान्छन्। आउने निर्वाचनमा धेरै ठाउँमा पहिरो जाने बाला छ। धेरै पार्टीमा पहिरो जान्छ। अहिले भएका पार्टीबाट सबैको पीडा छ। निश्चित रूपम हरेक पार्टीमा पहिरो जान्छ। हामीले त्यो पहिरो ल्याउन खोजेको होइन। तर, त्यो पार्टीको आफ्नो कारणले पहिरो आउँछ। त्यो पहिरो आउने एउटा कारण के हो भने हृदयेश त्रिपाठीलाई मन्त्रीको खाँचो छैन। हरेक मन्त्रालय उहाँले पाइसक्नुभएको छ। उहाँलाई मन्त्री बन्ने रहर छैन। कुनै कलंक नभएको नेतामा उहाँको गणना गरिन्छ। आफ्नो कुरा प्रभावकारी तरिकाले राख्ने पनि उहाँको कला हो। त्यसकारण मान्छेहरू उहाँसँग आकर्षित छन्। त्यसको फाइदा पार्टीलाई हुन्छ।

**० प्रदेश र संघीय चुनावअघि तपाईंहरुको पार्टीले संगठन विस्तारका कार्य पूरा गरी पूर्णता पाउँछ ?**

– हाम्रो केन्द्रीय कार्य समितिको बैठक १०-१२ दिन अघि थियो। स्थानीय निकायको समीक्षा र पार्टी संगठनको विषयमा वृहत् छलफल भएका थियो। यो असारको १ गतेदेखि १५ गतेसम्म हामीले अभियानका रूपमा वडादेखि प्रदेशसम्म संगठन निर्माण गर्ने र १५ गतेपछि साना कार्यक्रमहरू जस्तै कार्यकर्ता प्रशिक्षण गर्ने निर्णय भइसकेको छ। हामीले आफ्ना नेता तथा कार्यकर्ताहरूलाई निर्देशन पठाउने तयारीमा छौँ। त्यसैले मंसिर होइन असोजसम्म हाम्रो पार्टीले पूर्णता पाइसक्ने छ। वडासम्म पार्टी गठन भइसक्ने छ। यो पार्टी अलग विचार, सिद्धान्त र उद्देश्य लिएर गठन भएको हो। अरूले किसानलाई भ्रातृ संगठनका रूपमा मात्र हेरे। तर, हामी त्यसो गर्दैनौं। जनता प्रगतिशील पार्टी किसानलाई मात्र संगठन मानेर काम गर्छ। किन भने अहिलेसम्म यो देशमा धेरै आन्दोलनहरू भए। किसानका नाममा पनि धेरै आन्दोलनहरू भए। तर, समस्या जहाँको त्यहीँ छ। अहिलेको स्थितिमा हेर्दा किसानलाई मल तथा विउ छैन। सिँचाइको दुरावस्था थाहै छ। कृषिमन्त्री दिल्ली गएका थिए। असारको अन्तिम साता केही मल आउँछ भनेर मैले सुनेको थिएँ। त्यसो भए किसानहरूले असारलाई कुरेर बिउ रोप्ने ? किसानले के गर्ने ? बिउ रोप्नलाई पनि डीएपी मलको आवश्यकता पर्छ। त्यो बिउलाई ठूलो बनाउन युरियाको आवश्यकता पर्छ। यो देशमा न डीएपी छ न त युरिया छ। यस्तो स्थितिमा यो थप जिम्मेवारी जनता प्रगतिशील पार्टीको आइसक्यो।

**० सबैले दलले कुनै न कुनै रुपमा किसानको नाममा राजनीति गर्दै आएका छन्। यद्यपि, किसान जहिले पनि पीडामा छन्। अब तपाईंहरुले पनि किसानकै नाममा राजनीति गर्ने कुरा गरिरहनुभएको छ। किन नि ?**

– अहिलेसम्म विभिन्न राजनीतिक दलले किसानको सेन्टिमेन्ट लिनका लागि राजनीति गरे। सेन्टिमेन्ट बटुल्नका लागि मात्र उनीहरूले राजनीति गरे। हामीले पार्टी गठनसँगै घोषणा पत्र निकाल्यौँ। त्यो घोषणापत्र धेरैले लिएर गए। त्यही घोषणापत्रका आधारमा कसैले त्यो काम पहिले सुरू गरिदिए। तर, गरेर केही उन्नति त भएन। किनभने उसले त्यसलाई भऱ्याङको रूपमा मात्र प्रयोग गरे। सस्तो लोकप्रियता लिनका लागि मात्र उनीहरूले आन्दोलन गरे। जसले गर्दा कामयाबी तर्फ गएन। हामीले पार्टी गठनसँगै किसानलाई मात्र शक्ति मानेर अगाडि बढिरहेका छौँ। यो वर्ष सदनमा किसानको मुद्दा प्रवेश गरेको छ। किन भने हामीले यसलाई बारम्बार उठाइरहेका छौँ। जनताको कानमा गुञ्जिरहेको छ। मल छैन, बिउ छैन, सिँचाइ भएन, समर्थन मूल्य छैन लगायतका कुरा गुञ्जिरहेका छन्। हाम्रो एजेण्डा यही हो। हामीले यही विषयमा कुरा गर्न प्रधानमन्त्री शेरबहादुर देउवालाई पनि भेटयौँ। हामीले ज्ञापनपत्र दियौं।

# बालेनहरू सफल हुनै पर्ने बाध्यतामा



ललितकुमार यादव

भर्खरै सुसम्पन्न भएको नयाँ संविधान जारी भए पश्चातको स्थानीय तहको दोस्रो निर्वाचनले नेपाली राजनीतिमा विभिन्न सन्देश सम्प्रेषण गरेको छ। ती सन्देशहरूलाई प्रभावकारी रूपमा नेपालका राजनीतिक दलहरूले ग्रहण गर्न सक्छन् कि सक्दैनन् ? अहिले नेपाली राजनीतिको प्रमुख चाँसोको रूपमा यसलाई नै लिनु पर्छ। भोलिको दिनमा पुराना ठुला दलहरूको सफलता र असफलता यससँगै जिडिएको छ।अहिले नै दल र दलका नेताहरूहरूले यस निर्वाचनका के कति सन्देश लिन सके र के कति लिन सकेनन्? मापण गरी सक्ने बेला भैसकेको छैन्। अहिलेनै हतार गर्नु हुँदैन। अबको दिनमा दलहरूले स्वतन्त्र उम्मेदवारी दिएर बिजयी भएका जनप्रतिनिधिहरूलाई सकारात्मक सहयोग गर्छन् कि असफल बनाउने प्रयास गर्छन्? अब हुने निर्वाचनमा कस्ता ब्यक्तिहरूलाई प्राथमिकताका साथ दलहरूले आफ्ना उम्मेदवार बनाउ छन् ? दलहरूले उम्मेदवारको छनौटको कस्तो प्रकृया अपनाउ छन् ? जनापेक्षा पुर्ति गर्ने गरी कतिको ईमान्दार प्रयास गर्छन्? यी र यस्तै प्रश्नहरूको उत्तर खोजेर दलहरूले सन्देश लिन सके नसकेको मापण गर्न सकिन्छ।दलहरूले पनि यीनै प्रश्नहरूको सही जवाफ जनतालाई दिन सके सफलताको बाटोमा अगाडी बढ्नेमा कुनै शंकै छैन।

स्थानीय तहको निर्वाचन दलिय आधारमा हुनु हुदैन भन्ने चर्को आवाज नेपालमा उठ्दै आएको छ। स्थानीय तहको निर्वाचनमा स्वतन्त्र हैसियतमा प्रतिस्पर्धा हुनु पर्ने मत पनि बलियो छ। काठमाडौं महानगरका प्रमुखमा यही मत रहेका बालेन निर्वाचित हुनु र विभिन्न पालिकामा भएको उल्लेख्य क्रस मतदानले स्थानीय तहमा स्वतन्त्र हैसियतमा मतदान हुनु पर्ने तर्फनै संकेत गरेको छ।पुराना ठुला दलहरूले जनतामा विश्वास गुमाउदै गएको तर त्यसको ठाउँ आफुलाई वैकल्पिक राजनीतिक शक्ति दाबि गर्ने नयाँ पुराना दलहरूले लिन सकेका छैनन्। बरू आफुलाई नेतृत्व गर्न सक्षम रहेको सार्थक तर्कना, सुशासन, पारदर्शिता र विकास प्रतिको अटल प्रतिब्धता पेश गर्न सक्ने ब्यक्ति भएपनि जनताको रोजाईमा पर्न थालेको सन्देश यस निर्वाचन मार्फत मतदाताले दिएका छन्। वडा अध्यक्षमै चुनाव जित्न लाखौ खर्चिनु पर्ने हाम्रो निर्वाचनको बाध्यता भैसकेको आम बुझाई विपरित अटो रिक्सामा माईक लिएर एकदूई जानाको समुह बनाएर चोकचोक र घरघरमा मतमागेका हर्क साम्पाङ्गलाई धरान उपमहानगरका प्रमुखमा जिताएर मतदाताले चुनाव जित्न ठुलो दलबल र मोटो रकम नचाहिने अर्को सन्देश पनि दिएका छन्। चाहिन्छ त समाजप्रतिको निरन्तरको लगाव।यस्ता अरू पात्रहरू भएपनि यस आलेखमा सबैको नाम चर्चा गर्न सम्भव नभई उदाहरणको रूपमा मात्र हर्कको नाम उल्लेख गरिएको हो।

दलले जस्तो उम्मेदवार उठाएपनि मतदाताले मतदान गर्ने दलहरूको विश्वास पनि यस निर्वाचनले तोडेको छ।राम्रा काम गरेका केही मात्र जनप्रतिनिधिहरू यस निर्वाचनबाट दोहरिन सफल भएका छन्।२०७४ को निर्वाचनमा बिजयी भएका धेरै पालिकाहरू दलहरूले जोगाउन सकेनन् २०७९ को निर्वाचनमा। यद्यपि २०७४ मा एउटा दलले जितेको पालिकामा अर्को दलले बिजयी प्राप्त गरेर तीनै दलहरू स्थापित हुन सफल भएका छन्। जनापेक्षा अनुसारका काम गर्न नसकेका जनप्रतिनिधिहरू र दललाई समेत मतदाताले सजाय गरेको छ र प्रतिनिधिमा नयाँ अनुहार र दललाई चयन गरेका छन्। यसले जनप्रतिनिधिहरू र दलहरूलाई आफ्नो विरासत जोगाउन मुश्किल परेको र अबको दिनमा जनताले अपेक्षा गरे अनुसारको काम गर्नै पर्ने दबाब सिर्जना गरेका छन् मतदाताहरूले। साथसाथै बारम्बार परिक्षित भैसकेकै ब्यक्ती भन्दा नयाँ ब्यक्तीलाई परिक्षण गर्न मतदाताले खोजेका छन् भने एउटा महत्वपुर्ण सन्देश दिन पनि सफल भएका छन् आम मतदाता।मतदाताको यो कदम नेपाली राजनीतिमा ब्यक्ति र दलको सिण्डिकेट तोडन साम्है सराहनिय कदम रहेका छन्।सबै मतदातामा यही भावको विकास भएमा र गर्न सकिएमा भोलिको दिनमा कामै नगरि आफ्ना कार्यकाल बिताउने नेताहरू राजनीतिबाटै विस्थापित हुने दिन आउन सक्ने सकारात्मक संकेत नेपाली राजनीतिमा देखिएको छ।

मधेशको जनप्रतिनिधिमा पहाडी मुलका ब्यक्तिहरू यस अघिका निर्वाचनहरूमा पनि चुनिदै आएका छन् तर पहाडको जनप्रतिनिधिमा मधेस मुलका ब्यक्ति चुनिएको रेकर्ड यस अघिको निर्वाचनसम्म थिएन। यस पटकको निर्वाचनमा काठमाडौं महानगरपालिकामा बालेन्द्र साहको जितलाई कतिपयले नेवामा मधेसी भनेर पनि भन्ने गरेको पाईयो। बालेन जातले सुडी हो र सुडी मधेसको जात हो तर बालेनले आफुलाई मधेशी होईन नेवा भन्ने गरेको छ। बालेनप्रतिको काठमाडौंवासीको आकर्षण घटाउन उनका प्रतिस्पर्धि एमाले उम्मेदवार स्थापितले बालेन मधेशको साह रहेको प्रसङ्ग पनि उठाएका थिए तर बलेनको आकर्षणमा कुनै कमि आएन। मधेसमा नेवार र नेवामा मधेसी भनेर पनि चर्चा चलेको थियो। अझै पनि हामि को मधेशी र को पहाडी को वाद विवाद गर्नुको कुनै तुक छैन्। पहाड र मधेशबीच भौगोलको दुरि नरहे जस्तै भावनाको दुरि पनि रहेन भन्ने सन्देश लिन सक्नुनै उत्तम सन्देश हो।

यस अघिका निर्वाचनहरूमा स्वतन्त्रहरूले निर्वाचन जित्दै नजितेका होइनन्। तर यस निर्वाचनमा स्वतन्त्रहरूको बिजयीले निकै चर्चा पायो । नेपाली समाज र सञ्चार माध्यम दुवैमा निकै प्राथमिकता पायो र त्यसको तातोपना अहिले पनि सेलाई नसकेको अवस्था छ। कारण छ मुलुककै संघीय राजधानी काठमाडौं महानगरमा बालेनको उम्मेदवारीले यस्तो चर्चा पायो कि भरतपुर महानगरको चर्चालाई समेत उछिन्यो र बालेनको सुरू देखिकै अग्रताले सबै स्वतन्त्रहरूले बालेनकै सम्बोधन पाउन पुग्यो। साथसाथै महानगर र उपमहानगरमै गठबन्धन र गढ भनिएका दलहरूका उम्मेदवारलाई निशप्रभावी बनाउदै स्वतन्त्र उम्मेदवारहरूले मतदाताको बिश्वास जित्न सफल भए। दलहरूको दल बलले काम गर्नै सकेनन्।

स्थानीय निर्वाचन २०७९ को मतपरिणामले ठूला कुरा गर्ने, ठुला सपना बाँडने तर जनताको दैनिक समस्या देख्न नसक्ने, अरूलाई खराब देखाएर आफुलाई असल साबित गर्न खोज्ने र गालि गलौज गर्ने तथा अपशब्द बोल्नेहरू भन्दा गाउँ नगरका मुद्दा उठाउने र गाउँ नगरमा ब्यबस्थित विकास गर्ने प्रतिब्धता जाहेर गरेकाहरू जनताको रोजाईमा परेको देखियो। स्थानीय तहको निर्वाचनमा ३ सय ८५ जना स्वतन्त्र उम्मेदवारहरू बिजयी भएका छन्। जसमध्ये प्रमुख/अध्यक्षमा १३ जना, ४ जना उपप्रमुख/उपाध्यक्षमा, वडा अध्यक्षमा १ सय ३६ जना र २ सय ३२ जना वडा सदस्यमा बिजयी प्राप्त गरेका छन्। स्वतन्त्रहरूको बिजयीलाई प्रतिशतमा हेर्दा प्रमुख/अध्यक्षमा १ दशमलव ७३ प्रतिशत, उपप्रमुख/उपाध्यक्षमा ० दशमलव ५३ प्रतिशत, वडा अध्यक्षमा २ दशमलव ०१ प्रतिशत , सदस्यमा ० दशमलव ८६ प्रतिशत र समग्रमा औषतमा १ दशमलव २८ प्रतिशत रहेको छ। संख्याको हिसाबमा स्वतन्त्रहरूको बिजयीलाई सानो मान्न सकिन्छ तर यीनीहरूको बिजयले गरेको संकेतलाई गौण रूपमा लिने गल्ति दलहरूले गर्नु हुदैन। बहुदलिय ब्यबस्थामा दलिय प्रतिस्पर्धाको आधारमा भएको निर्वाचनमा यतिको संख्यामा स्वतन्त्रहरूले दलका उम्मेदवारहरूलाई पछाडि पर्न सक्नु भनेको जनतामा दलहरूप्रतिको वितृष्णा बढदै गएको संकेत हो।दलहरूलाई सचेचन दिएको सन्देश पनि हो।

अहिले स्वतन्त्र उम्मेदवारहरूले ल्याएको मतमा ठूलो संख्यामा नो भोटको पक्षमा रहेका मतदाताहरूको मतको रहेको कतिपयको बुझाई रहेको छ। काठमाडौं महानगरपालिकाकै कुरा गर्दा २०७४ सालको स्थानीय तहको निर्वाचनमा प्रमुखमा विबेकशिल र साझाले ल्याएको मत अहिले बालेनको पक्षमा गयो र विबेकशिल साझाले मत ल्याउन सकेन भनेर मान्न सकिन्छ। यसलाई नो भोटको पक्षमा रहेको मतदाताको मत पनि मान्न सकिन्छ तर काठमाडौंकै उपप्रमुखमा सुनिताले प्रमुखमा बालेनले ल्याएको मतभन्दा ६ हजार ८ सय ४५ बढी मत ल्याएर बिजयी भएकी छिन्। यसलाई के भन्ने? उपप्रमुखमा स्वतन्त्र उम्मेदवारी दिएका भन्दा दलकै उम्मेदवारलाई मतदाताले बिश्वास गरेको देखियो।स्वतन्त्रहरूले ल्याएको मत मतदाताको आक्रोशको मत मात्र नभएर त्यसमा स्वतन्त्र उम्मेदवार प्रतिको मतदाताको बिश्वास समेत मिश्रित रहेको अर्थमा लिनु पर्छ। मतदाताको आक्रोसमा आफूप्रतिको बिश्वास मिसाई आक्रोश र बिश्वासको मिश्रण तयार गर्न नसकि स्वतन्त्रले पनि जित्न नसक्ने यथार्थ सबैले बुझ्न जरूरी छ।

आठ वर्ष अघिनै सर्वोच्च अदालतले मतदाताले उम्मेदवार अस्वीकार गर्न सक्ने व्यवस्था मिलाउन आदेश दिएको थियो। तर यस पटकको निर्वाचनमा पनि मतदातालाई त्यस्तो अवसरबाट बन्चित गरियो।उक्त आदेश कार्यान्वयन गर्न कानुन नबनाई दिदाँ र दलहरूकै अनिच्छाका कारण सर्वोच्च अदालतले आठ वर्ष अघिनै मतपत्रमै त्यस्तो व्यवस्था गर्न निर्देशनात्मक आदेश दिएको भएपनि कार्यावन्यन हुन सकेको छैन्।अस्विकृत भइएला भन्ने ठुलो डर दलहरूमा रहेको छ। वैदेशिक रोजगारमा रहेका नेपाली मतदातालाई समेत मतदानमा सहभागि गराउनु पर्ने आवाज पनि उठदै आएको छ। यी व्यवस्थाहरू लागु भैसकेको भए मतपरिणाम फरक आउन सक्थ्यो होला । लागु भएमा मतपरिणाम फरक आउला पनि तर अहिले बालेनहरूले ल्याएको मत खालि दलहरूप्रतिको जनताको वितृष्णाको मत मात्रै होईन्।बालेनहरूले जनताको विश्वास जित्न सफल भएकै कारण जनमत पाएका हुन्।

यस पटकको निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका सबै स्वतन्त्रनै थिए र स्वतन्त्र उम्मेदवारीनै दिन खोजेका थिए भने छैन्। कतिपयले आश गरेको दलबाट टिकट नपाएर स्वतन्त्र उम्मेदवार बनेका थिए भने कतिपयले स्वतन्त्र रूपमै निर्वाचनमा प्रतिस्पर्धा गर्ने इच्चाका साथ स्वतन्त्र उम्मेदवार बनेका थिए।आफुलाई स्वतन्त्र उम्मेदवार भनेर मतदाताको मत लिएका मध्ये कतिपयले बिजयीको टिका लगाए सँगसँगै स्वतन्त्रको मुकुट उतारेका छन् भने कतिपयले धेरै छिट्टै मुकुट उतार्ने तयारीमा रहेको हुनु पर्छ। आफु सकृय रहेका दलको टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार बनेर जनताको मतबाट बिजयी भएकाहरू पाँच वर्षसम्म स्वतन्त्र रहेर जनता र नगरको सेवा गर्न सक्दैनन् भने जनतासँग धोका भएको मान्नु पर्छ। अब कुरा गरौ जो आफुलाई स्वतन्त्र भने र अहिलेसम्म साँच्चिकै स्वतन्त्र रहेका छन् तीनीहरूका। उनीहरू अबको पाँच वर्ष केवल जनता र नगरको सेवामा समर्पित रहनु पर्छ। कुनै दलमा प्रवेश गर्ने र राजनीतिक दल खोल्ने काम गरेमा त्यो केवल आफूले पाएको मतको अहमता र घमण्ड हुनेछ। यस्तो निर्णय लिएको दिनदैखिनै तिनीहरूको असफलताको सुरूवात हुन्छ।

स्वतन्त्र अर्थात बालेनहरूलाई मतदाताले त्यतिकै मत दिएका होईनन्। उनीहरूलाई मत दिनुको पछाडि मतदाताका विभिन्न अपेक्षाहरू रहेका छन्। मतदाताका ती अपेक्षाहरू फरक फरक हुन सक्लान्। तर समग्रमा भन्नु पर्दा सुशासन कायम होस् र नगरको व्यवस्थित र दिगो विकास होस् नै हो। सबै मतदाताको अपेक्षा पुरा गर्न बालेनहरू दलका प्रतिनिधिहरूको समेत साथ सहयोग लिदै विगतमा दलका प्रतिनिधिहरूले बसालेका बेथितिभन्दा फरक किसिमले काम गर्न सक्नै पर्छ। दैनिक रूपमा जनताले भोग्नु परेका समस्याहरूको पहिचान गरेर त्यसको दिगो समाधान गर्ने तर्फ बालेनहरू मात्र होईनन् सबै जनप्रतिनिधिहरू प्राथमिकताका साथ लाग्नु पर्ने देखिन्छ। बालेनहरूले जनताको पक्षमा काम गर्न दलबाट निर्वाचित जनप्रतिनिधि र दलहरूको कतिको सहयोग पाउँछन् / पाउँदैनन् त्यो भने हेर्नै बाँकी छ।दलहरूले बालेनहरूलाई जसरी पनि असफल पार्ने प्रयास गरेमा भोलिको निर्वाचनबाट प्रमुखमा मात्र होईन सबै पदमा बालेनहरूलाई मै जिताउनु पर्ने निष्कर्षमा मतदाता पुग्न सक्छन् भने दलहरूको अवरोध नगर्दा पनि बालेनहरू असफल भएमा भोलिको निर्वाचनमा बालेनहरूप्रति मतदाता आकर्षित हुन सक्दैनन्।तसर्थ दलहरूलाई ठाउँमा राख्न र दलहरूले काम नगरेमा बालेनहरूको उदय हुने सम्भावना जिवित राख्न बालेनहरू सफल हुनै पर्ने बाध्यतामा रहेका छन्। अहिलेसम्म काठमाडौंको फोहर उठन नसकेको देख्दा बालेनको आकर्षणलाई फोहरलेनै फोहर बनाई दिने होईन त भनेर शंका गर्न सकिन्छ। तर बालेन र बालेनहरूको सफलता र असफलताको निष्कर्ष निकाल्ने बेला अहिलेनै भई सकेको छैन्।

lkskeshariaaryan@gmail.com






## मधेश अपडेट

### प्रदेश १ को ३९ अर्ब ७३ करोडको बजेट

विराटनगर । प्रदेश १ सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि ३९ अर्ब ७३ करोड ८३ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले बुधबार प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ४ दशमलव ३४ प्रतिशतले रहने र आउँदो आर्थिक वर्षमा आर्थिक वृद्धिदर ५ दशमलव ४१ प्रतिशतले वृद्धि हुने लक्ष्य लिएको छ । तर ती लक्ष्य पूरा गर्ने कार्यक्रम तथा योजनामा बजेट केन्द्रित छैन । कृषि क्षेत्रमा २ अर्ब ५९ करोड २३ लाख रूपैयाँको बजेट विनियोजन गरिएको छ । सिँचाई, उर्जा तथा खानेपानी क्षेत्रका लागि ६ अर्ब ६ करोड ५६ लाख बजेट विनियोजन गरिएको हो । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि ९० करोड बजेट विनियोजन गरिएको छ । सञ्चार तथा यातायात क्षेत्रमा ३० करोड ५० लाख, स्वास्थ्य क्षेत्रमा ३ अर्ब ६७ करोड ७७ लाख बजेट विनियोजन गरिएको छ ।

### चुरे दिवसमा वृक्षरोपण

रूपन्देही । चुरे पहाडको पहिरो रोक्नका लागि बुटवलको ज्योतीनगर क्षेत्रमा वृक्षरोपण गरिएको छ । बुटवलको ज्योतिनगरस्थित चुरे पहाडबाट पहिरो खसेको ठाउँमा पर्खाल लगाउनुका साथै वृक्षरोपण गरिएको हो । चुरे दिवसको अवसरमा बुटवल उपमहानगरपालिकाको आयोजना, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाइ बुटवल र नेपाली सेनाको श्री गरूड दल गण रामनगर ब्यारेक बुटवलको सहकार्य र समन्वयमा बाँसका बिरूवा रोपिएको छ । पहिरो रोकथामका लागि पर्खाल लगाइएको क्षेत्र आसपासमा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डे, नेपाली सेनाका जवान र स्थानीयसहितको टोलीले बाँसका बिरूवा रोपेको हो । बिरूवा रोपेपछि नगरप्रमुख पाण्डेले ज्योतिनगर क्षेत्रको पहिरो रोकथामका लागि पर्खाल लगाउने, पानीको बहाब परिवर्तन गर्ने र वृक्षरोपण गरिएको बताए । बुटवल उपमहानगरपालिका विपद् व्यवस्थापन महाशाखाका प्रमुख इन्जिनियर योगेश चापागाईका अनुसार ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रमा भूक्षय नियन्त्रणका लागि ९ सय वटा बाँसका बिरूवा रोपिएको बताए ।

### जनप्रतिनिधिलाई आाखा स्वास्थ्य सचेतना

कपिलवस्तु । ग्रामीण क्षेत्रका आँखाको बिरामी पहिचान गरी उपचारका लागि प्रेरित गर्न कपिलवस्तुका जनप्रतिनिधिलाई आँखा स्वास्थ्य शिक्षा प्रदान गरिएको छ । छन्दे कालेबाबु नारायणी आँखा अस्पताल बहादुरगन्जले कपिलवस्तुका नवनिर्वाचित जनप्रतिनिधिलाई सचेतना प्रदान गरेको छ । अस्पतालले शिवराज र बुद्धभूमि नगरपालिकाका सबै जनप्रतिनिधिलाई एक दिने प्रशिक्षण गरेको छ । अस्पतालका प्रमुख प्रशासक शम्सेर थापा र आँखा स्वास्थ्य बाह्य कार्यक्रम संयोजक ओपेन्द्र चन्दले सहजीकरण गरेका थिए । आँखालाई स्वस्थ राख्ने उपाय, आँखामा लाग्ने रोग र रोगका कारण, समुदायमा आँखा रोगीको अवस्थाको विषयका छलफल गरिएको थियो । जनतालाई मोतिविन्दु रोगबाट आँखाको ज्योति गुम्न नदिन नगरपालिकाले साप्ताहिक रूपमा आँखा जाँच शिविर सञ्चालन गरेको बुद्धभूमि नगरपालिकाका नगरप्रमुख केशवकुमार श्रेष्ठले बताए । अस्पतालले स्थापना भएको १६ वर्षमा नौ लाख आँखा रोगीको उपचार गरेको नेपाल नेत्र ज्योति सङ्घ दाङका सभापति रेशमबहादुर खड्का बताए । अस्पतालले हाल सम्म एक लाख २१ हजार मोतिबिन्दुका बिरामीको सर्जरी गरेको छ । वार्षिक औसत १० हजार बिरामीको सर्जरी गर्दै आएको अस्पतालका अधिकृत जसराज विश्वकर्माले जानकारी दिए ।

### मल नपाउादा बााकेका किसान निराश

बाँके । रासायनिक मल नपाउँदा बाँकेका किसान निराश छन् । रोपाइँमा व्यस्त हुने समयमा समेत किसानले धानको ब्याडमा चाहिने मलका साथै रोपाइँपछि आवश्यक पर्ने युरिया र डिएपी मल हालसम्म पनि पाउन सकेका छैनन् । नेपालगञ्ज-१८ लग्दहवाका मनोजकुमार सोनकर ब्याडमा मल हाल्न नपाए बीउ नसप्रिने र उत्पादनमा कमी आउने बताउँछन् । । ब्याडमा हाल्ने रासायनिक मल खरिदका लागि दैनिक सयौं किसान नेपालगञ्जस्थित कृषि सामग्री कम्पनी पुग्ने गरेका छन् । उनीहरू रित्तो हात घर फर्किन बाध्य छन् । बीउमा हाल्ने मल नपाएपछि यहाँका किसान भारतीय बजार धाउन बाध्य भएको डुडुवा गाउँपालिका-६ हिरमिनियाका सावितराम यादवले बताए । मुख्य बाली धानको ब्याडमा मल हाल्न नपाउँदा किसान चिन्तित बनेका उनको भनाइ छ । कृषि सामग्री कम्पनीमार्फत किसानलाई वितरण गरिने अनुदान सहुलियतको मल पर्याप्त आउन सकेको छैन । बाँकेमा धान खेतीका लागि एक हजार २०० मेट्रिक टन डिएपी, तीन हजार मेटिक टन युरिया र ५० मेट्रिक टन पोटास मल आवश्यक पर्छ । न्यून परिमाणमा मात्र मल प्राप्त भएको कार्यालय प्रमुख रमेश पौडेलले बताए । हाल ३३५ टन डिएपी मल प्रदेश कार्यालय भैरहवाबाट प्राप्त भएको र सोहीअनुसार आउने क्रममा रहेको उनले बताए । युरिया तथा पोटास धान रोपाइँको समयमा आउने प्रदेश कार्यालयले जनाएको छ । कार्यालयले बाँकेका १०७ सहकारी संस्थामार्फत किसानलाई मल वितरण गर्दै आएको छ ।

### जनप्रतिनिधिलाई सम्मान

रौतहट । स्थानीय तहको निर्वाचनमा रौतहटमा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिलाई पूर्वमन्त्री प्रभु साहले सम्मान गर्नुका साथै १२ बुँदे सुझाव दिएका छन् । रौतहटको मौलापुरस्थित एक समारोहका बीच एमाले स्थायी समिति सदस्य समेत रहेका साहले गत वैशाख ३० गते भएको निर्वाचनमा विजयी भएका जनप्रतिनिधिलाई सम्मान गरेका हुन् । साहले निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरूले शासक नभइ सेवक बनेर जनताको काम गर्न निर्देशन दिए । उनले जनप्रतिनिधिलाई १२ बुँदे सुझाव दिएका थिए । कार्यक्रममा एमालेका केन्द्रीय सदस्य कुन्दन कुश्वाहा र उध्व रेग्मी, जिल्ला इन्चार्ज उपेन्द्र साह, प्रदेश कमिटी सदस्य राजकिशोर यादव, प्रदेश सहसचिव आरती भण्डारी, जिल्ला अध्यक्ष त्रिभुवन साह लगायतले निर्वाचित जनप्रतिनिधिलाई बधाई तथा शुभकामना दिएका थिए । कार्यक्रममा मौलापुरको मेयर रिना कुमारी साह, देवाही गोनाहिका मेयर प्रेमलाल साह कानु, गरूडाका मेयर कन्थमणी जयसवाल, मौलापुरका उपमेयर नागेन्द्र यादव, देवाही गोनाहिका उपमेयर परनिया देवि पटेलका साथै जिल्लाको १८ स्थानीयतहमा एमालेबाट निर्वाचित ३४ जना वडा अध्यक्ष, ७ जना नगर कार्यपालिका सदस्य र १२० जना वडा सदस्यलाई सम्मान गरिएको थियो ।

### सुदूरपश्चिमको बजेट पौने ३७ अर्ब

कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले ०७९/८० का लागि ३६ अर्ब ७४ करोड ६४ लाख ६५ हजार रूपैयाँ बजेट विनियोजन गरेको छ । सुदूरपश्चिम प्रदेशसभा बैठकमा बजेट प्रस्तुत गर्दै आर्थिक मामिलामन्त्री प्रकाश रावलले सो बजेट विनियोजन गरिएको बताए । जसमा चालुतर्फ १२ अर्ब २९ करोड ५९ लाख ८४ हजार अर्थात् ३३ दशमलव ४६ प्रतिशत र पुँजीगततर्फ २४ अर्ब १४ करोड ४७ लाख ६१ हजार अर्थात् ६५ दशमलव ७४ प्रतिशत बजेट विनियोजन गरिएको छ । त्यस्तै, अन्तर सरकार वित्तीय हस्तान्तरणतर्फ १ अर्ब ३६ करोड ४९ लाख अर्थात् ३ दशमलव ७३ प्रतिशत बजेट विनियोजन गरिएको बताए । बजेटमा सुदूरपश्चिममा सडक पूर्वाधारका लागि ५ अर्ब ६० करोड, सहिद परिवार ता जनयुद्ध प्रभावितका लागि १२ करोड, मल खरिद गर्न १ करोड,खानेपानी संरचना निर्माण गर्न १ अर्ब ६७ करोड, स्वास्थ्य क्षेत्रमा १ अर्ब ६ करोड बजेट बिनियोजन गरिएको आर्थिक मामिलामन्त्री रावलले प्रस्तुत गरिएको बजेटमा उल्लेख गरिएको छ । यस्तै, सुदूरपश्चिम प्रदेश सरकारले शिक्षा क्षेत्रका लागि एक अर्ब २३ करोडभन्दा बढी बजेट विनियोजन गरेको छ । शिक्षाको गुणस्तर सुधार, आधुनिक पूर्वाधार निर्माण र शैक्षिक जनशक्तिको क्षमता सुधारका लागि प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमअन्तर्गत उक्त बजेट विनियोजन भएको हो । सेती, महाकाली र कर्णलीमा जल यातायात सञ्चालन गर्न आवश्यक बजेट, सुदूरपश्चिम प्रदेश सरकारले गत वर्ष बाढी-पहिरोबाट प्रभावित क्षेत्रका लागि विशेष बजेट विनियोजन गरेको छ । गत वर्ष वर्षाले विभिन्न संरचनमा क्षति पुऱ्याएको भन्दै ती संरचनाको एकीकृत पूर्वाधार निर्माण एवं पुनःस्थापना गरी पीडितको संरक्षण र सम्भावित जोखिम न्यूनीकरण गर्न ६९ लाख विनियोजन गरिएको बजेटमा उल्लेख छ ।

# मधेश प्रदेश सरकारको बजेट वक्तव्यको पूर्णपाठ

माननीय सभामुख महोदय,
माननीय सदस्य महानुभाव लोकनि,
१. एहि गरिमामय सदनक बजेट सत्रमे सर्वप्रथम हम अपने सभके हार्दिक अभिनन्दन करए चाहैत छी। विभिन्न प्राकृतिक आ राजनैतिक आरोह अबरोहक बीच कबि कोकिल विधापतिक आशाबादिताकें आत्मशात कए समुन्नत मधेश प्रदेशक आगतक सकारात्मक परिकल्पनाक संग प्रदेश सरकारक बजेट तैयार कए अपने सभक समक्ष प्रस्तुत करबाक गौरबमय अवसर प्राप्ति स हम गौरवान्वित भए रहल छी। प्रसिद्ध हिन्दी कवि स्व. दुस्यन्त कुमारक पंक्ति
"सिर्फ हंगामा करना मेरा मकसद नही
सारी कोशीश है कि सुरत बदलनी चाहिए"
के आत्मसात कए प्रदेशक समग्र सकारात्मक परिवर्तनक दिशामे अग्रसरताक साथ बजेट तैयार कएल अछि से बिनम्रतापूर्वक निवेदन करए चाहैत छी। आब हम अपनेलोकनिक समक्ष आगामी आर्थिक वर्षक बजेट प्रस्तुत करबाक अनुमति चाहैत छी।

२. यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश जनविद्रोह लगायत विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीरशहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रिय स्वाधीनता, सर्वभौमसत्ताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण गर्न र मधेश प्रदेशलाई समृद्धिको मार्गमा डोर्‍याउने सम्पूर्ण नागरिकहरू प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. प्रदेश सरकार, माननीय प्रदेश सभाका सदस्यहरूको अथक प्रयास र नागरिकहरूको चाहना एवम् सक्रियताले गर्दा मधेश प्रदेश नामकरण र स्थायी राजधानी जनकपुरधाम तोक्न सफल भएकोमा सबै प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। यसले मधेशी जनताको पहिचानको आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने बिश्वास लिएको छु।

४. आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत्त प्रदेशको अधिकारहरू, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौ आवधिक योजना, मधेश प्रदेशको प्रथम आवधिक योजनाले अंगिकार गरेका उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमहरू, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरू, दीगो विकासका लक्ष्यहरू, पूर्व बजेट छलफलका क्रममा माननीय सदस्यज्यूहरूले प्रदान गर्नु भएका रचनात्मक सुझावहरू, विभिन्न विद्वान, सरोकारवालाहरूबाट प्राप्त राय सुझाव एवं प्रदेश सरकारबाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रूपमा लिएको छु।

५. कोभिड-१९ माहामारीको कारणले गर्दा मधेश प्रदेशको औद्योगिक उत्पादन, रोजगारी र विप्रेषणमा कमि आएकोले प्रादेशिक अर्थतन्त्रमा शिथिलता आएको कुरा विदितै छ। यसै बीच अन्तर्राष्ट्रिय भूराजनितिक संकटले गर्दा इन्धन लगायत अन्य सामाग्रीहरूको अत्यधीक मूल्यवृद्धिले गर्दा हाम्रो अर्थतन्त्रमा थप चुनौति सृजना गरेको व्यहोरा सम्मानित सभा समक्ष राख्न चाहन्छु।

६. सन् २०१९ मा गरेको अध्ययन अनुसार बहुआयामिक गरिबी मापन परिसूचकमा मधेश प्रदेशले बिगत ५ वर्षमा ४९.१ प्रतिशतबाट २४.२ प्रतिशतमा गरिबीलाई झार्न सफल भएको व्यहोरा अनुरोध गर्दछु। बाल मृत्युदर, खानेपानी र सम्पत्तिकासूचकहरू बाहेक अन्य गरिवीमापनसूचकहरूमा उल्लेखनीय उपलब्धि हाँसिल गरेको व्यहोरा अवगत गराउन चाहन्छु।

७. अर्थतन्त्रको चुनौतिलाई सामना गर्न र सम्मुनत, समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षालाई पुरा गर्न तुलनात्मक लाभको रूपमा रहेको जनसांख्यिक लाभांश र उपलब्ध उर्बर कृषिभूमिको सही सदुपयोग गर्दै उद्यमशीलता बिकास, लगानी अभिबृद्धि र सेवा व्यवसाय प्रवर्द्धनको माध्यमबाट ८ प्रतिशत आर्थिक बृद्धि हाँसिल गर्नेतर्फ बजेट परिलक्षित रहेकोछ। यसले गरिबी न्युनीकरणमा सघाउ पुयाउनुको साथै नागरिकहरूको विकास र समृद्धिको आकांक्षालाई सम्बोधन गर्नेमा विश्वस्त छु।

माननीय सभामुख महोदय,
अब म मधेश प्रदेशको समष्टिगत आर्थिक अवस्थाको बारेमा संक्षिप्त रूपमा सम्मानित सभा समक्ष प्रस्तुतगर्ने अनुमति चाहन्छु।

८. कोभिड-१९ को प्रभावलेगर्दा विगत वर्षहरूमा मधेश प्रदेशको आर्थिक बृद्धिदर संकुचित भई ऋणात्मक समेत भएको व्यहोरा विदितै छ। चालु आर्थिक वर्षमा औधोगिक उत्पादनमा सुधार, पर्यटनमा अभिवृद्दि, विप्रेषण र रोजगारी अभिवृद्धि जस्ता आर्थिक परिसूचकहरूमा क्रमशः सुधार आएकोले आर्थिक बद्धिदर ४.८ प्रतिशत रहने अनुमान रहेको छ। जुन राष्ट्रिय आर्थिक बृद्धिदरको तुलनामा १ प्रतिशतले कम रहेको छ।

९. नेपालको प्रतिव्यक्ति आय १३८१ अमेरिकी डलर पुगेको भएतापनि मधेश प्रदेशको नागरिकको प्रतिव्यक्ति आय मात्र८६८ अमेरिकी डलर रहेको छ।

१०. नेपाल सरकारको आर्थिक सर्वेक्षण, २०७८ अनुसारमधेश प्रदेशको कुल ग्राहस्थ उत्पादन करिब ४.७१ अर्ब अमेरिकी डलर (ने.रू. ५७४ अर्ब) रहकोछ। यस प्रदेशको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रले ३४.३ प्रतिशत, उद्योग क्षेत्रले १२.१ प्रतिशत र सेवाक्षेत्रले ५३.६ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान रहेको छ।



*मधेश प्रदेशसभामा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री शैलेन्द्र प्रसाद यादव।*

११. कूल ग्राहस्थ बचत कूल ग्राहस्थ उत्पादनको जम्मा ९.३ प्रतिशत रहने अनुमान छ।

१२. आर्थिक बर्ष २०७८/०७९को कुलबजेट रू. ३३.५९ अर्ब मध्ये ७५ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेकोछ। कोभिड-१९ को माहामारीले अर्थतन्त्रमा आएको शिथिलताको बावजूद यस आर्थिक बर्षमा हालसम्मको राजस्व संकलनको अवस्था संतोषप्रद रहेको छ।

माननीय सभामुख महोदय,
१३. अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। मधेश प्रदेशलाई समृद्ध बनाउने लक्ष्यमा प्रस्तुत बजेटले देहाय बमोजिमका उद्देश्यहरू राखेका छन्।

(क) मानविय क्षमता विकास, लगानी प्रवर्द्धन मार्फत उद्यमशीलता र रोजगारी अभिबृद्धि गरी गरिबी न्युनिकरण गर्ने,
(ख) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरीनागरिकको जीवनस्तरमा सुधार ल्याउने,
(ग) कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्वमा अभिबृद्धि र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने,
(घ) भौतिक पूर्वाधारहरू निर्माण गरी लगानी आकर्षण गर्नुका साथै नागरिकको जीवनस्तरमा सुधार ल्याउने,
(ङ) समसामयिक कानूनमा परिमार्जन, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढीकरण मार्फत सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाउने।

१४. बजेटका प्राथमिकताहरू निम्न अनुसार तय गरेकोछु।
(क) कृषिक्षेत्रको रूपान्तरणः- निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती प्रणालीको रूपमा रूपान्तरणको लागि जग बसाल्ने,
(ख) सार्वजनिक निजी साझेदारी मार्फत पुँजी, सीप र प्रविधिमा लगानी अभिबृद्धि गरी प्रादेशिक उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गर्दै रोजगारीको अवसर सृजना,
(ग) मानव संशाधन विकास,
(घ) सामाजिक न्याय तथा सशक्तिकरण,
(ङ) भौतिक पूर्वाधार निर्माणमा जोड,
(च) उद्योग र पर्यटनको विकास,
(छ) पर्यावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन र जोखिम न्युनीकरण,
(ज) जनमुखी सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन।

माननीय सभामुख महोदय,
१५. नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमले परिलक्षित गरेका सोंचहरूलाई कार्यान्वयन गर्नेमा प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

१६. अब म अन्तरसरकार वित्तीय हस्तान्तरण ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण व्यवस्था ऐन, २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव बमोजिम वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७. अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई जनसंख्या, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्था मानवीय संशाधनको विकासको आधारमा मापदण्डहरू तर्जुमा गरी वित्तीय हस्तान्तरणलाई वस्तुनिष्ठ र अनुमानयोग्य बनाइएको छ।

१८. स्थानीय तहले कार्यान्वयन गर्न सक्ने साना योजनाहरू (रू. १५लाख सम्मको) आवश्यकता, औचित्यता, प्रभावकारिता र कार्यक्षमताको आधारमा सम्बन्धित स्थानीयतहहरूमा हस्तान्तरण गर्ने नीति लिएको छु।

१९. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका विषयहरू तत् तत् निकायबाट कार्यान्वयन हुने गरी राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण हुने व्यवस्थालाई निरन्तरता दिएको छु। सशर्त, समपुरक, विशेष र वित्तीय समानीकरण अनुदान कार्य प्रगतिको आधारमा हस्तान्तरण गरिनेछ। सो कार्यको लागि रू. ३ अर्ब ८७ करोड विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,
२०. अव म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१. मधेश प्रदेशको अर्थतन्त्रको मूल आधारको रूपमा रहेको कृषि क्षेत्रको समष्टिगत विकासको सम्भावना, विकास तथा प्रवर्द्धन, कृषिलाइ आधुनिकीकरण र ब्यावसायीकिकरण गरी कृषिमा आत्मनिर्भर हुनुको साथै निर्यात प्रवर्द्धन समेतको लागि दिर्घकालीन नीतिको आवश्यकता भए अनुरूप प्रादेशिक कृषि गुरू योजना तयार गर्नका लागि रू.५०लाख विनियोजन गरेको छु।

२२. कृषि प्रणालीलाई आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्न तथा लागत घटाउनका लागि सामूहिक/सहकारी कृषि प्रणाली खेतीमा जोड दिइएकोछ। खेतीयोग्य कृषि भूमि, बाँझो जग्गा ,नदीबाट उकासभई आएको बगर जग्गा समेतमा उपयुक्त कृषि प्रणालीको प्रयोग मार्फत खेती बिस्तार गरिनेछ। यसले कृषि वालीमा आत्मनिर्भर हुनमा सघाउ पुग्नुको साथै थप रोजगारी समेत सिर्जना हुनेछ। कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण गर्न रू. १७ करोड ८४ लाख विनियोजन गरेको छु।

२३. किसानहरूलाई सरल र सहज रूपमा उन्नत जातको विउ विजन,मल र सहुलियत कर्जा प्रदान,कृषि तथा पशु विमाको विस्तार तथा प्रभावकारी कार्यान्वयन, कृषि सडकको निर्माण, कृषि उत्पादन संकलन केन्द्र निर्माण, कृषि उपजहरूको प्रशोधन र भण्डारण एवम् विक्री वितरणका लागि आवश्यक बजार समेतको व्यवस्था गर्न रू. २८ करोड २० लाख विनियोजन गरेको छु।

२४. किसानसम्म कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान उपलब्ध गराउन स्थानीय तहहरूसँगको समन्वयमा कृषि तथा पशु सेवा क्षेत्रमा अध्ययन गरेका वा अध्ययनरत स्नातकोत्तर वा स्नातक तहको एक/एक जना जनशक्तिको व्यवस्था प्रत्येक स्थानीय तहहरूमा मिलाइने छ। साथै प्राविधिक ज्ञानमा सहज पहुंच र समयमै कृषि बाली तथा पशु पंक्षीहरूको रोग कीरा रोकथाम र नियन्त्रणकालगि, सबै कृषि तथा पशु सेवा ज्ञान केन्द्रहरूमा दक्ष प्राविधीक सहायता कक्षको स्थापना गरी हटलाईन सेवा उपलब्ध गराईनेछ। कृषि तथा पशु प्राविधिकलाई कार्य प्रशिक्षणमा संलग्न गराउन र हट लाईन सेवा सञ्चालन गर्न यथोचित बजेट विनियोजन गरेको छु।

२५. दिगो कृषि प्रणाली कायम गर्नका लागि माटोको गुणस्तर, बालीहरूको फोलिएज तथा कृषि उपजहरूको गुणस्तरियता परिक्षण गर्न कृषि ज्ञान केन्द्रहरूमा प्रयोगशालाको निर्माण र सुदृढीकरण गर्न रू. ७ करोड २८ लाख विनियोजन गरेको छु।

२६. मुख्यमन्त्री किसान उत्थान कार्यक्रम मार्फत साना किसानहरूको आय अभिवृद्दि गर्न, कृषि पैदावारहरूमा आत्मनिर्भरताको लागि आवश्यक संस्थागत्त र संरचनागत प्रारूप तयार गरी कार्यान्वयन गरिनेछ। सो कार्यक्रममा रू. १५ करोड विनियोजन गरेको छु।

२७. पशुजन्य पैदावारको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि नस्ल सुधार कार्यक्रम अन्तरगत्त कृत्रिम गर्भाधान केन्द्र स्थापना विस्तार र सुदृढीकरणको लागि यथोचित बजेट विनियोजन गरेको छु।

२८. प्रदेशलाई दुग्ध र मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम अन्तरगत रू.८ करोड ५०लाख विनियोजन गरेकोछु।

२९. आकस्मिक रूपमा पशुपंछी हरूमा महामारीको रूपमा देखा पर्ने रोग,किराहरूको नियन्त्रण र उपचारको लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु।

३०. पशुसेवा स्वास्थ्य सम्बन्धमा प्राविधिक सहयोग किसानको घरदैलोसम्म चौबिसै घण्टा पुर्याउनका लागि स्थानीय पालिकाहरूको सहकार्यमा घरदैलो ऐग्रोभेट सेवा कार्यक्रम सञ्चालन गरिनेछ। यसकालागि स्थानीय तहको प्रत्येक वडाहरूमा एक एक जना एग्रोभेटको ब्यवस्था गरि परिचालन गर्न रू २ करोड बजेट विनियोजन गरेको छु।

३१. कृषि सिंचाइ प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा कृषि विद्युतीकरण गर्न पहल गरिने छ र जडान गरिएका सिंचाई मिटरको शुल्कमा ७५ प्रतिशत अनुदान प्रदान गर्न रू.५करोड विनियोजन गरेको छु।

३२. नीजितथा गैह्र सरकारी क्षेत्र समेतको सहकार्यमा प्रदेशको प्रत्येक जिल्लामा कम्तिमा एउटा एउटा नमुना एकीकृत जैविक फार्मको विकास गर्न र सो प्रविधिलाई क्रमश:बिस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३३. "सिंचाइ मे लगानी किसान के खुशहाली" नारालाई सार्थक बनाउन डिप टयुबेल,स्यालो टयुबेल तथा साना सिचाई आयोजनाहरू स्थानीय तहबाट नै व्यवस्थापन हुने गरी निर्माण तथा सञ्चालन गर्न रू. ७ करोड २० लाख बजेटको व्यवस्था गरेको छु।

३४. मधेश प्रदेशमा तुलनात्मक लाभको रूपमा बढी उत्पादन हुने व्यवसायीक महत्त्वका मसाला, तरकारी खेती, पुष्प खेती, फलफूल, च्याउ लगायतको खेती विस्तार तथा प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३५. नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम अन्तर्गत नयाँ बजार केन्द्रहरू विकास गर्न, सप्ताहिक हाट बजार सञ्चालन गर्न तथा ब्यापार मेला आयोजना गर्न यथोचित बजेट विनियोजन गरेको छु।

३६. समग्रमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि रू २ अर्ब ७४ करोड २५ लाख बजेट विनियोजन गरेको छ।

माननीय सभामुख महोदय,
३७. मधेश प्रदेशको भू-जलस्तरमा तिब्ररूपमा हास आइरहेको विदितै छ। यसको दिर्घकालीन समाधानको उपाय खोजी गर्न भूमिगत जल हासको कारण र जल पूर्नभरण सम्बन्धि अध्ययन अनुसन्धान गरीनेछ। अध्ययन प्रतिवेदनको आधारमानीतिगत र संरचनागत व्यवस्था गरिनेछ। वनतथावातावरणक्षेत्रकोसमष्टिगत्त दिगो विकास, संरक्षण, सम्वर्द्धन,उचित व्यवस्थापन र सदुपयोगको लागि मधेश प्रदेशको वन तथा वातावरण क्षेत्रको गुरूयोजना तर्जुमाग आवश्यक बजेट विनियोजन गरेको छ।

३८. वन क्षेत्रलाई पर्यावरण संरक्षण, पर्यापर्यटन, दिगो विकास, वन पैदावार उत्पादन र रोजगारी सिर्जनाका लागि महत्त्वपूर्ण आधारको रूपमा विकास गरिनेछ। वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको माध्यमबाट आवश्यक वन पैदावारहरूको उत्पादन र उत्पादकत्वमा अभिवृद्दि भई बनजन्य पैदावारमा आत्मनिर्भर हुनुको साथै वनजन्य उद्यमहरू विकास र विस्तारमा सघाउ पुग्ने विश्वास लिएको छु।

३९. साझेदारी वन, सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, चक्ला वन र कृषि वन लगायतका वनहरूको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम विकास मार्फत रोजगारी र आय आर्जनका अवसरहरू सिर्जना गर्न "समृद्धिका लागि वन कार्यक्रम" कार्यान्वयनको लागि यथोचित बजेट विनियोजन गरेको छ।

४०. स्थानीय समुदायहरूको प्रत्यक्ष सहभागितामा विभन्न प्रजातिका रूख विरूवा तथा फलफुलका विरूवाहरू रोपी हरियाली प्रवर्द्धन गर्न सडक किनार, विद्यालय कम्पाउण्ड, सार्वजनिकजग्गा, उद्योगहरूको कम्पाउण्ड, आदिमा बृक्षारोपण गर्न ग्रामिण तथा शहरी वन विकास कार्यक्रम सञ्चालन गरिने छ। सो कार्यको लागि रू.२० करोड ४० लाख बजेट विनियोजन गरेको छु।

४१. व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैह्रकाष्ठ वन पैदावारहरूको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास र प्रवर्द्धन गरिनेछ। यसका लागि निजी, सार्वजनिक तथा नदी उकासका जग्गाहरू र विद्युत प्रशारण लाईन भित्र पर्ने जग्गामा समेत जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार खेतीलाई बिस्तार गरिनेछ। जडिबुटीको विशेषता र उपलब्धताको आधारमा जडिबुटी प्रशोधन उद्योग स्थापना गरिनेछ। सो कार्यको लागि रू ४ करोड ५० लाख विनियोजन गरेको छु।

४२. वन नर्सरी निमार्ण तथा आवश्यक मर्मत गरी वनजन्य र फलफूल प्रजातिहरूको बहुवर्षिय विरूवाहरू उत्पादन गर्न रू. ५ करोड २० लाख बजेट विनियोजन गरेको छु।

४३. प्रदेश अन्तर्गत रहेका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्यक्षेत्रलाई पर्यावरणीय हिसावले हटस्पट घोषणा गरी व्यवस्थापन गर्न, मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्ने गरी पर्सा-कोशी जोड्ने जैविक मार्गको पहिचान गरी जोखिमयुक्त क्षेत्रहरूको नक्सांकन गर्न र स्थानीय समुदायहरूको प्रत्यक्ष सहभागितामा जैविक विविधता हटस्पट व्यवस्थापनकार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४. चुरेको संरक्षण र सम्वर्द्धनका लागि मौजुदा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूको संगठन र कार्यक्रमलाई पुनरसंरचना गरिनेछ। प्रदेश सरकारको "चुरे जोगाउँ मधेश बचाउँ" अभियान अन्तरगत चुरे संरक्षण, भूक्षय तथा पहिरो नियन्त्रण, वृक्षारोपण ,जलाशय, पोखरीनिर्माण, ताल तलैया संरक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न रू.१८ करोड १० लाख बजेट विनियोजन गरेको छु।

४५. सागरनाथ वन परियोजना भित्रको वनको संरक्षण सम्बर्द्धन र दिगो व्यवस्थापनको लागि विविध विषयमा अध्ययन अनुसन्धान गर्न यथोचित बजेट विनियोजन गरेको छु।

४६. राजबिराज, जनकपुर र वीरगंजमा स्थानीय तहको सहकार्यमा "हरित शहर स्वच्छ शहर" को रूपमा बिकास गर्न सघन कार्यक्रम सञ्चालनको लागि रू १५ करोड विनियोजन गरेको छु।

४७. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी

बाँकी पृष्ठ ६ मा

## संक्षिप्त समाचार

### जसपा र राजपा लोकतान्त्रिकबीच एकीकरण

जनकपुरधाम। जनता समाजवादी पार्टी र राजपा लोकतान्त्रिक पार्टीबीच एकीकरण भएको छ। रितेश सिंह नेतृत्वको राजपा लोकतान्त्रिक जसपामा समाहित भएको हो। एकीकरण समारोहमा जसपाका अध्यक्ष उपेन्द्र यादवले छिट्टो नागरिकता कानुन सदनबाट पास गरी जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता दिनुपर्ने बताएका छन्। उनले नागरिकता पाउनबाट वञ्चित १० लाख मतदाताहरूले स्थानीय तहको चुनावमा सहभागी हुन नपाएको पनि बताए। यादवले मधेशको जनसङ्ख्या ५३ प्रतिशत पुगेको बताउँदै अहिलेको निर्वाचन क्षेत्रमा सुधार गरेर जनसङ्ख्याका आधारमा तोकिनुपर्ने धारणा राखेका थिए।

### जिसस मोरङमा एमालेको प्यानल विजयी

विराटनगर। जिल्ला समन्वय समिति मोरङमा एमालेको प्यानल विजयी भएको छ। एमालेका अजम्बर राई प्रमुख र उषा झा ठाकुर उपप्रमुखमा निर्वाचित भएका छन्। एमालेका राईले २१ मत पाउँदा कांग्रेसबाट प्रमुखका उम्मेदवार बनेका जीतेन्द्र अग्रवालले १३ मत मात्र प्राप्त गरेका थिए। मुख्य निर्पाचन अधिकृत भरत लम्सालका अनुसार उपप्रमुखमा एमालेकी उषा झाले २१ मत पाइन् भने कांग्रेसकी निलमकुमारी सरदारले १३ मत पाइन्। महिला सदस्यमा उमा नेपाली, उर्वसीकुमारी थारू र हरिमायाँ विश्वकर्मा निर्वाचित भएका छन्। खुला सदस्यमा तुलसीप्रसाद घिमिरे, देवमणी कटुवाल र मित्रप्रसाद ढकाल निर्वाचित भएका छन्।

### वैदेशिक रोजगार शाखा सञ्चालनमा

रूपन्देही। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारीको बहानामा ठगी गर्ने कोही कसैलाई छुट नहुने बताएका छन्। बुधबारबाट भैरहवामा संचालनमा वैदेशिक रोजगार व्यवस्थापन शाखाको उद्घाटन भएको हो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै यो कार्यालय स्थापना हुनुपर्छ भन्ने ठूलो आवाज थियो। शाखा संचालनमा आए पछि पूर्व श्रम स्वीकृति, अन्तिम श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिका लागि काठमाडौं जानुपर्ने बाध्यता हटेको छ। जिल्ला प्रशासन कार्यालय अगाडि भैरहवामा वैदेशिक रोजगार व्यवस्थापन शाखाको उद्घाटन भएको हो। कार्यालयमा शाखा अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा काम सुरू भएको छ।

### वन क्षेत्रबाट बालुवा तस्करी

कपिलवस्तु। कपिलवस्तुको बाणगङ्गा नगरपालिकाका नदी किनारको वन क्षेत्र उत्खनन गरेर बालुवा तस्करी भएको छ। नगरपालिकाको वडा ६ रूधौलाघाट नाकासँग जोडिएको वन क्षेत्रबाट बालुवा तस्करी भएको हो। नदीको सतहमा बालुवा पाउन छाडेपछि वन क्षेत्र आसपासबाट बालुवा निकाल्न थालिएको छ। खोलादेखि २ सय मिटर पश्चिमतर्फ रहेको वन क्षेत्रबाट १० फिट गहिरो खाडल बनाई बालुवा निकालिएको छ। बाणगङ्गा नदी अन्तर्गत ठेक्का लगाएको क्षेत्रमा बालुवा सकिएपछि बालुवा लिन वन क्षेत्रभित्र ट्याक्टरको लाइन लाग्नेगरेको छ। करिब ३ बिघा क्षेत्रमा खाडल बनाई बालुवा चोरी भइरहेको छ।

### क्यासिनोबाट सात नेपाली पक्राउ

नेपालगञ्ज। बाँकेको नेपागञ्जस्थित धम्बोजीचोकमा रहेको होटल सिटी प्यालेसभित्र सञ्चालित सिटी इ गेमिङ क्लब क्यासिनोबाट सात नेपाली पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरी टोलीले उक्त क्यासिनोबाट उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए। उनका अनुसार पक्राउ पर्नेमा मनोज विक, विपिनसिंह बडुवाल, गणेश शर्मा, सुलभ कार्की, विक्रम क्षेत्री, आकाश सिंह र मोहित शाह छन्। प्रनाउ न्यौपानेले क्यासिनोभित्र प्रवेश गरी धम्क्याउने गरेको उजुरी आएकाले उनीहरूलाई पक्राउ गरिएको बताए। क्यासिनोमा विदेशीबाहेक नेपालीलाई प्रवेश निषेध गरिएको छ तर नेपालगञ्जका क्यासिनोले निर्वाधरूपमा नेपालीलाई प्रवेश दिइएको बताइएको छ।

### तीन ट्रक सामान पक्राउ

वीरगन्ज। वीरगन्जमा प्रहरीले भारतबाट तस्करी गरी ल्याइएका सामान बोकेर जाँदै गरेका तीनवटा ट्रक नियन्त्रणमा लिएको छ। ती तीन वटै ट्रक र सामानसहित गरी दुई करोडभन्दा बढी मुल्याकंन गरी आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए। खनालका अनुसार वीरगन्ज १० घण्टघार स्थित सडकमा प्रहरीले बा ५ ख ६५५८ र लु २ ख ५३४९ नम्बरको मालवाहक ट्रक रोकेर चेकजाँच गर्दा दुवै ट्रकबाट बिलबिजकभन्दा बढी मुल्यका हार्डवेयर, औषधी लगायतका सामान बरामद भएको हो। यस्तै वीरगन्ज ८ माइस्थान चोक स्थित सडकमा ना ४ ख ४३०१ नम्बरको ट्रक रोकेर चेकजाच गर्दा उक्त ट्रकबाट पनि बिलविजकभन्दा बढी मुल्यको औषधी, लत्ताकपडा लगायतका खुद्रा मालसामान बरामद भएको प्रहरी नाययव उपरीक्षक खनालले बताए।

### गाई र विद्युतीय उपकरण बरामद

रौतहट। रौतहटस्थित सशस्त्र प्रहरीको गस्ती टोलीले १७ वटा गाई र विभिन्न प्रकारको विद्युतीय उपकरण बरामद गरेको छ। सशस्त्र बेस क्याम्प दुधियाभारका सई नेत्र तिमल्सिनाको कमान्डमा गएको टोलिला चन्द्रपुर गौर सडकखण्डको हर्षाहा चौकमा प्रदेश २-०३ ००१ ख १४८७ नम्बरको पिकअप गाडीलाई चेकजाँच गर्ने क्रममा उक्त १७ वटा गाई बरामद गरेको हो। रौतहटबाट तस्करीको माध्यमले भारततर्फ लैजाँदै गरेको गाई सहितको गाडी बरामद गरी आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौर पठाइएको सशस्त्र प्रहरी ११ नम्बर हेक्वा रौतहटले जनाएको छ। उता नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्र चुहावट नियन्त्रण टोलीले विभिन्न विद्युतीय उपकरण बरामद गरेको छ।

### जिससमा गठबन्धन विजयी

कैलाली। कैलाली जिल्ला समन्वय समितिमा सत्तारूढ गठबन्धनका प्रमुख र उपप्रमुख विजयी भएका छन्। समितिको प्रमुखमा नेपाली कांग्रेसका तर्फबाट पदम कलेल निर्वाचित भएका छन्। उनले १३ मत पाउँदा नागरिक उन्मुक्तिका इन्द्र चौधरीले १२ मत पाए। उपप्रमुखमा माओवादीका खगराज भुसाल १३ मत पाएर विजयी भए। एमालेका राजेन्द्र खनालले १२ मत पाए। कैलालीमा सत्ता गठबन्धनअन्तर्गत कांग्रेस, माओवादी र एकीकृत समाजवादीले तालमेल गरेका थिए। गठबन्धनका उम्मेदवारलाई स्वतन्त्रबाट निर्वाचित भएका धनगढीका मेयर गोपाल हमालले पनि सहयोग गरेका थिए। यस्तै नागरिक उन्मुक्ति र एमालेबीच छुट्टै तालमेल भएको थियो। भ्रष्टाचार मुद्दाका कारण माओवादीबाट निर्वाचित मोहन्याल गाउँपालिका अध्यक्ष देवीदत्त उपाध्यायले भने मतदान गर्न पाएनन्।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

मोरङ। मोरङको विराटनगरमा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ। विराटनगर महानगरपालिका-१४ मा अनटेष्ट मोटरसाइकलको ठक्करबाट सोही दिशातर्फ जाँदै गरेका पैदल यात्री स्थानीय ६० वर्षीय मजेबुल मियाको मृत्यु भएको छ। ठक्करबाट घाइते मियालाई विराटनगरस्थित न्युरो अस्पताल लगिएकोमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मोटरसाइकल र चालक भारत मझपुरका ५९ वर्षीय बिन्देश्वर रामलाइ ईलाका प्रहरी कार्यालय रानीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ।

### बेपत्ता युवकको शव इनारमा फेला

कपिलवस्तु। कपिलवस्तुमा एक युवकको शव इनारमा फेला परेको छ। तीन दिनदेखि बेपत्ता कृष्णनगर नगरपालिका-९ बहादुरगञ्जका युवक अर्जुन कहारको शव आज इनारमा डुबेको अवस्था फेला परेको हो। श्रीराम गोरखा माध्यमिक विद्यालय नजिकको इनारमा कहारको शव डुबेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय बहादुरगञ्जका प्रहरी नायव निरीक्षक दीपेन्द्र गिरीले जानकारी दिए। उनका अनुसार कहारको शव परीक्षण गर्न शिवराज अस्पताल पठाइएको छ।

# मधेश प्रदेश...

कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि यथोचित बजेट विनियोजन गरेको छु ।

४८. पारिस्थितिकीय तथा पर्यटकीय महत्वका सिमसार, जलासय, ताल, पोखरी लगायत चुरेको फेदीमा रहेका सरकारी र सार्वजनिक जग्गामा वन्यजन्तुको संरक्षण र पर्यापर्यटनको विकास गर्न वृक्षारोपण, पार्क निर्माण, जलाशय र भल पानी संकलन, पोखरी निर्माण, थिग्रायन नियन्त्रण, सिमसार पुनरोत्थान जस्ताकार्यक्रमहरू सञ्चालन गर्न रू .१८ करोड १०लाख बजेट बिनियजन गरेको छु ।

४९. यस प्रदेशमा वैदेशिक तथा आन्तरिक लगानी प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी ऐन र नियमावलीको तर्जुमा गर्नुको साथै प्रादेशिक लगानी सेवा केन्द्रको गठन गरिने छ । यी संस्थागत संरचनाहरूको माध्यमबाट लगानी प्रवर्द्धनको लागि प्रक्रिया सरलीकरण, सहजिकरण र नियमित नियमन गर्न टेवा पुग्नेछ जसले गर्दा लगानीमैत्री वातावरण सृजना गर्नमा सहयोग प्राप्त हुनेछ। आन्तरिक तथा बाह्य लगानी आकर्षण गर्न लगानी सम्मेलनकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न विभिन्न सरोकारवालाहरूको सहयोगमा सीप तथा उद्यमशीलता विकास तालिम, सूचना प्रवाह, प्रविधि हस्तान्तरण, औद्योगिक मेला सञ्चालन गर्नको लागि रू.२४ करोड ४०लाख विनियोजन गरेको छु साथै उद्यमीहरूको लागि सहुलियतपूर्ण ऋण प्राप्तिमा सहजीकरण गरिने व्यवस्था गरिएको छ ।

५१. स्थानीय कच्चा पदार्थमा आधारित लघु, साना, मझौला उद्योगहरूको प्रवर्द्धनको लागि मूल्य सृङ्खलामा आधारित उद्यमशील र उत्पादनशील संस्कृतिको विकास गर्न लघु तथ साना उद्योगहरूको मझौला तथा ठुला उद्योगहरूसँग अग्र तथा पृष्ठ सम्बन्ध कायम गर्न उद्योग विभागले सहजीकरण गरिनेछ । उद्योगहरूलाई चाहिने जनशक्ति उत्पादन गर्न निजी, गैर सरकारी संस्था, स्थानीय तहको समेत सहभागितामा मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार कार्यक्रममा रू २५ करोड बजेट विनियोजन गरेको छु ।

५२. मधेश प्रदेशको समृद्धिको मूल आधारमध्ये पर्यटन पनि एक रहेकोले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि प्रादेशिक गुरूयोजना निर्माण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. पर्यटन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आगामी आर्थिक वर्षमा लहान, जनकपुर र वीरगंजमा पर्यटन कार्यालयहरू स्थापनाको लागि यथोचित बजेट विनियोजन गरेको छु ।

५४. धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न दुधमती महेन्द्रनगर करीडोर, प्रसिद्ध धार्मिकस्थलहरू जस्तै जानकी मन्दिर जनकपुर, गढीमाई बारा, छिन्नमस्ता भगवती मन्दिर सप्तरी, शम्भूनाथ सप्तरी, कंकालनी मन्दिर सप्तरी, सलहेस फुलबारी सिरहा, परौल थान महोत्तरी, रौजामजार महोत्तरी, भिष्वामठ वीरगंज पर्सा, धनुषाको तुल्सियाही स्थित पौराणिक लक्ष्मी नारायण मठ, आदिको संरक्षण र विकासगर्न रू ३० करोड ३४ लाख विनियोजन गरेको छु ।

५५. ग्रामिण पर्यटनको बिकास गर्न बिभिन्न धार्मिक स्थलहरू र पोखरी संरक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसको साथैभारत सरकारको रामायण सर्किट कार्यक्रमसँग तदात्म्यता मिलाउन नीतिगत र संरचनागत ब्यवस्था मिलाएको छु ।

५६. पर्सा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई बन्यजन्तु र पंक्षी अवलोकन, जंगल सफारीको रूपमा बिकास गर्न र धनुषाधाम संरक्षित वनलाई जैविक पार्क तथा वन्यजन्तु उद्धार केन्द्रको रूपमा विकास गरी पर्यापर्यटनका कार्यक्रमहरू सञ्चालन गर्न यथोचित विनियोजन गरेको छु ।

५७. कृषि पर्यटन, पर्या-पर्यटन र सामुदायिक पर्यटन प्रवद्धनको लागि नीतिगत्त सुधार, पूर्वाधार निर्माण र जनशक्ति बिकास तथाक्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्न यथोचित बजेट विनियोजन गरिनुका साथै पर्यटन व्यवसायमा संलग्न उद्यमीहरूलाई आतिथ्यता र पाककलाका नवीनतम सीप अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. उद्योग, पर्यटन तथा वन मन्त्रालयको लागि कूल रू ४ अर्व ८४ करोड ६४ लाख बजेट विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

५९. संघीय सरकार, स्थानीय तह एवम् सरोकारवालाहरूसँगको समन्वय र साझेदारीमा "पूर्ण सुरक्षित मातृत्व प्रदेश" र "पूर्ण खोप युक्त प्रदेश बनाउन यथोचित बजेट विनियोजन गरेको छु ।

६०. स्वास्थ्य सेवालाई जनस्तर सम्म पुयाउन स्वास्थ्य सुधार योजनाको रूपमा पालिकाहरूसँगको समन्वय र सहकार्यमा उपलब्ध स्रोत साधनले भ्याएसम्म स्वास्थ्यकेन्द्रहरूमा कम्तिमा एक-एक जना एम. बी. बी. एस. चिकित्सकको सेवा उपलब्ध गराईनेछ तथा टोल क्लिनिक सेवा समेत सञ्चालन गरिनेछ । यसका लागि रू. १५ करोड ५१ लाख बजेट विनियोजन गरेको छु।

६१. नसर्ने प्राणघातक तथा जटिल रोग खासगरी क्यानसर, मृगौला डायलाईसिस, पक्षघातका रोगीहरूको उपचारका लागि चिकित्सकको सिफारिश, निजको आर्थिक अवस्था आदिको आधारमा बढीमा रू. १ लाख सम्म प्रति विरामीका दरले अनुदान दिने व्यवस्था मिलाउनका लागि यथोचित बजेट व्यवस्था गरेको छु ।

६२. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक गौरव आयोजनाको रूपमा विकास गर्न र प्रतिष्ठानमा चिकित्सा विज्ञानका विभिन्न विषयहरूमा अध्ययन अध्यापन अनुसन्धान र विशिष्टीकृत सेवाहरू क्रमिक रूपमा प्रदान गर्नको लागि आवश्यक पूर्वाधारहरूको निर्माण गर्न रू. २८ करोड विनियोजन गरेको छु ।

६३. भौतिक संरचना निर्माण भएपनि हालसम्म सञ्चालनमा नआएको स्वास्थ्य सेवाकेन्द्र महोत्तरीको पिपरा तथा अन्य स्वास्थ्य चौकीहरूलाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेटलाईट अस्पतालको रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. धनुषाको नगराईनमा रहेको शहिद दुर्गानन्द झा बाल अस्पताल निर्माणको लागि रू. २ करोड बजेट विनियोजन गरेको छु ।

६५. यस प्रदेशका आठ जिल्लामा रहेका विभिन्न ७२ वटा सरकारी स्वास्थ प्रयोगशालाहरूको सुदृढीकरण तथा गुणस्तर अभिवृद्धिको लागि पूर्वाधार निर्माण, थप जनशक्ति र उपकरणको व्यवस्थाको लागि रू. १२ करोड ११ लाख विनियोजन गरेको छु ।

६६. सप्तरी जिल्लाको तिलाठी नाक कान घाँटी अस्पताल निर्माणको लागि रू ६ करोड विनियोजन गरेको छु ।

६७. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई सुदृढ गर्न जीव चीकित्सा यान्त्रिक (द्यष्य-:भमषअबा भ्लनषलभभचष्लन) प्रयोगशाला स्थापना तथा ब्लड बैंक सेवालाई आधुनिकीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६८. बैकल्पिक स्वास्थ्य उपचार पद्धतिको (आयुर्वेद, होमियोपैथि आदि) सेवा विस्तार एवम् सुदृढीकरणको लागि यथोचित्त बजेट विनियोजन गरिनुका साथै आठ वटै जिल्लाको आयुर्वेदिक अस्पतालहरूमा प्रयोगशाला निर्माणको लागि रू ८ करोड बजेट विनियोजन गरेको छु ।

६९. प्रादेशिक अस्पतालहरू जलेश्वर र लाहानको बेड क्षमतालाई क्रमिक रूपमा ५० शैया सम्म विस्तार गरी विशिष्टीकृत सेवाप्रदान गर्नको लागि क्षमता अभिवृद्धि, संस्थागत सुधार तथा जनशक्ति व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७०. मलेरीया, फाइलेरीया, कालाजार, क्षयरोग, कुष्ठरोग, डेंगु लगायतका रोगहरूको रोकथाम, नियन्त्रण एवम्निवारणका लागि नियमित प्रभावकारी कार्यक्रमहरू समुदाय स्तरसम्म स्थानीय निकायहरूको सहकार्यमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७१. सर्पदंशक उपचारमा प्रयोग हुने Anti–snake venom उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी लागत लाभ समेतको विश्लेषणको आधारमा उपयुक्त देखिएमा भेनम उत्पादनका लागि चरणबद्ध रूपमा आवश्यक पूर्वाधारहरू निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७२. मधेश विश्वविद्यालय वीरगंजको स्थापनार्थ रू. १० करोड विनियोजन गरेको छु ।

७३. सामुदायिक महाविद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बस्तुपरक मापदण्डमा आधारित सहयोग कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेट विनियोजन गरेको छु ।

७४. मटिहानी संस्कृत विद्यालयलाई संस्कृत बिषयक अन्तर्राष्ट्रिय स्तरको अध्ययन र अनुसंधान केन्द्रको रूपमा बिकास गर्न रू २ करोड बजेट विनियोजन गरेको छ ।

७५. प्रत्येक जिल्लाका एक एक विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्न राष्ट्रिय स्तरमा ख्याती प्राप्त विद्यालयहरूसँग व्यवस्थापकीय सम्झौता मार्फत आवश्यकता अनुसारको भौतिक तथा समाजिक पूर्वाधार निर्माण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न रू २६ करोड बजेट विनियोजन गरेको छु ।

७६. नागरिकको गुणस्तरीय शिक्षाको हकलाई आत्मसात गर्दै प्रदेश भित्र रहेका विद्यालयहरूको भौतिक तथा अन्य पूर्वाधारहरूलाई क्रमिक रूपमा बिकास गर्न तथा नवीनतम सूचना प्रविधिमा आधारित टेली शिक्षा प्रणालीको सुरूवात गर्न रू. ६ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

७७. सामाजिक रूपान्तरण तथा लैङ्गिक सशक्तिकरणका लागि मुख्यमन्त्री "बेटी पढाउ बेटी बचाउ अभियान अन्तरगत्त छोरी बीमा, छात्रवृत्ति, लोक सेवा आयोग तयारी कक्षा, साइकिल वितरण लगायत छोरी माथि समाजमा रहेका विभेदको अन्तको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेको छ । यस कार्यक्रमलाई निन्तरता दिदै यस अभियान अन्तर्गत ८ कक्षामा अध्ययनरत छात्राहरूलाई साइकल खरिदका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकको सिफारिशमा सोझै छात्राको खातामा अनुदान रकम हस्तान्तरण गरिनेछ । यस्तै प्रदेशका सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई कम्प्युटर प्रविधिमा पहुँच पुयाउन एक एक थान ल्यापटप समेत उपलब्ध गराउन उक्त कार्यक्रमको लागि रू. ७७ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

७८. मधेश प्रदेशका अत्यन्त विपन्न, कुनै नियमित पारिवारिक आय स्रोत नभएका, नागरिकहरूको नक्सांकन गरी परिचयपत्रको आधारमा "जीवन निर्वाह खर्च" को रूपमा सोझै बैंक खाता मार्फत उपलब्ध गराउन रू. १ अर्व ५० करोड विनियोजन गरेको छु ।

७९. डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बाल बालिकाहरूलाई विद्यालयमा ल्याई साक्षरता दरमा बृद्धि गर्न र स्कुल छाड्ने दरलाई न्यून गर्न दलित शिक्षा अभियान अन्तर्गत प्रत्येक बाल बालिकाको खातामा वर्षेनि रू. २ हजारका दरले शिक्षा बिजक रकम उपलब्ध गराउन रू. २ करोड बजेट विनियोजन गरेको छु ।

८०. मधेश प्रदेशको पिछडावर्गको हकहित संरक्षण एवं सशक्तिकरणको लागी विशेष कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८१. दलित, बिपन्न तथा जेहेन्दार विद्यार्थीहरूको लागि उच्च प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८२. सामाजिक विकास मन्त्रालयको लागि कुल रू ७ अर्व ८० करोड ९६ लाख बजेट विनियोजन गरेको छु ।

माननीयसदस्यहरू,

८३. प्रदेश स्थित सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्र छात्राहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय वा समुदायतह देखि प्रादेशिकस्तरसम्म खेलकुदका क्रियाकलापहरू सञ्चालन गर्नुका साथै आवश्यक पूर्वाधारहरूको क्रमिक रूपमा निर्माण गर्न रू ३० करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

८४. प्रदेशका युवा शक्तिहरूलाई मूल प्रवाह तथा सशक्तिकरण गर्न प्रदेशका आठ वटै जिल्लामा युवा परामर्श केन्द्रको स्थापनाको लागि यथोचित बजेट विनियोजन गरेको छु ।

८५. जेष्ठ नागरिक तथा अनाथहरूको संरक्षण र व्यवस्थापनको लागि नीजि तथा सरोकारवालाहरूको समन्वय र सहकार्यमा सञ्चालित अनाथालय, बालमन्दिर र बृद्धाश्रमलाई सुरक्षित रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८६. मधेश प्रदेशका विपन्न गृहणीहरूले प्रयोग गर्दै आएको ईन्धनको परमपरागत स्रोत गुइठाबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्न अति विपन्न वर्गमा गुईठाको विकल्पको रूपमा वैकल्पिक ईन्धनको प्रयोगको लागि गुईठा विस्थापन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८७. महिला, युवा, अपांगता भएका नागरिक र यौनिक अल्पसंख्यकहरूको सीप, कला र क्षमता अभिबृद्धिको लागि स्थानीय निकाय र गैर सरकारी संघ संस्थाहरूको सहयोग र सहकार्यमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

८८. महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको लागि रू. ६१ करोड ९८ लाख बजेट विनियोजन गरेको छ ।

माननीयसभामुख महोदय,

८९. स्वच्छ खानेपानी पुयाउन पानी ट्याङ्की निर्माण मर्मत सम्भार र सञ्चालन, चापाकल वितरण लगायतका कार्यक्रमहरू सञ्चालन रू. २० करोड ४१ लाख बजेट विनियोजन गरेको छु । जिल्ला स्थित खानेपानी डिभिजन तथा सव डिभिजन कार्यालयहरूमा खानेपानीको गुणस्तर मापन गर्न परीक्षण प्रयोगशालाको स्थापना तथा सुदृढीकरण गरिनेछ ।

९०. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रमअन्तर्गत सार्वजनिक शौचालय निर्माण र मर्मत संभारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९१. सार्वजनिक निजी साझेदारी नीति अनुरूप बैकल्पिक उर्जाको विकास प्रवर्द्धन गर्न रू ११ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

९२. खानेपानी तथा उर्जा विकास मन्त्रालयलाई समग्रमा रू. १अर्ब ६८ करोड ८६ लाख बजेट विनियोजन गरेको छु ।

माननीयसभामुखज्यु,

९३. प्रदेश सरकारबाट निर्मित तथा स्तरोन्नति भएका सडकहरूलाई नियमित, आवधिक तथा अति आवश्यक भएमा आकस्मिक मर्मत समेत गरी दिगो रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

९४. प्रादेशिक सडक निर्माणको लागि "एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा ५-५ कि.मि. सडकहरू निर्माण गरी कालोपत्रे गरिने कार्यलाई निरन्तरता दिन रू. १ अर्व २६ करोड बजेट विनियोजन गरेको छु ।

९५. मधेश प्रदेशमा हाल निर्माणाधिन सडक पुलहरूको निर्माण कार्यलाई निरन्तरता दिन रू ४१ करोड बजेट विनियोजन गरेको छु ।

९६. पालिका केन्द्रहरूलाई प्रदेश राजधानीसंग पक्की सडक संजाल मार्फत जोडनकोलागि वैदेशिक सहयोगमा "प्रादेशिक एवं स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन गर्न पारस्परिक योगदान कोषको लागि रू २४ करोड ५० लाख विनियोजन गरेको छु।

९७. नदी खोलामा आधारित सिचाई सुविधा बिस्तार गर्न साना तथा मझौला सतही सिचाई आयोजनाहरू को निर्माण गरिने छ। पुरानो आयोजनाहरू लाई मर्मत्त सम्भार एबम् आवश्यकता अनुसार सेवा बिस्तार गर्न आवश्यक बजेट विनियोजन गरेकोछ।

९८. भूमिगत्त सिचाईको प्रवर्द्धन गर्न स्यालो ट्यूवेल र डिप ट्यूवेल निर्माण, मर्मत संभार तथा सेवा बिस्तारको लागि रू. ५९ करोड बजेट विनियोजन गरेको छु।

९९. मधेश प्रदेशको राजधानी जनकपुरधाम तथा मुलुककै आर्थिक राजधानीको रूपमा रहेको यस प्रदेशको एकमात्र महानगर बीरगंजको सर्वाङ्गिण विकासको लागि जनकपुरधाम विकास प्राधिकरण तथा वीरगंज विकास प्राधिकरण गठन गर्न रू ३० करोड बजेट विनियोजन गरेको छु ।

१००. पर्सादेखि सप्तरी जिल्ला सम्मको "मधेशशहिद राजमार्ग' को अध्ययनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०१. बनौली विद्यापती डिहको पर्यटकिय तथा सांस्कृतिक विकासका लागि विद्यापतिको प्रतिमा सहित प्रवेशद्वार देखि एकरहिया, सहोडवा, विद्यापति डिह हुँदै मटिहानी सम्म "विद्यापति डिह मार्ग" बनाउने कार्यलाई अगाडी बढाउन रू. २ करोड बजेट विनियोजन गरेको छु ।

१०२. यस प्रदेशमा रहेका बिभिन्न नदी हरू बाट उत्पन्न हुने नदिजन्य प्रकोपको रोकथाम, नियन्त्रण तथा न्यूनीकरणको लागि नदी नियन्त्रण कार्यक्रमको लागि यथोचित बजेट विनियोजन गरेको छु।

१०३. गुणस्तरीय भौतिक पूर्वाधार निर्माणको लागि चाहिने आवश्यक वस्तुहरूको गुणस्तरीयता परिक्षण गर्न पूर्वाधार विकास कार्यालयमा रहेको प्रयोगशालाहरूको सुदृढिकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०४. सवारी चालक अनुमति पत्रको छपाई प्रदेशबाट शुरूवात गर्नका लागि यातायात व्यवस्था विभागसँग समन्वय र सहकार्य गरी उपयुक्तताको आधारमा सूचारू गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. सेवाग्राहीलाई सरल र सहज तवरबाट सेवा प्रदान गर्न मधेश प्रदेशमा रहेका सम्पूर्ण यातायात तथा मालपोत कार्यालयहरूको आवश्यक भौतिक पूर्वाधार निर्माण एवम् सुदृढीकरण गर्न, सेवा प्रवाहको लागि राजश्व तिर्न इलष्िलभ एबथभलत न्बतभधबथ को बिकास गरी लागू गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०६. प्रदेशमा खनिज इन्धनबाट चल्ने सवारी साधनहरूलाई विस्थापित गर्ने नीति अनुरूप प्रमुख सहरहरूमा विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारीमा चार्जिङ्ग स्टेशन लगायत आवश्यक पूर्वाधारहरूको निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०७. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र जेष्ठ नागरिक आवास कार्यक्रमलाई सम्पन्न गरी क्रमशः स्थानीय तहसम्मविस्तार गर्न यथोचित बजेट विनियोजन गरेको छु ।

१०८. हाल नीर्माणाधीन आदर्श बस्ती विकास कार्यक्रम लागु भएका स्थानहरूमा एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालनगर्न आवश्यक बजेट विनियोजन गरेको छु साथै जनता आवास कार्यक्रम अन्तर्गत सञ्चालित डोम, मुसहर, मेहतर र हलखोरको आवास निर्माण कार्यलाई निरन्तरता दिंदै क्रमशः अन्य दलित तथा लोपोन्मुख समुदायसम्म विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०९. "महेन्द्र नारायण निधी विपन्न आवास योजना" अन्तर्गत असहाय र विपन्न परिवार, एकल महिला, अशक्त तथा प्राकृतिक प्रकोपबाट घरवार विहिन भएकाहरूलाई आवासको व्यवस्था गर्न रू २४ करोड विनियोजन गरेको छु ।

११०. मधेश प्रदेशका मन्त्रालयहरूको प्रशासनिक भवन निर्माण गर्नको लागि प्रक्रिया अगाडि बढाउन रू. ५ करोड बजेट विनियोजन गरेको छु ।

१११. समग्रमा भौतिक पुर्वाधार विकास मन्त्रालयको लागि रू. १८ अर्व ८ करोड ४५ लाख ६४ हजार विनियोजन गरेको छु ।

माननीय सदस्यहरू,

११२. सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरूद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि प्रहरी, स्थानीय तह तथा विद्यालयहरूसंगको सहकार्यमा सञ्चालन गर्न रू. १ करोड ५५ लाख बजेट वनियोजन गरेको छु ।

११३. बिपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी, खोज तथा उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण लगायतका चक्रीय कार्यक्रमलाई सरोकारवालाहरूसंग समन्वय गरी कार्यान्वयन गर्न रू. ७ करोड बजेट विनियोजन गरेको छु ।

११४. प्रदेश मुद्रण छापाखाना निर्माण कार्यलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षदेखि सञ्चालनमा ल्याउन रू. १ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

११५. नागरिक सशक्तिकरणको सशक्त सम्वाहकको रूपमा भूमिका निर्वाह गर्ने पत्रकारिता क्षेत्रको उत्थानको लागी पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति तथा महिला पत्रकारहरूको लागी विशेष सुरक्षा कार्यक्रम, पत्रकार प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

११६. मधेश आन्दोलन, जनयुद्ध लगायत जनआन्दोलनका शहिद तथा पीडित परिवारको सम्मान, आर्थिक सहायता, भरणपोषण, छात्रवृति, रोजगारमुलक तालिम लगायतका परिपूरण कार्यक्रमलाई विभिन्न सरोकारवालाहरूको समन्वय र सहकार्यमा सञ्चालन गर्न रू. ७ करोड ३५ लाख विनियोजन गरेको छु।

११७. शान्ति सुरक्षाको क्षेत्रलाई सुव्यवस्थित बनाउन संघीय सरकारको सहमतिमा प्रदेश प्रहरी कार्यालय तथा मातहतका निकायहरूको पूर्वाधार निर्माणको लगि रू. २० करोड ५३ लाख बजेट विनियोजन गरेको छु ।

११८. मधेश प्रदेशमा शान्ति, सुरक्षा, अमनचयन कायम गर्न र विपद्को बेलामा आवश्यक सहयोग उपलब्ध गराउन मधेश प्रहरी सेवा गठनको कार्य अगाडी बढाउन यथोचित बजेट व्यवस्था गरेको छु ।

११९. सञ्चार क्षेत्रको संस्थागत विकासलाई ध्यान दिदै मिडिया काउन्सिल, आम सञ्चार प्राधिकरण एवम् चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्डका लागि रू. ३ करोड ५० लाख विनियोजन गरेको छु ।

१२०. आम नागरिकको सुसूचित हुने अधिकारको सुनिश्चितता र सूचनाको हक प्रत्याभूती गराउन लोक कल्याणकारी विज्ञापन कार्यक्रममा रू. २ करोड विनियोजन गरेको छु ।

१२१. समग्रमा गृह तथा सञ्चार मन्त्रालयको लागि रू. ६४ करोड ३३ लाख २० हजार व्यवस्था गरेको छु ।

माननीयसभामुख महोदय,

१२२. प्रदेश निजामती किताबखानाको स्थापना गरी निजामती कर्मचारीहरूको अभिलेखलाई व्यवस्थित गर्न यथोचित बजेट विनियोजन गरेको छु ।

१२३. सार्वजनिक सेवा प्रबाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रिया सरलीकृत गर्ने र सेवाको लागत र समय घटाइनेछ । सूचना प्रविधिको बिकास र बिस्तार गरि सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१२४. कर्मचारीहरूको क्षमता अभिबृद्धि र जनप्रतिनिधिहरूको अभिमुखिकरण र विभिन्न नीतिगत विषयहरूमा अध्ययन अनुसन्धान गर्न गठित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको भौतिक संरचना निर्माण, मर्मत सम्भार र आधुनिकिकरण गर्न रू. १० करोड २३ लाख बजेट विनियोजन गरेको छु ।

१२५. नेपाल सरकारबाट सुनिश्चित गरेको तलवमान र भत्ता लाई प्रदेश सरकारका निजामती कर्मचारीहरूमा समेत लागु हुने गरी बजेट व्यवस्था गरेको छु । साथै आन्तरिक पर्यटन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु ॥

१२६. प्रदेशको विकासमा हातेमालो गरी सहयोग गर्ने संघ संस्थाहरूलाई कदर गरिनेछ । यस्ता विकासका साझेदारहरूसँग समन्वय र सहकार्य गरी प्रदेशको प्राथमिकता अनुसार विकासको क्षेत्रमा सेवा गर्ने अवसर प्रदान गरिनेछ । प्रदेशको विकासमा योगदान गर्न चाहने इच्छुक व्यक्तिहरूलाई बिकासको विभिन्न क्षेत्रमा स्वयंसेवीको भावनाले सहभागी गराउन प्रदेश विकास स्वयंसेवक कार्यक्रम कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

१२७. प्रदेश जनलोकपाल आयोगको संस्थागत सुदृढिकरण गरी क्रियाशील बनाउन रू. ४ करोड ९७ लाख बजेट विनियोजन गरेको छु ।

१२८. न्यायमा सबैको समान पहुँचको लागी प्रदेशका विपन्न नागरिकहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छर सो कार्यक्रमको लागि यथाचित बजेट विनियोजन गरेको छु ।

१२९. न्याय र कानून क्षेत्रमा कार्यरत जनशक्तिहरूको दक्षता अभिबृद्धि र क्षमता विकास गर्न न्याय क्षेत्र सशक्तिकरण कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु ।

१३०. भाषा, साहित्य र कलाको संरक्षण एवम् सम्बर्द्धनको लागि मधेश प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना गर्न र परम्परागत लोकसंगीत, नृत्य, नाटक लगायतका श्रव्य तथा प्रदर्शनजन्य लोककलाहरूको अध्ययन अनुसन्धान एवम् संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु र मैथिली भाषा-साहित्य र भोजपुरी भाषा-साहित्यको सर्वोत्तमुखी विकासको लागि अक्षय कोषको स्थापना गर्न बजेट विनियोजन गरेको छु ।

१३१. प्रदेश सभा निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि अगामी आर्थिक वर्षमा रू. २ अर्व ३५ करोड रकम विनियोजन गरेको छु ।

१३२. प्रदेश भित्रका स्थानीय तहहरूलाई आगामी आर्थिक वर्षमा वित्तीय हस्तान्तरणका लागि रू ३ अर्व ८७ करोड विनियोजन गरेको छु ।

१३३. प्रदेशमा सञ्चालित आयोजनाहरूलाई समयमै प्रभावकारी ढंगले सञ्चालन गरी सम्पन्न गर्न नतिजामा आधारित कार्यसम्पादन प्रणाली लागु गरिने छ । अधिकृतस्तर देखि माथिका सबै कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गरिनेछ ।

१३४. बजेट अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत बजेटलाई अनुमानयोग्य बनाइनेछ। आयोजनाको पहिचान, प्राथमिकीकरण र प्रतिफल सुनिश्चित हुने गरि आयोजना बैंकमा प्रविष्टि गरि रकम विनियोजन गरिनेछ । प्रदेश सरकारद्वारा प्रदान गरिने अनुदानलाई ब्यवस्थित र प्रभावकारी बनाउन अनुदान कार्यविधि बनाई लागु गरिनेछ ।

१३५. आगामी आर्थिक बर्षमा सरकारी कार्यालयको लागि चारचक्के सवारी साधन खरिद गरिने छैन ।

१३६. प्रदेशको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुयाउने उद्योग व्यवसाय तथा निकायहरूको अनुगमन प्रणाली व्यवस्थित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु । स्थानीय तहबाट प्रदेश संचित कोषमा प्राप्त हुने राजस्व समयमै दाखिला गराउन आवश्यक अध्ययन अनुगमन गरिनेछ ।

माननीयसभामुख महोदय,

१३७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१३८. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू ४६ अर्व ८८ करोड ०९ लाख ४६ हजार बजेट विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रू २१ अर्व ७६ करोड ६७ लाख ९५ हजार अर्थात ४६.४४ प्रतिशत, पूँजीगत तर्फ रू २५ अर्व ८२ करोड २० लाख ८० हजार अर्थात ५३.२१ प्रतिशत रहेको छ र बित्तीय व्यवस्था तर्फ रू १६ करोड ६४ लाख ५६ हजार २ सय मात्र अर्थात ०.३५ प्रतिशत रहेको छ।

१३९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक स्रोतको राजस्वबाट रू ४ अर्व १८ करोड ९३ लाख ७५ हजार, कोषहरूमा रहेको संचित रकम रू ३८ करोड, नेपाल सरकारबाट राजस्व बाँडफाँड वापतप्राप्त रू ११ अर्व ६१ करोड ५८ लाख र समानीकरण वापत प्राप्त अनुदान रू. ७ अर्व ८१ करोड ५८ लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौजदात रू ९ अर्व ६६ करोड, बिशेष अनुदान ४९ करोड, समपुरक अनुदान ७८ करोड, संघिय सरकारबाट सशर्त योजनाको लागि प्राप्त अनुदान रू १० अर्व ६ करोड ५१ लाख, र यूनिसेफबाट प्राप्त हुने अनुदान रू ४ करोड ३३ लाख ४७ हजार गरी जम्मा रू ४५ अर्व ०४ करोड ९९ लाख २८ हजार व्यहोर्दा रू १ अर्व ८२ करोड १० लाख १८ हजार २ सय मात्र न्युन हुने देखिन्छ । सो न्युन पूर्ति गर्न आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ।

माननीय सभामुख महोदय,

१४०. अब म आगामी आर्थिक बर्ष २०७९/८० को राजस्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४१. प्रदेश सभामा बिचाराधिन रहेको कर तथा गैर कर लगाउने सम्बन्धि विधेयक २०७६ लाई पारित गरि कार्यान्वयनमा ल्याइनेछ । जसले प्रदेश सरकारको राजस्वको दायरा बिस्तारमा सहयोग पुगी राजस्व अभिबृद्धि हुनेछ ।

१४२. राजस्व प्रशासन महाशाखा गठन गरी राजस्व सुदृढीकरणका कार्यक्रम मार्फत कर तथा गैर कर चुहावट न्यूनीकरण गरिनेछ ।

१४३. प्रदेशको राजस्व अभिबृद्धिको लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरूलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

१४४. सबारी तथा यातायात व्यवस्था ऐन बमोजिम ट्राफिक प्रहरीले उठाउने जरिवाना वापतको रकम आगामी आर्थिक बर्ष देखि प्रदेश संचित कोषमा जम्मा गर्ने ब्यवस्था मिलाइने छ । यसका लागी संघीय सरकार संग समन्वय गरिनेछ ।

१४५. सवारी साधन कर तिर्ने करदाताहरूलाई सरल र सहज ढंगले सेवा प्रदान गर्न र राजस्व संकलनलाई थप प्रबावकारी बनाउन यातायात क्षेत्रको प्रक्रिया सरलीकरण, प्रविधिको बिस्तार तथा सप्तरीको राजबिराजमा भर्खरै स्थापना भएको यातायात ब्यवस्था कार्यालयको क्षमता तथा सेवा बिस्तार गरिनेछ ।

१४६. सबारी साधन कर तर्फ आगामी आर्थिक बर्षमा सरूवा सहमति दस्तुर लागाउने र कानूनले निर्धारण गरेको तौल भन्दा अधिक तौल ढुवानी गर्ने सवारी साधनलाई थप जरिवाना गर्ने ब्यवस्था गरेको छु ।

१४७. पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाइक्रमशः कम गर्दै बिधुतीय सवारीलाइ प्रोत्साहन गर्ने नीति अनुरूप आगामी आर्थिक वर्षमा विधुतीय सवारी साधनहरूको लागि छुटै सवारी साधन करको दररेट निर्धारण गरेको छु ।

१४८. होटल, रेस्टुरा र साहसिक खेल आदिलाइ आगामि बर्षदेखि आर्थिक ऐनको छुटै अनुसूचीमा पर्यटन शुल्क लगाउने व्यबस्था गरेको छु ।

१४९. सामुदायिक विधालयको आफ्नो नाममा रहेको बिधार्थी ओसार्न प्रयोग गरिने बस तथा मिनिबस, माइक्रोबसहरूमा लाग्ने सवारी साधनकरमा पचास प्रतिशत छुट दिने व्यबस्ता गरेको छु ।

१५०. न्यून आयस्तर भएका श्रमजिवी वर्गको हितलाई ध्यानमा राखि आगामी बर्षमा अटो रिक्सा तथा थ्री ह्विलर टेम्पुले तिर्नुपर्ने सवारी साधनकरमा रू. १ हजार घटाएको छु ।

१५१. घर जग्गा रजिष्ट्रेशन शुल्क संकलन गर्ने मालपोत तथा नापी कार्यालयहरूको संस्थागत्त सुदृढीकरणको लागि न्यूनतम १० लाख र अधिकतम १५ लाख सम्म उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु ।

१५२. घर जग्गा रजिष्ट्रेशन प्रदेश र स्थानीय तहको संयुक्त अधिकार क्षेत्र भित्र परेतापनि सो को मूल्यांकन समितिमा पुरानो कानून बमोजिम प्रदेश सरकार र स्थानीय तह समेतको प्रतिनिधि नभएकोले सही मूल्यांकन हुन नसकी राजस्व प्राप्तिमा प्रतिकूल प्रभाव परिरहेको छ। यसलाइ नियन्त्रण गर्न संघीय सरकारसँग कानूनमा समसामयीक परिमार्जनको लागि अनुरोध गरिनेछ ।

१५३. सबारी साधनकर तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर लगायतका प्रदेश तथा स्थानीय तहबाट बाँडफाँट हुने राजस्वलाई स्थानीय तहसँग समन्वय गरी मासिक रूपमा राजस्व बांडफांट हुने व्यवस्था मिलाइनेछ ।

माननीय सभामुख महोदय,

१५४. आर्थिक बर्ष २०७७/७८को यथार्थ खर्च, आर्थिक बर्ष २०७८/७९ को संशोधित अनुमान र आर्थिक बर्ष २०७९/८० को अनुमानित आयव्ययको बिबरण अनुसूचिहरूमा उल्लेख गरेकोछु ।

१५५. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको महत्तम उपयोग र समन्यायीक बितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक बृद्धि हुने अपेक्षा गरेको छ । सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि भई सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास लिएकोछ ।

१५६. अन्तमे बजेट तर्जुमा करेमे मार्गदर्शन करेवला माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख आ माननीय मन्त्रीसब औरइ माननीय सदस्यगणके प्रती हार्दिक आभार प्रकट करतबानी । बजेट तर्जुमाके क्रममे अहोरात खटेवला सब राष्ट्रसेवक कर्मचारी लोगके धन्यवाद बा । प्रदेशके समृद्धिके खातीर प्रस्तुत बजेट कार्यक्रम तयार करेमे विभिन्न राजनीतिक दलके शीर्ष नेता, स्थानीय तहके जनप्रतिनिधि, अर्थविद्, विभिन्न पेसा व्यवसायके संगठित संस्थासब, वैदेशिक विकास साझेदारसब, नागरिक समाज, सञ्चारकर्मी, करदाता औरइ देश के भितर आ बाहार रहेबला सम्पूर्ण नेपाली भाइ बहिनलोगके सहयोग आ सद्भावके खातीर धन्यवाद देवेके चाहेम । साथे बजेट कार्यान्वयनमे सब पक्षके सहयोग खातीर पूरा विश्वास करतबानी ।

धन्यवाद !

## विश्व परिवेश

# भारतबाट भगवान बुद्धका पवित्र अवशेषहरू मंगोलिया पुगे

कानून र न्याय मन्त्री किरेन रिजिजुको नेतृत्वमा २५ सदस्यीय प्रतिनिधिमण्डलले सोमबार उलानबाटार अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलोश्रद्धा र समारोहका साथ ग्रहण गरिएका पवित्र अवशेषहरू लिएर गएको केन्द्रीय संस्कृति मन्त्रालयले जनाएको छ।



पवित्र अवशेषहरू ग्रहण गर्न उपस्थित हुनेहरूमा मंगोलियाका संस्कृति मन्त्री च नोमिन, सांसद र भारत मंगोलिया फ्रेंडशिप ग्रूपकी अध्यक्षसुश्री सारण्चिमेग; मंगोलियाका राष्ट्रपतिका सल्लाहकार खम्बा नोमुन खान र अन्य महानुभावहरू सहित ठूलो संख्यामा भिक्षुहरू।

यी पवित्र अवशेषहरू नयाँ दिल्लीको राष्ट्रिय संग्रहालयमा राखिएका २२ विशेष अवशेषहरूको अंश हुन्।

पवित्र अवशेषहरू गण्डन मठमा राखिएको छ, जहाँ उनीहरूलाई प्रार्थना र बौद्ध मन्त्रको बीचमा औपचारिक रूपमा स्वागत गरिएकोथियो। ठूलो संख्यामा मङ्गोलियाली मानिसहरू पवित्र बुद्ध अवशेषहरूमा श्रद्धा अर्पण गर्न भेला भएका थिए, संस्कृति मन्त्रालयले भन्यो।

मंगलबारदेखि सुरू हुने प्रदर्शनीलाई सुरक्षित राख्नका लागि बौद्ध भिक्षुहरूको उपस्थितिमा ती अवशेषहरू गण्डन गुम्बालाई हस्तान्तरणगरिएको हो ।

भारतबाट मंगोलियामा अवशेषहरू आएसँगै भारत र मंगोलियाबीचको ऐतिहासिक सम्बन्ध थप प्रगाढ हुने रिजिजुले बताए।

मन्त्रीले गण्डन गुम्बामा रहेको मुख्य बुद्ध मुर्ति २०१५ मा प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गोलियाका जनतालाई उपहार दिएर सन् २०१८ मास्थापना गरिएको पनि औंल्याए ।

प्रधानमन्त्री मोदी मंगोलिया भ्रमण गर्ने भारतका पहिलो प्रधानमन्त्री थिए।

मङ्गोलियामा अवशेषहरू ल्याउनु भनेको राष्ट्रहरूसँग भारतकोसम्बन्धलाई नविकरण गर्ने प्रधानमन्त्री मोदीको चाहनाको निरन्तरता हो जससँग भारतको पुस्तादेखि सांस्कृतिक र आध्यात्मिक सम्बन्धरहेको छ, सरकारले गत हप्ता भनेको थियो।

– *इण्डिया न्यूज नेटवक*

# भारतको व्यापारिक वस्तु र सेवाको निर्यात ६२.२१ बिलियन अमेरिकी डलर

बुधवार अनुमानहरू जारी गर्दै, केन्द्रीय वाणिज्य र उद्योग मन्त्रालयले मे २०२२ मा व्यापारिक वस्तुको निर्यात ३८.९४ बिलियन अमेरिकी डलर भएको बताएको छ, जुन मे २०२१ मा अमेरिकी डलर ३२.३० बिलियन थियो। यो २०.५५ प्रतिशतको सकारात्मक वृद्धि हो।

मे २०२२ को सेवा निर्यातको अनुमानित मूल्य अमेरिकी डलर २३.२८ बिलियन हो, जुन मे २०२१ (अमेरिकी डलर १७.८६बिलियन) को तुलनामा ३०.३२ प्रतिशतले सकारात्मक वृद्धि प्रदर्शन गर्दछ, मन्त्रालयले थप्यो।

जब यो अप्रिल-मे २०२२ मा आउँछ, भारतको समग्र निर्यात (व्यापार र सेवाहरू संयुक्त) अमेरिकी डलर १२४.५९ बिलियन हुने अनुमान गरिएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा २५.९० प्रतिशतको सकारात्मक वृद्धि प्रदर्शन गर्दछ। विवरण दिँदै, मन्त्रालयले अप्रिल-मे २०२२को अवधिमा २४.८६ प्रतिशतको सकारात्मक बृद्धि दर्ता गर्दै, अप्रिल-मे २०२१ को अवधिमा अमेरिकी डलर ६३.०५ बिलियनको तुलनामा ७८.७२ बिलियन अमेरिकी डलर रहेको बताएको छ।

अर्कोतर्फ, अप्रिल-मे २०२२ को सेवा निर्यातको अनुमानित मूल्य अमेरिकी डलर ४५.८७बिलियन हो, जुन अप्रिल-मे २०२१ (अमेरिकी डलर ३५.९२बिलियन) को तुलनामा २७.७१ प्रतिशतले सकारात्मक वृद्धि देखाउँछ।

मन्त्रालयका अनुसार सन् २०२२ को मे महिनामा समग्र आयात (व्यावसाय र सेवाहरू मिलेर) ७७.६५ अर्ब अमेरिकी डलर हुने अनुमान गरिएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ५९.१९ प्रतिशतले सकारात्मक वृद्धि भएको छ।

अप्रिल-मे २०२२ मा समग्र आयात गत वर्षको सोही अवधिको तुलनामा ४५.४४ प्रतिशतले सकारात्मक वृद्धि देखाउँदै १५१.८९ बिलियन अमेरिकी डलर हुने अनुमान गरिएको छ।

– *इण्डिया न्यूज नेटवर्क*

# परराष्ट्रसँग बीआरआई सम्झौता माग

काठमाडौं । नेपाल र चीनबीच बेल्ट एन्ड रोड इनिसिएटिभ (ऋबीआरआई) साझेदारीपत्रमा हस्ताक्षर भएको पाँच वर्ष पुगेकै दिन आज राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले उक्त सम्झौताको प्रतिलिपी माग गरेका छन् । सन् २०१७ मे १२ मा भएको यो सम्झौताको मुल कपी सरकारले अझै लुकाएको भन्दै युवा नेता विनयले परराष्ट्र मन्त्रालयमा सुचनाको हक पाउने अधिकारलाई टेकेर उक्त माग गरेका हुन् ।



सम्झौता पत्र नै सरकारले लुकाएका कारण बीआरआईका विषयमा नेपालमा औपचारिक छलफल र बहस समेत नभएको उनले आरोप लगाएका छन् । यो परियोजना अन्तर्गत नेपालका कुनै कार्यक्रम सञ्चालनमा छ/छैन भन्ने विषयबारे विस्तृत जानकारी कुनैपनि नेपाली नागरिकलाई नभएको नेता यादवको दाबी छ ।

नेता यादवद्वारा जारी विज्ञाप्तिमा भनिएको छ, 'जसरी अमेरिकी परियोजना एमसीसी सार्वजनिक बहसको विषय बन्यो, गल्ली-गल्ली, चौतारा, चिया पसल लगायतका ठाउँमा चर्चाको विषय बन्यो, त्यसरी बीआरआईका विषयमा छलफल हुनै पाएन। यसको मुल कारण भनेको सरकारले सम्झौता लुकाउनु नै हो। बीआरआई सम्झौतामा के छ ? भन्ने विषय अहिलेसम्म सरकारले लुकाएको छ । बीआरआई सम्झौताको प्रतिलिपीसहित विआरआइ सम्झौता अन्तर्गत नेपालमा संचालमा रहेका परियोजनाहरूको नाम र ठेगाना, परियोजनाको लागत र श्रोत तथा ति योजनामा कति ऋण र कति अनुदान हो ? भन्ने विषयको जानकारी तत्काल सार्वजनिक गरियोस् ।'

नेपालले पहिलो पटक सन् २०१७ मा बीआरआईमा हस्ताक्षर गर्दा नेपालको तर्फबाट तत्कालीन उपप्रधानमन्त्री कृष्णबहादुर महराको नेतृत्वमा नेपाली टोली बेइजिङ गएको थियो । बीआरआई परियोजनाअन्तर्गत नेपालले सुरूआतमा ३५ वटा परियोजनाको सूची पठाएको थियो तर चीनले त्यो संख्यालाई एक अंकमा घटाउन भनेपछि ९ वटा परियोजना पठाइएको थियो ।

ती परियोजना रसुवागढी-काठमाडौं सडक स्तरोन्नति, किमाथांका-लिने सडक निर्माण, दिपायलबाट चिनियाँ नाकासम्मको सडक, टोखा-बिदुर सडक (टर्नेलसहित), गल्छी-रसुवागढी-केरूङ ४०० केभी ट्रान्समिसन लाइन, केरूङ-काठमाडौं रेलको सम्भावता अध्ययन, तमोर हाइड्रो परियोजना (७६२ मेगावाट), फुर्कोट कर्णाली हाइड्रो परियोजना (४२६ मेगावाट) र मदन भण्डारी विश्वविद्यालय भएको नेपाली पक्षबाट सूची बाहिर ल्याइएको थियो ।

तर ती परियोजना नेपाल सरकारका तर्फबाट छनोट भएका हुन् वा होइनन् भन्ने हालसम्म सरकारले आधिकारिक रूपमा बाहिर ल्याएको छैन । सन् २०१८ जुनमा तत्कालीन केपी शर्मा ओलीको चीन भ्रमणका बेला पनि संयुक्त विज्ञप्तिमा बीआरआई कार्यान्वयनलाई जोड दिइएको छ ।

सन् २०१९ को अप्रिलमा राष्ट्रपति विद्यादेवी भण्डारीको राजकीय चीन भ्रमणका बेला पनि बीआरआई परियोजनाअन्तर्गत दुई देशबीच सीमापार बहुआयामिक पूर्वाधार सन्जाल (ट्रान्स हिमालयन मल्टिकनेक्टिभिटी नेटवर्क) लाई अघि बढाउने सम्बन्धमा सहमति भएको थियो ।

तर, अहिले बीआरआईको विषय कुन अवस्थामा छ र कुन कुन परियोजना संचालनमा छन भन्ने विषयमा अन्यौलता देखिएपछि आफुले सूचनाको हक प्रयोग गरेर मन्त्रालयमा निवेदन दर्ता गराएको अध्यक्ष यादवले वताए ।




# महानगरले हटायो ज्यालादारी कर्मचारी

पर्सा । वीरगञ्ज महानगरपालिकाले ज्यालादारीमा कार्यरत ६४ कर्मचारीलाई हटाएको छ । महानगरले कम्प्युटर अपरेटर २१ जना, कार्यालय सहयोगी १६ जना, कुचिकार ६ जना, फायरमैन ५ जना, चौकीदार, सब इन्जिनियर, स्टाफ नर्स, अमिन, हेभी सवारी चालक, अहेब २/२ जना, माली, मेकानिकल हेल्पर, सुपरभाईजर, चैनमैन १/१ जना गरी ६४ कर्मचारीलाई हटाइएको हो ।

दैनिक ज्यालादारीमा कार्यरत रहेको प्रशासन महाशाखा प्रमुख रामकुमार कुशवाहले जानकारी दिए । प्रमुख प्रशासकीय अधिकृत बलराम ढकालद्वारा जारी सूचनामा २०७८ वैशाखदेखि दैनिक ज्यालादारीमा कार्यरत उनीहरूलाई असार १ गतेदेखि काममा नआउन भनिएको छ । मेयर राजेशमान सिंहले निवर्तमान नगर प्रमुख विजयकुमार सरावगीको कार्यकालमा दैनिक ज्यालादारीमा राखिएका कर्मचारीलाई हटाएका हुन् ।

प्रमुख प्रशासकीय अधिकृत ढकालले महानगरलाई आवश्यकता परेको समयमा ज्यालादारीमा काम लिने र आवश्यक नपरेको समयमा हटाउनु सामान्य प्रक्रिया भएको बताएका छन् । तर, मेयर सिंहले ज्यालादारीमा कार्यरत कर्मचारीहरूले सन्तोषजनक काम नगरेकाले हटाउनुपर्ने अवस्था आएको बताए । 'विशेषगरी दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरू कार्यालयमा १२/१ बजे आउने हाजिर गर्ने, काममा ध्यान नदिने समस्या देखियो' उनले भने, 'त्यसलै हटाउने निर्णयमा पुगेका हौं ।'

# हावाहुरीले केराखेतीमा क्षति

कैलाली । कैलालीमा आएको हावाहुरीले क्षति गरेको छ । हावाहुरीले रूख ढालेपछि टीकापुरमा दुई घरमा पूर्ण क्षति भएको छ । हावाहुरीका कारण टीकापुर-१ विशालनगरका भरत विकको तीनकोठे कच्ची घरमा रूख ढलेर क्षति भएको छ ।

त्यस्तै, टीकापुर-४ का भल्लुराम चौधरीको दुईकोठे कच्ची घर र भान्सामा रूख ढलेर क्षति भएको छ । हावाहुरीका कारण त्यहाँ सयौं घरका छानामा भएका जस्तापाता उडाएको, विद्यालयका छाना उडाएको र ठाउँ-ठाउँमा बिजुलीका पोल ढलेका छन् । हावाहुरीकै कारण जिल्लामा केराखेतीका क्षति भएको छ । हावाहुरीका कारण टीकापुर क्षेत्रमा मात्रै सयौं बिघा केराखेती नष्ट भएको किसानको गुनासो छ ।

टीकापुरका केरा किसान टेकेन्द्र धामीको १० बिघामा लगाएको केराखेती हावाहुरीले ढालेको छ । केरा उत्पादन हुने समय नजिकिँदै गर्दा हावाहुरीले केराखेतीमा नोक्सानी गरेपछि किसान पीडामा छन् । टीकापुर केराखेतीका लागि उर्वर भूमि मानिन्छ । यहाँ सयौं बिघा जमिनमा खेती गरिएको छ । हावाहुरीले कतिपय किसानका पूरै बारी ढालेको छ । यसका साथै हावाहुरीले तरकारी खेतीमा समेत नोक्सानी गरेको किसानको गुनासो छ । हावाहुरीका कारण क्षति भएका विवरण आइरहेकाले क्षतिको विवरण संकलन गरी नगरपालिकाले पीडामा रहेका किसानलाई राहतका कार्यक्रम ल्याउने टीकापुर नगरउपप्रमुख खड्कबहादुर शाहले बताए ।

## जिल्ला समाचार

# विमानस्थलपीडितद्वारा प्रदर्शन

विराटनगर । विराटनगर- ४ का विमानस्थल प्रभावित साढे ३ सय परिवार मुआब्जा वा जग्गा फुकुवाको माग गर्दै आन्दोलनमा उत्रिएका छन् । उनीहरूले जिल्ला प्रशासन कार्यालय मोरङ र मुख्यमन्त्री कार्यलय अगाडी धर्ना दिएका थिए । उनीहरूले मुख्यमन्त्री राजेन्द्र राई र प्रमुख जिल्ला अधिकारी काशीनाथ दाहाललाई ज्ञापनपत्र बुझाउँदै एकसाता भित्रमा मुआब्जाको व्यवस्था वा घर जग्गा फुकुवा नगरे सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् । विमानस्थलको स्तरोन्नती गर्ने भन्दै सरकारले आसपासका साढे तीनसय परिवारको १ सय २६ विघा जमिन र घर दुई वर्षदेखि रोक्का गरेर मुआब्जा दावी गर्न बोलाएको थियो । तर सरकारले मुआब्जाका लागि दुईवर्ष सम्म बजेटको व्यवस्था नगरेपछि उनीहरू सडकमा उत्रिएका हुन् ।

# लुम्बिनीको बजेट ४२ अर्ब ६३ करोड ५७ लाख

रूपन्देही । लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि ४२ अर्ब ६३ करोड ५७ लाख रूपैयाँको बजेट ल्याएको छ। कृषि, शिक्षा , स्वास्थ्य र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राख्दै लुम्बिनी सरकारले बजेट सार्वजनिक गरेको हो । लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा सहकारीमन्त्री कृष्णध्वज खड्काले बजेट बजेट प्रस्तुत गर्दै पुंजीगत बजेट २४ अर्ब ४७ करोड ७० लाख ४८ हजार रूपैयाँ छुट्याइएको बताए । यो कुल बजेटको ५७. ४१ प्रतिशत हो । चालु खर्चका लागि १३ अर्ब ३२ करोड ७६ लाख ५२ हजार रूपैयाँ बजेट छुट्याइएको छ। यो कुल बजेटको ३१ .२६ प्रतिशत हो। वित्तीय हस्तान्तरणका लागि ४ अर्ब ८३ करोड १० लाख रूपैया छुट्याइएको छ । यो कुल बजेटको ११. ३३ प्रतिशत हो । बजेटमा प्रदेश गौरव योजनाका लागि १ अर्ब ६९ करोड छुट्याइएको छ भने रूपन्देहीमा रहेका प्रदेश मन्त्रालय एक वर्षभित्र स्थायी राजधानी दाङमा सार्न, राप्ती प्राविधिक शिक्षालय स्थानान्तरण र सरस्वती माविको स्तरोन्नतिका लागि ७ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ । बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्वतर्फ ३ अर्ब १० करोड ५९ लाख रूपैयाँ विनियोजन गरिएको छ ।

# तिलौराकोटमा मौर्यकालीन भग्नावशेष फेला

कपिलवस्तु । बुद्धस्थल तिलौराकोटको मध्य भागमा रहेको पोखरीको दक्षिणतर्फको संरचना उत्खनन गर्दा मौर्यकालीन इँटाले बनेका पर्खालको भग्नावशेष फेला परेका छन् । पर्खालमा ४७ सेन्टिमिटर लामो, २६ देखि २८ सेन्टिमिटर चौडा र ७ सेन्टिमिटर मोटो इँटा प्रयोग गरेको पाइएको छ । यसअघि सन् २०१६/१७ मा उत्खनन गर्दा पोखरीको दक्षिण-पश्चिम र पूर्व-दक्षिणको कुना भेटिएको थियो । अहिले उक्त दुवै कुना दक्षिणी क्षेत्रबाट एकापसमा जोडिएको पाइएका हुन् । पुरातत्व विभाग र लुम्बिनी विकास कोषका विज्ञ एवं पुरातत्वविद्को टोलीले अत्याधुनिक प्रविधिका उपकरण प्रयोग गरेर करिब एक महिनासम्म उत्खनन गरेको थियो । एक मिटर चौडा र २४ मिटर लामो ट्रेन्च खनेर उत्खनन गर्दा माटाका भाँडाकुँडा, कर्ड इम्प्रेस, तामाका सिक्का, जनावरका मूर्ति र शिलाछाप पाइएका छन् । रेडियो कार्बन तिथि निर्धारण गर्दा इसापूर्व तेस्रोदेखि दोस्रो शताब्दी झन्डै २४ सय वर्षअघि बनेको संरचना फेला पर्नाले तिलौराकोटको ऐतिहासिकता प्रमाणित बन्दै गएको पुरातत्व विभागका पुरातत्त्व अधिकृत भास्कर ज्ञवालीले बताए । मौर्यकालीन समय २४ सय वर्षअघि दक्षिण एसियामा निर्माण गरिएका सार्वजनिक संरचनामध्ये वैज्ञानिक मिति पत्ता लागेका थोरै संरचनामध्ये यो एक रहेको लुम्बिनी विकासका कोष सदस्य-सचिव सानुराजा शाक्यले बताए । सरकारले पनि ०७९/८० को नीति तथा कार्यक्रममा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने कुरालाई प्राथमिकता दिएको छ । तिलौराकोट शाक्यवंशीय राजा शुद्धोदनको राजधानी तथा राजकुमार सिद्धार्थले २९ वर्षको युवा अवस्था बिताएको महत्वपूर्ण स्थल हो ।

# सिकलसेलका बिरामी बढ्दै

बाँके । पछिल्लो समय बाँके जिल्लाका थारू समुदायमा देखिएको सिकलसेलका बिरामीको सङ्ख्यामा वृद्धि हुन थालेको छ । उपचारार्थ भेरी अस्पताल, नेपालगञ्ज आउने बिरामीको पनि चाप बढ्न थालेको अस्पतालले जनाएको छ । यस्ता बिरामीलाई एक लाखसम्म निःशुल्क उपचार गर्ने सरकारको नीति छ तर एउटा बिरामीका लागि सो रकम अपुग भएको अस्पतालका चिकित्सकले जनाएका छन् । अस्पतालका सूचना अधिकारी डा सङ्केतकुमार रिसालले प्रतिदिन सरदर २०० सिकलसेलका बिरामी उपचारका लागि आएको जानकारी दिँदै रोग पहिचानका लागि थारू समुदायका बस्तीमा स्वास्थ्य कार्यालयमार्फत शिविरसमेत सञ्चालन गरिएको बताए । सिकलसेलसँगै थालसेमिया रोगसमेत देखिएको उल्लेख गर्दै शिविरमार्फत सिकलसेलको स्क्रिनिङ परीक्षणपछि थप बिरामीको भेरी अस्पतालमा रहेको 'एचबी एलेक्ट्रो फोरोसिस' मेशिनबाट सिकलसेल रोग निश्चित गरेपछि मात्रै सरकारले उपचार गर्ने जानकारी दिए । उनले सिकलसेल र थालसेमिया दुवै रोग रगतसँग सम्बन्धित रोग भएको बताए । जिल्लाको थारू समुदायको बाहुल्य रहेको ठाउँमा गरिएका परीक्षणमा ती समुदायमा सिकलसेलका बिरामी देखिएका छन् । राप्तीसोनारी गाउँपालिकाको बैजापुरमा मात्रै १५० जनाको परीक्षण गर्दा २१ लाई सिकलसेल पुष्टि भएको छ । स्वास्थ्य कार्यालयले दश दिनदेखि यस क्षेत्रमा सिकलसेल तथा थाल सेमिया रोगको परीक्षण गरी जाँच गरिरहेको छ । सो अवधिमा चार सय जनाको परीक्षण गरिसकेको ती मध्येमा ३१ प्रतिशतलाई सो रोग देखा परेको छ । कार्यालयका अधिकृत नरेश श्रेष्ठले थारू समुदायमा सिकलसेल तथा थालसेमिया भन्ने लुकेका बिरामी धेरै हुन सक्ने जानकारी दिए । कोहलपुरमा नगरपालिका आफैंले सिकलसेल जाँच गरेको छ । नगरपालिकाले नौ हजार मानिसको परीक्षण गर्दा सात सयमा सो रोग देखा परेपछि उनीहरूको उपचार गरिरहेको छ । जिल्लामा कोहलपुर, राप्ती सोनारीसँगै बैजनाथमा थारू समुदायको बसोबास बढिरहेको छ ।

# गाउपालिकामा परेका उजुरीमा छानबिन

पर्सा । पर्साको कालिकामाई गाउँपालिका विरूद्ध परेको उजुरीहरू बारे छानबिन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोली गाँउपालिकामा पुगेको छ । गाउँपालिका कार्यालय र वडा कार्यालय मार्फत निर्माण भएका साना पुल, ढलान सडक र नालाको निर्माण कार्यविरूद्ध परेका उजुरीहरू बारे छानबिन गर्न अख्तियारको टोली गाँउपालिकामा पुगेको हो । पुल, ढलान सडक, नाला निर्माण लगायतका स-साना योजनाबारे परेका उजुरीहरूको छानबिन गर्न अख्तियारका शाखा अधिकृत गोपाल शर्मा नेतृत्वको टोलीले पालिकामा पुगेका हुन् । गत आर्थिक वर्षमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहको पालामा कालिकामाई गाउँपालिका वडा नम्बर ३ हरिहपुरमा निर्माण भएको पुल र सडक ढलानको स्थलगत निरीक्षण गरिएको छ । वडा नम्बर ३ को पुल ४० लाख रूपैयाँको लागतमा ठेक्दार कम्पनी मार्फत निर्माण भएको थियो । प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहकै पालामा यसअघि पनि विपत व्यवस्थापनको रकम लगायतको योजनामा भएको हिनामिनाको सम्बन्धमा अख्तियारको टोलीले गाउँकार्यपालिका कार्यालयमा पुगेर दुई दिनसम्म छानविन गरेको थियो ।

# विद्यालय दिवा खाजामा लापरबाही

रौतहट । रौतहटको गरूडा नगरपालिका १ मा संचालनमा रहेको आधारभूत विद्यालयमा दिवा खाजामा व्यापक लापरबाही हुने गरेको पाइएको छ । विद्यालयको संचालन नै पूरै अव्यवस्थित रहेको जयनगरमा दिवा खाजामा व्यापक लापरबाही रहेको देखिएको हो । गरूडा नगरपालिकाका नगर प्रमुख कन्थमनि प्रसाद कलवार र नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु राय यादवले बुधबार विद्यालयको अनुगमन गर्दा कहिल्यै नसोचेको दुर्दशा देखेको नगर प्रमुखले जानकारी गराएका छन् । विद्यालयमा सरसफाइको अभाव रहेको, महिनौंदेखि कक्षा कोठाहरू नबढारिएको, विद्यालयको शौचालय नरकजस्तो फोहोर भएको, सिमेन्टको बोरा कक्षामा खुल्लै छाडेर उडिरहेको धुलोबीच विद्यार्थीहरू बस्नु परेको, कागजपत्र कुनै पनि दुरूस्त नरहेको आफूले पाएको नगर प्रमुख कलवारले जानकारी गराएका छन् । विद्यालयमा रहेको शिक्षक हाजिरी रजिस्टरमा पनि कैयौं दिनदेखि शिक्षकहरूले हाजिर गरेको नपाइएको, बिना सूचना प्रधानाध्यापक अनुपस्थित रहेको, शिक्षकहरूले विद्यालय पोसाक नलगाएको देखिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु यादवले बताएका छन् । विद्यालयमा बालबालिकाको लागि संचालन गरिएको खाजामा अकल्पनीय लापरवाही देखेर आफू आश्चर्यचकित भएको नगर प्रमुख कलवारको भनाइ छ । यसैबीच वडा नम्बर ७ मा रहेको श्री माध्यमिक विद्यालयमा पुग्दा विद्यालय नै बन्द रहेको देखिएको छ । बिना कुनै सूचना विद्यालयमा बन्द रहेको देखिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले बताएका छन् ।

# भारतको सहयोगमा निर्मित सर्लाहीको श्रीफौद सिंह जनता माध्यमिक भवनको उद्घाटन

सर्लाही । भारत सरकारको सहयोगमा निर्माण भएको सर्लाहीको श्रीफौद सिंह जनता माध्यमिक भवनको उद्धाटन गरिएको छ ।
दुई तल्ले भवन मधेश प्रदेशका सामाजिक विकासमन्त्री नवलकिशोर साह तथा भारतीय महावाणिज्यदूत नितेश कुमारले संयुक्त रूपमा आज उद्धाटन गरेका हुन् ।
विद्यालय भवन शिक्षा क्षेत्रमा भारतको अनुदान सहयोग कार्यक्रमअन्तर्गत निर्माण गरिएको भारतीय दूतावासद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।
यो परियोजना भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउने आजादी का अमृत महोत्सव' अन्तर्गत रहेको छ । विद्यालय नेपालमा यस वर्ष उद्धाटन गरिने ७५ परियोजनाहरूमध्ये एक हो ।



यो विद्यालय भवनले ग्रामीण क्षेत्रमा शिक्षाको वातावरण सिर्जना गर्नुका साथै सर्लाहीमा शिक्षाको विकासमा टेवा पुऱ्याउने विश्वास भारतले लिएको छ ।

# नेपाल–भारत सीमा समस्याबारे छलफल

नेपालगञ्ज । नेपाल-भारतको सीमा समस्यालाई लिएर नेपाल भारत खुला सीमा संवाद समूहले नेपालगञ्जमा एक कार्यक्रम आयोजना गरेको छ ।
समूहका केन्द्रिय सयोजक राजीव झाको प्रमुख अतिथिमा सम्पन्न कार्यक्रममा नेपालगञ्ज-रूपैडिया जनसम्बन्ध विषयमा छलफल भएको थियो । नेपालतर्फका नेपालगञ्ज र भारततर्फका रूपैडियाका जनताले भोगेका समस्याका बारेमा वृहत् छलफल भएको संयोजक झाले बताए ।
छलफलमा दुवै देशका पत्रकार, समाजसेवी, नेतागणहरू तथा जनप्रतिनिधिको उपस्थिति थिए । नेपाल जडीबुटी व्यवसायी संघ बाँकेका प्रतिनिधिले नेपाल-भारत सीमा नाकामा रिक्साको आवात-जावतमा रोक लगाएका कारण जनमानसले सास्ती भोग्नु परेको बताउँदै यहाँका होटल व्यवसायले सुरक्षाको मापदण्ड प्रयोग नगरेको, खुला सिमानाका कारण अवैध चोरी पैठारी भई रहेको, भारतमा नेपाली गाडीहरूले सहज पास पाउन नसकेको जस्ता समस्या रहेको बताएका थिए ।
नेपालगन्ज उपमहानगरपालिकाका उपप्रमुख कमरूद्दीन राईले दुवै राष्ट्रको सुरक्षालाई ध्यानमा राखेर देखिएका समस्याको हल गर्नु पर्ने बताएका थिए । उनले सीमा भिडभाड कम गर्न रिक्साको आवात जावतमा रोक लगाइएको बताए । त्यस्तै कार्यक्रममा नेपालगन्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष नन्दलाल वैश्यले दुवै पक्षीय समस्याका लागि समिति बनाएर अघि बढ्नु पर्ने सुझाव दिएका थिए ।
उनले दुवैतर्फ समितिका सदस्य भएमा कसैलाई समस्या परेको बेला उनीहरूबाट मद्दत लिन सकिने बताए । साथै उनले यस्ता कार्यक्रम ३/३ महिनामा हुनु पर्नेमा जोड दिए । त्यसैगरी कार्यक्रममा सामाजिक अभियन्ता विनोद अग्रहरीले नेपालगञ्जका होटल व्यवसायी र घरधनीले घर तथा कोठा भाडामा दिँदा अनिवार्य रूपमा परिचयपत्रको नियम लागू गर्नुपर्ने सुझाव दिए ।
दुवै देशबीच सामाजिक, सांस्कृतिक, रीतिरिवाज, रहनसहनको समानता भएका कारण त्यसलाई न खलबलाई समस्या सुल्झाउन सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुपर्ने उनले बताए ।

## मधेश...

मन्त्रालयका लागि कुल ६५ करोड बजेट विनियोजन गरिएको छ । मधेस प्रदेशमा मुख्यमन्त्री किसान उत्थान कार्यक्रमका लागि १५ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । मुख्यमन्त्री किसान उत्थान कार्यक्रमअन्तर्गत साना किसानहरूका लागि १५ करोड विनियोजन गरिएको जानकारी दिए ।
बजेट भाषणको शुरूआत मौथिली भाषाबाट गरेका मन्त्री साहले मैथिलीको विकासका लागि पनि पहिलोचोटी योजना ल्याएका छन । महोत्तरी बनौली स्थित विद्यापति डीहको पर्यटकीय र सांस्कृतिक विकासका लागि विद्यापतिको प्रतिमा सहित प्रवेशद्वारबाट एकरहिआ, सहोडवा, विद्यापति डिह हुँदै मठिहानीसम्म विद्यापति डीह बनाउने कार्यलाई अगाडी बढाउन २ करोड बजेट विनियोजन गरेको छ । मैथिली र भोजपुरी भाषा साहित्यको विकासका लागि अक्षय कोष स्थापना गर्नुका साथै भाषा साहित्य कला संस्कृतिको विकासका लागि मधेश प्रज्ञा प्रतिष्ठान स्थापना, परम्परागत लोक संगीत नृत्य नाटक सहित श्रव्य तथा प्रदर्शनजन्य लोककलाहरूको अध्ययन अनुसन्धान र संरक्षणका लागि पनि वजेट व्यवस्था गरेको छ । शान्ति सुरक्षा तथा सञ्चार क्षेत्रको विकासका लागि ६४ करोड ३३ लाख २० हजार बजेट विनियोजन गरिएको छ । यसका साथै मधेश प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि पनि बजेट विनियोजन गरिएको अर्थमन्त्री साहले पेश गर्नुभएको बजेटमा उल्लेख छ ।
यसअघि मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजारको बजेट ल्याएको थियो । जसमा चालूतर्फ १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात् ४६.२६ प्रतिशत रकम विनियोजन गरिएको थियो । जसमा पुँजीगततर्फ १८ अर्ब ५ करोड ८० लाख ८३ हजार अर्थात ५३.४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १० करोड अर्थात ०.३० प्रतिशत विनियोजन गरिएको थियो ।

## यादव...

गठबन्धनभित्रै नयाँ समीकरण बन्ने र कतिपय पार्टी विभाजित हुने बताएका छन् ।
निर्वाचन भएको एक महिना बितिसम्दा पनि पार्टीको औपचारिक बैठक बस्न सकेको छैन । निर्वाचनमा ल्याएको परिणाम पार्टीको आकलन र हैसियतअनुसार नै हो कि कमजोर भयो भन्ने विषयमा समेत समीक्षा भएको छैन । यी सबै विषयले जसपाभित्रको विवाद आन्तरिक लोकतन्त्रको विषयभन्दा माथि उठेको हो कि भनेर अनुमान गरिन थालिएको छ ।
विश्लेषकहरूका अनुसार यादव र भट्टाराइको विभाजन प्राकृतिक कारण रोकिनुपर्ने आधार नै छैन । अहिलेसम्मको एकता स्वार्थ र विभिन्न शक्तिको जगमा अडिएको र अब यसको निरन्तरता सैद्धान्तिक, व्यवहारिकरूपमै सम्भव नहुने उनीहरूको तर्क छ ।

# मल उपलब्ध गराउन भारतीय प्रधानमन्त्री सकारात्मक : कृषिमन्त्री

काठमाडौं । कृषि तथा पशुपंछी विकास मन्त्री महेन्द्रराय यादवले नेपाललाई रासायनिक मल उपलब्ध गराउन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सकारात्मक रहेको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उनले भने, 'रासायनिक मलको बिषय सबैको साझा समस्या हो । सबैले गम्भीरताका साथ हेर्नुपर्छ । अप्रिल १ देखि ३ तारिखसम्मको भारत भ्रमणको क्रममा पनि दुवै देशको प्रधानमन्त्रीबीच यसबारे कुरा भएको थियो । भारतीय प्रधानमन्त्री मोदीजी नेपाललाई मल उपलब्ध गराउन सकारात्मक हुनुहुन्छ ।'
नेपालका खाद्य सुरक्षाको ग्यारेन्टी गर्नलाई ऐन बनेको भन्दै उनले नियमावली बन्न नसकेकाले समस्या भएको बताए । विश्व बजारमा आएको असहजताकै कारणले मल ल्याउन समस्या भएको बताए । २ लाख २२ हजार मेट्रिक टन मल उपलब्ध नगराएको कारणले समस्या भएको उनको भनाई छ । सयमै मल उपलब्ध गराउन नसक्ने कम्पनीलाई कारबाही गरिरहेको उनले बताए । १ लाख ९७ हजार मेट्रिक टन मल वितरण भइसकेको समेत उनले संसदमा जानकारी दिए ।

# भारतीय टोलीद्वारा निवृतिभरणसम्बन्धी समस्या समाधान

काठमाडौं । सेवा निवृत्तिभरण बितरण केन्द्र (पेन्सन पेइङ अफिस पिपिओ) धरानबाट आएको टोलीले इण्डियन वेल्फेयर सेन्टर ताप्लेजुङमा आफ्ना सेवाग्राहीहरूका नीतिगत समस्याबुझ्ने र तत्काल गर्न सकिने समस्या समाधान गरेको छ ।
मेजर भरत कानोजियाको नेतृत्वमा आएको टोलीले पूर्व भारतीय सेनामा कार्यरत रहि सेवानिवृत भइसकेकाहरूको पेन्सन कागजातका समस्या निवारणका उपाय बारे बताएको हो । सो अवसरमा जीवित प्रमाणपत्र समेतको प्रकृया र पद्धतिबारे पनि जानकारी प्रेषित गरिएको इण्डियन वेल्फेयर सेन्टर ताप्लेजुङका प्रमुख ताराप्रसाद श्रेष्ठले जानकारी दिए ।
उनका अनुसार यो अवसरमा सेवा निवृत्तिभरण वितरण केन्द्र धरानको टोलीले सेवा निवृत्त सदस्य तथा उनका परिवारलाइ सेवा प्राप्तिको क्रममा हुने गइरहेका र भइरहेका समस्या राख्न आग्रह गरेको थियो ।

# जानकी मन्दिरलाई कुरूप बनाएर भ्रष्टाचार गऱ्यो : महन्त दास

जनकपुरधाम । जानकी मन्दिरका महन्त रामतपेश्वर दासले मधेश सरकारले सौन्दर्यीकरणका नाममा जानकी मन्दिरलाई कुरूप बनाउने काम गरेको आरोप लगाएका छन् । मंगलबार मन्दिरमा पत्रकार सम्मेलन गर्दै महन्त दासले सौन्दर्यीकरणका नाममा मधेश सरकारले मन्दिरलाई कुरूप बनाउँदै भ्रष्टाचार गरेको आरोप लगाएका हुन् । मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत भएको मन्दिर सौन्दर्यीकरणका क्रममा गुणस्तरहीन निर्माण सामग्री प्रयोग भएको र मन्दिरको स्वरूपलाई कुरूप बनाएर भ्रष्टाचार गरेको उनको आरोप छ ।
'१२७ वर्षअघि टिकमगढकी रानीले मार्बल लगाउनुभएको थियो । अहिलेसम्म त्यो मार्बलमा केही भएको थिएन । प्रदेश सरकारले मन्दिर परिसरमा मार्बल लगायो । तर, एक वर्ष पनि टिक्न सकेन । ठाउँठाउँमा टुटफुट भएको छ । राम्रो फलामको ढोकालाई हटाएर जस्तापाताको ढोका लगाइयो । जसले गर्दा जानकी मन्दिरलाई कुरूप बनाउने काम गरियो ।' उनले भने । महन्तले भने, 'जानकी मन्दिरलाई पटकपटक तोडफोड गरियो । मन्दिरको राम्रो संरचनालाई तोडफोड गरी खराब सामग्री लगाइएकाले विश्व सम्पदा सूचीमा सूचीकृत हुन नसक्दैन ।'

## आर्थिक समाचार

# सूर्या लाइफको 'एजेन्सी रिफ्रेस्मेन्ट तथा उत्प्रेरणामूलक कार्यक्रम' सम्पन्न




रूपन्देही । सूर्या लाइफ इन्स्योरेन्सले लुम्बिनी प्रदेशमा "एजेन्सी रिफ्रेस्मेन्ट तथा उत्प्रेरणामूलक कार्यक्रम" एक भव्य समाहरोको आयोजना गरी करिब दुई सयभन्दा बढी आभिकर्ताहरू माझ सम्पन्न गरेको छ । प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्काको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रममा बुटवल, बर्दघाट, सुनवल, परासी, मुर्गिया, मणिग्राम, भैरहवा र मर्चबारबाट अभिकर्ताहरूको उत्साहजनक सहभगिता रहेको थियो । प्रदेश प्रमुखकिरण गौतमको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा वरिष्ठ अभिकर्ता कमल घिमिरे, माधव शर्मा र विष्णु पंगेनीहरूले आफ्ना सफलताका शूत्रहरू अभिकर्ताहरू माझ साटेका थिए । सूर्या लाइफको "मेरो पहिलो पोलिसी" अभियान अन्तर्गत आफ्नो पहिलो पोलिस हासिल गर्न सफल नयाँ अभिकर्ताहरूलाई प्रमुख कार्यकारी अधिकृतले सम्मान गरे । साथै उपस्थित अभिकर्ताहरूलाई उत्प्रेरणामुलक सन्देश तथा उपलब्धिमूलक प्रशिक्षण दिएका थिए । बीमितहरूको सेवालाई प्रथमिकतामा राखी अघि बढेमा कम्पनीको व्यवसाय अवश्य बृद्धि हुने भने । अभिकर्ताहरू नै कम्पनीको मेरूदण्ड भएको र उनीहरू मार्फत नै आम जनतामा कम्पनीको सेवा तथा सुविधा पुर्याउन सहज भएको बताए । समयको सही सदुपयोग, मेहनत र लगनशीलताका साथ अघि बढेमा सफलता सुनिश्चित रहेको जानकारी पनि गराए । उक्त कार्यक्रमबाट अभिकर्ताहरूले नयाँ जोस, जाँगर र थप हौसला प्राप्त गरेको कुरा व्यक्त गरे ।

# ग्लोबल आइएमई र बीओके गाभिने



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडबीच एक आपसमा गाभ्न गाभिनको लागि बिहीबार प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । समझदारीपत्रमा ग्लोबल आइएमई बैंकको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा बैंक अफ काठमाण्डू लिमिटेडका तर्फबाट बैंकका अध्यक्ष प्रकाश श्रेष्ठले हस्ताक्षर गरेका छन् । मर्जर पश्चात् बन्ने नयाँ बैंकको नाम ग्लोबल आइएमई बिओके लिमिटेड हुने र सञ्चालक समितिमा ग्लोबल आइएमई बैकको तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकाल सहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहने सहमति भएको छ । त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतको रूपमा रत्नराज बज्राचार्य रहने प्रारम्भिक सहमति भएको छ । ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडको सम्पत्ति तथा दायित्वको मूल्याङ्कनबाट शिफारिस भई आउने स्वाप रेसियोबाट अन्यथा कायम हुन आएमा सोही अनुसार समायोजन हुने गरी हाललाई १:१ को स्वाप रेसियो कायम गर्ने प्रारम्भिक समझदारी भएको छ । २१ वटा बैंक तथा वित्तीय संस्थाहरू गाभिएर बन्ने ग्लोबल आइएमई बिओके लिमिटेडमा ५ वटा क वर्गका वाणिज्य बैंक, १० वटा विकास बैंक तथा ६ वटा फाइनान्स कम्पनी समाहित हुनेछन् । मर्जर पश्चात् बैंकको कूल पुँजी रू. ५२.२९ अर्ब, चुक्ता पूँजी रू. ३४.४१ अर्ब, कूल निक्षेप रू. ३८४ अर्ब, कूल कर्जा रू. ३८० अर्ब सहित कूल पुँजी, चुक्ता पुँजी तथा व्यवसायको आकारको हिसाबले नेपालको सबै भन्दा ठूलो बैंक हुनेछ । साथै, दुवै बैंकले जेष्ठ मसान्त सम्म ६ अर्ब रूपैयाँ भन्दा बढी खुद नाफा आर्जन गरी सकेका छन् । दुई बैंकहरूको ३८५ शाखा कार्यालय, ३६७ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६१ विस्तारित शाखा कार्यालयहरू, ३ वटा विदेश स्थित सम्पर्क कार्यालयहरू, ३७ लाख भन्दा बढि ग्राहकहरू सहित अन्य धेरै वित्तीय परिसुचकहरूमा ग्लोबल आइएमई बिओके लिमिटेड मुलुकको सबै भन्दा ठुलो बैंक हुनेछ ।

बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं